विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती

## नाटक-अङ्क-३



८९

ISSN 2362-1117
Vaijayanti Nrs. 100.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १६ अङ्क ५ पूर्णाङ्क ८९ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८० पुस-माघ

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**

**शब्दार्थ प्रकाशन**
***चाबेल, काठमाडौं***

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना - वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्।

# सम्पादकीय

● नाट्यशास्त्रका विषयमा अनेक चिन्तन र अनुचिन्तन भएका छन् । नाट्य चिन्तन परम्परामा पश्चिमी चिन्तक एरिस्टोटलको अनुकरण होस् वा पूर्वीय चिन्तक भरतको अभिनय चिन्तन होस् यी दुवैले अनुकरणलाई महत्त्व दिएका छन् । साहित्यका अन्यविधाका तुलनामा नाटक अनुकरणप्रधान रचना हो । यस अनुकरण गुणकै कारण यो सर्वसाधारण दर्शकदेखि प्रबुद्ध पाठक/दर्शकसम्मको साझा विशेष विधा हो ।

आधुनिक शिक्षाले देखेर छिटो सिकिन्छ भन्ने प्रमाणलाई पुष्टि गर्दै ल्याएको छ । सामान्य दृष्टिले पनि यस कुरालाई बुझ्न सकिन्छ । प्रकृति र जीवनसित सम्बन्धित केही क्रियाव्यापारहरूको ज्ञान हुनासाथ शिशुहरू आफ्ना परिवेश, प्रवृत्ति, चाहना आदिका विषयमा अनुकरणात्मक प्रतिक्रिया दिन थाल्दछन् । बोली नफुट्तैका शिशुले इसाराबाट कतिपय कुरा बुझ्न थाल्छन् । क्रमशः विनादवाव आफ्नै क्रीडामा पशुपन्छी आदिका बोली र क्रियाका साथै आदर्श तथा सरसङ्गतका व्यक्तिहरूका हावभाव, व्यवहार, बोलीवचन, वेशभूषा र कार्यव्यापार समेतको अनुकरण गर्न थाल्छन् । यी काम सिक्न र गर्न शिशुलाई कति पनि गाह्रो भएको हुँदैन । यस्ता अनुक्रियाका माध्यमबाट उनीहरू जीवनका निम्ति आवश्यक पर्ने पाठ सिक्दै जान्छन् । नाटकको विकास पनि प्राचीन मानवका यस्तै जीवनका पाठ सिक्ने क्रिया र अनुक्रियाबाट भएको मान्न सकिन्छ ।

अनुकरणको पारिभाषिक अर्थ गहिरो भए पनि यसको मूल तात्पर्य नक्कल गर्नु हो । यही अनुकरणका निकटमा अभिनयको पनि अर्थ रहेको छ । अभिनयको अर्थ कुनै कुरा कसैसामु क्रियात्मक रूपमा लैजानु नै हो । आचार्य भरतको कथनअनुसार जसद्वारा भावहरुको क्रियात्मक अभिमुखीकरण हुन्छ त्यही नै अभिनय हो । उनका अनुसार अभिनयका चार प्रकार छन् : आङ्गिक, वाचिक, आहार्य र सात्त्विक । यो अभिनयद्वारा प्रस्तुत गरिने विधा भएकाले यसको सामाजिक प्रभाव ज्यादै छिटो हुन्छ । त्यसै कारण पनि यस विधालाई एउटा ज्ञानका शाखाका रूपमा र सिर्जना वा कलाका शाखाका रूपमा लिएको हुनुपर्छ ।

नाटकको पृष्ठभूमिलाई नियाल्दा अनुकरणमूलक वृत्तिबाट नृत्त, नृत्य, लोकनृत्य, भावाभिनय आदिको क्रम र ज्ञानपछि बल्ल नाटक आभिनयको परम्परा आरम्भ भएको हुन सक्छ । त्यसैले यस विधाको विकास खेल, नृत्य, लीला हुँदै ज्ञान, चेतना, उपदेश आदि प्रसारका लागि र मनोरञ्जनका लागि पनि भएको मान्न सकिन्छ । यो विधाको लोकप्रियता भने लेखनसँग मात्र नजोडिएर रङ्गमञ्चसँग जोडिएर प्रकट हुने यथार्थलाई बिर्सनु हुँदैन ।

माथिको अनुचिन्तन लोकसापेक्ष चिन्तन हो । पूर्वीय आचार्य भरतको *नाट्यशास्त्र*मा उल्लेख भएअनुसार जगत् सृष्टिकर्ता ब्रह्माले ऋग्वेदबाट आख्यान र संवाद, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय र अथर्ववेदबाट रस लिएर नाट्यवेदको रचना गरेको सन्दर्भ छ । यसो किन भनियो भन्ने भरतकालीन ग्रन्थकारहरुका आशयबाट बुझिन्छ । त्यस वेला नयाँ ग्रन्थको महत्त्व दर्शाउने र पूर्ववर्ती महत्त्वपूर्ण ग्रन्थका नाम जोड्ने प्रचलन नै थियो । यसको अर्थ आजको वैज्ञानिक युगमा हुबहु त्यस्तै इतिहास बनाउनु अज्ञानी र अवैज्ञानिक हुनु हो भन्ने हुन्छ । वास्तवमा नाटक लोकपरम्परा र बौद्धिक कसरत एवम् सिर्जनात्मक सामर्थ्यको अनुकरणीय विधा हो । यस विधाको विकास र विस्तार हाम्रो पनि आभीष्ट हो ।

● **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ। आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौँ ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइड**मा **वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

## यस अङ्कमा


| क्रम नाटक | नाटककार | पृष्ठ |
|---|---|---|
| १. भूमिका | गङ्गा बस्नेत | ५ |
| २. दायित्व | चन्द्रकान्त अधिकारी | ११ |
| ३. आभास | नवराज रिजाल | १७ |
| ४. प्रज्ञानी सडक | बाँस्कोटा धनञ्जय | ३५ |
| ५. हामी सबै मिलेपछि | बाबुराम पोखरेल | ४१ |
| ६. खोलालाई नालिस | महेश्वर शर्मा | ५० |
| ७. स्वच्छ वातावरण | रञ्जुश्री पराजुली | ५४ |
| ८. प्रेमको मूल्य | ललिता 'दोषी' | ५७ |
| ९. मञ्जुश्री | वसन्तकुमार शर्म्मा 'नेपाल' | ६४ |
| १०. सुदिनको ढोका खोलौं | सूब सेन | ७१ |


## स्थायी स्तम्भ


**पुछारको पातो** - केही नाट्य चिन्तन एवम् सिर्जन परम्परा

डा. रमेश शुभेच्छु ८९


**आवरण चित्र** - सुबोध घिमिरे, क्यालिफर्निया, अमेरिका ।


**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher. com/


वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**अब हाम्रो पालो**

मुक्तक, गजल, लघुकथा, गीत आदि अङ्क ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिबारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी. (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |
| अङ्क ७३. डा. प्रदीपकुमार मैनाली (गजल) | अङ्क ७४. तिलस्मी प्रभास (मुक्तक) |
| अङ्क ७५. प्रा.डा. कृष्णचन्द्र शर्मा (समीक्षा) | अङ्क ७६. पुण्य कार्की (निबन्ध) |
| अङ्क ७७. हरि थापा (गद्यकविता) | अङ्क ७८. कलानिधि दाहाल (छन्दकविता) |
| अङ्क ७९. जीवराज भट्टराई (संस्मरण) | अङ्क ८०. कृष्ण बाउसे (हाइकू) |
| अङ्क ८१. प्रेम राई परीक्षित (लघुकथा) | अङ्क ८२. कलाधर काफ्ले (विदेशयात्रा) |
| अङ्क ८३. प्रा.डा. लक्ष्मणप्र. गौतम (अन्तर्वार्ता) | अङ्क ८४. शिव त्रिपाठी (छन्दकविता) |

# भूमिका

गङ्गा बस्नेत



पात्रहरू - अप्सरा - हजुरआमा, विष्णु - हजुरबुबा, विनोद - बाबा, आस्था - आमा, आदिल - छोरा, अदृशा - छोरी, निशान, क्षितिज र साथीहरू, निकी - कार्यक्रम सञ्चालक

**दृश्य- १**

नेपथ्यबाट- नमस्कार श्रोतावृन्द ! यहाँहरूलाई कार्यक्रम सफल व्यक्तित्वमा हार्दिक स्वागत गर्दछु । आज हामीसँग यस्ता व्यक्तित्वहरू हुनुहुन्छ, जसले विदेशमा पाएको सीप र कमाएको आर्जनलाई स्वदेशमै बसी बसी सदुपयोग गरिरहनुभएको छ । उहाँहरू हुनुहुन्छ 'मिलिजुली कृषि फार्म'का सञ्चालकहरू विनोद पराजुली र उहाँकी जीवनसङ्गिनी आस्था पराजुली । उहाँहरू विगत लामो समयदेखि जापानिज प्रविधिबाट नेपालमै कृषि गरिरहनुभएको छ र उहाँहरूका उत्पादनले अहिले देश तथा विदेशमा धमाका मच्चाएका छन् भन्दा फरक नपर्ला ।

कार्यक्रम सञ्चालक - कार्यक्रममा स्वागत छ यहाँहरूलाई ।

पाहुना - (एकैसाथ) धन्यवाद !

सञ्चालक - तपाईंहरूको जोडी र फार्म टिकटकमा नि निकै भाइरल छ । मैले सरलाई सोध्न चाहें सर ! कुनै पनि पुरुषको सफलतामा नारीको हात हुन्छ भन्छन् । आज जुन उचाइमा हजुर पुगिरहनुभएको छ, त्यसको पछाडि पक्कै म्याडमको हात होला नि ! होइन त सर ?

विनोद - तपाईंले बडो राम्रो कुरा उठाउनुभयो । महिला र पुरुष सफल हुनुमा एकाअर्काको हात पक्कै हुन्छ तर हाम्रो कहानी अलि फरक छ ।

सञ्चालक - कस्तो फरक सर ?

विनोद - हाम्रो यो सफलतामा एकअर्काको साथ सहयोग त पक्कै छ तर आज हामी जे छौं, जस्तो छौं त्यसमा हाम्रा छोराछोरीको हात छ । आज यो कुरा

म श्रोताहरूलाई नि जानकारी गराउन चाहन्छु । कुरा धेरै अगाडिको हो .....।

## दृश्य- २

(आदिल मोबाइलमा गेम खेल्दै हुन्छ, अदृशा टिकटक बनाउँदै हुन्छे । दीपक टन्न रक्सी धोकेर आउँछन् ।)

दीपक - (मातिँदै) उस् उस् उस् ! काम पाइनस् बुहारी गुन्द्रुकमा आइरन ला । एउटा महाराज खेलमा व्यस्त अर्की महारानी टिकटकमा व्यस्त । (अदृशाको नजिक जाँदै ) लौ त महारानी ! मेरो पनि आज एउटा टिकटक बनाइदिनुपर्‍यो ।)

अदृशा - (नाक थुन्दै ) छि ! छि ! कस्तो गनाएको, उता जानुस् ।

दीपक - (हात पन्छाइदिँदै ) किन जाने म उता ? यो त मेरो घर हो बुझिस् ? मेरै बारी मेरै घाँस, जगल्टाको नास ? (अप्सराको प्रवेश हुन्छ ।)

अप्सरा - फेरि सुरु भइसक्यो रामायण ? एकछिन आँखा झिमिक्क गर्न नपाईकन कति चाहिँ धोक्न सकेको होला ?

दीपक - (औंला ठड्याएर चेतावनी दिँदै ) सट अप ! (ऊ लर्बरिँदै भित्र पस्छ )

आदिल - हजुरआमा ! अब त हामी आफ्नो काम आफैं गर्न सक्ने भइसक्यौं । बरु हामी हाम्रै घरमा बस्छौं नि ।

अदृशा - हो हजुरआमा, यस्तो वातावरणमा हाम्रो भविष्य कसरी बन्छ ? एक दिन होइन, दुई दिन होइन । हजुरबा सधैं रक्सी खाएर रडाको निकाल्नुहुन्छ । हजुरलाई नि टेन्सन भइसक्यो । अब त हामी हाम्रै घर जान्छौं । (दीपक फर्केर आउँछ ।)

दीपक - (अप्सरालाई ) देखिस् ! अर्काको बाछाबाछी चाट्यो मुखभरि रौं ।

अप्सरा - (समातेर भित्र घचेटिदिँदै) कति बोल्न सकेको होला यो जाँड । जहिल्यै बीचमा प्याच्च बोलेको छ । (फर्केर आउँछे )

आदिल - देख्नुभयो हजुरआमा, हजुरबाको मुख कति छुच्चो छ ।

अप्सरा - त्यसो नभन बाबु ! खाएर आएको बेलामा मात्रै यसो गर्ने हुन् नि अघिपछि त देवताजस्तै छन् । अब तिमीहरूका ड्याडीममी आएपछि सल्लाह गरौंला । (केही सम्झे जसरी ) अँ साँच्ची, अघि आस्थाले फोन गरेकी थिई । तिमीहरू दाजुबहिनीकै फोन उठेन रे ! एकपटक ममीलाई फोन गर रे ! (अप्सरा छरपस्ट भएका लुगाहरू टिपेर भित्र जान्छे ।)

आदिल - (फोन गर्छ )

आस्था - हेलो बाबु, मैले कति फोन गरें, दुवैजनाको फोन पनि उठेन । बहिनी के गर्दै छे नि ?

आदिल - (झुटो बोल्दै ) ऊ त परीक्षाको लागि पढ्दै छे । (बहिनीपट्टि हेर्छ, बहिनी खुसी हुँदै दाजुलाई लाइकको सङ्केत गर्छे र टिकटकमै व्यस्त हुन्छे ।)

आस्था - बाबु ! तिमी साथीहरूसँग घुम्न जाने भनेर मैले २०,००० तिम्रो एकाउन्टमा हालिदिएको छु, त्यही भन्नलाई गरेको ।

आदिल - थ्यान्क यु मम ।

अदृशा - (दगुर्दै आएर फोन लिन्छे ।) अनि मामु मलाई आइफोन चाहिँ ?

आस्था - अर्को महिनामा एकजना साथी नेपाल आउँदैहुनुहुन्छ । उहाँलाई पठाइदिन्छु ।

अदृशा - यसपटक त पक्का नि मामु ।

आस्था - बाबा पनि यहीँ हुनुहुन्छ, कुरा गर है ।

अदृशा - ह्या मामु, पछि कुरा गरौँला । (फोन काटिदिन्छे । उताबाट आवाज आउँछ - हेलो.... हेलो । फोन नै काटेजस्तो छ । पर्दा बन्द हुन्छ ।)

## दृश्य- ३

(आदिल साथीहरूसँग स्कुलबाट फर्कँदै हुन्छ ।)

निशान - आदिललाई पो मोज छ । ड्याडीममी दुवैजना जापानमा । जे जे भन्यो, त्यही त्यही पुराइदिनुहुन्छ । कति लक्की छस् यार तँ त । आफ्नो मात्रै सधैँ उही थोत्रो मोबाइल, उही थोत्रो जुत्ता, उही थोत्रो घडी ।

क्षितिज - हो नि । यो त असाध्यै भाग्यमानी छ ।

आदिल - भाग्यमानी म होइन यार, तिमीहरू चाहिँ भाग्यमानी छौ । थोत्रै चिजबिज प्रयोग गरेर भए पनि आफ्नै बाबुआमासँग त छौ । आफू त मामाघरमा छु । त्यो हजुरबुबाको चाला देखेर दिक्क लाग्छ ।

सौहार्द - के भो त यार, टन्न पैसा खर्च गर्न पाइहालेको छस् । आज मैले पनि आमासँग अलिअलि गाँठ फुत्काएको छु । बरु जाऔँ क्याफेतिर ।

आदिल - जाऔँ त जाऔँ । हजुरबाको किचकिच सुन्न के अहिल्यै घर जानु त । (सबै जान्छन् )

## दृश्य- ४

(अप्सरा भुतभुताउँदै आउँछिन्)

अप्सरा - आज छोरीज्वाइँ आउने भनेको । लिन जान हतार भइसक्यो । दुइटै कता गए छन् ? (बोलाउँदै) आदिल ! ए आदिल ! (झिँजो मान्दै) बरु ढुङ्गो बोल्ला, यो केटो बोल्दैन त । बहिनी चाहिँ नि छैन जस्तो छ । अदृशा .....! ए अदृशा .....!

अदृशा - हजुर (नक्कल पार्दै आउँछे)

अप्सरा - आदिल खोइ त नानी ?

अदृशा - आज बिदाको दिन दाइको कहाँ घरमा बास हुन्छ र ? अब म पनि साथीहरूसँग घुम्न जान लागेकी । (फुर्किंदै) हजुरआमा मलाई कस्तो देखिएको छ ?

अप्सरा - कस्तो देखिनु नि तोरीबारीमा भैंसी हिंडे जस्तो देखिएको छ । (रिसाउँदै ) उतिमाथि, हिजै भोलि त बाबुआमा लिन जानुपर्छ भनेको त । एउटा हिंडिसकेछ, अर्को आएर हजुरआमा मलाई कस्तो देखिएको छ, म पनि घुम्न जान लागेको भन्छे । होइन, तिमीहरूलाई अलिकति नि बाबुआमाको माया लाग्दैन भन्या ?

अदृशा - उहाँहरूले हाम्रो माया गरेको भए पो हामीले नि गर्नु । माया लागेको भए दुवैजनाले छोडेर जानुहुन्थ्यो । (ऊ फन्किँदै जान्छे ।)

अप्सरा - रामराम ! उनीहरूकै लागि रातदिन अर्काको मुलुकमा खाइ नखाइ दुःख गर्छन् । अहिले आएर हामीलाई माया गऱ्या छ र भन्छन् । के गर्नु बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि ।

(पर्दा बन्द हुन्छ ।)

**दृश्य- ५**

(सबैजना कोठामा बसेर गफ गर्दै हुन्छन् ।)

आस्था - के गर्नु, छोराछोरीको भविष्य बनाउन भनेर रातदिन दुःख गऱ्यो । यहाँ त आफू ताक्छु मुढो बन्चरो ताक्छ घुँडो जस्तो भइसकेछ । गर्दा-भन्दा फर्कने दिन आइसक्यो, छोराछोरी एकदिन पनि ममीबाबा भनेर झुम्मिन आएका छैनन् ।

विनोद - त्यही त मलाई नि यही पिरलोले भित्रभित्रै खाइरहेछ । छोराछोरीको घरमै बास नहुने रहेछ, कहाँ जान्छन्, कस्ताको सङ्गत गर्छन् । केही थाहा छैन । बल्लतल्ल घर आउँछन्, कोठामा ड्यापढुप्प ढोका लगाएर बस्छन् । पढेको पनि एउटा देखिन्न ।

अप्सरा - हुन त हिंड्ने बेलामा टेन्सन बोकाउन मलाई नि मन थिएन तर अब यिनीहरू राम्रो होलान् जस्तो मलाई पनि लागेन । अरूले जति गरे नि अरूको लाख बाबुआमाको काख भन्छन् । मिल्छ भने अब ज्वाइँ मात्रै गए हुन्न र नानी ?

आस्था - भन्ने बित्तिकै कहाँ सजिलो छ र ममी ? (आदिल आइपुग्छ, आदिलतिर फर्किएर ।) बाबु, कहाँ गएर आएको ? आऊ, यहाँ बस ।

आदिल - ह्या ममी, म टायर्ड भएर आएको छु । म त गएँ रेस्ट गर्न । (ऊ सरासर जान्छ, अदृशा आउँछे)

अदृशा - (एक्साइटेड हुँदै ) ममी हेर्नू त, अस्ति साथीहरूसँग बनाएको टिकटक

भाइरल भएछ ।

आस्था - ए हो त रहेछ । (नजिक पार्न खोज्दै) हामीसँग पनि आज एउटा टिकटक बनाऊ न त छोरी । न भाइरल बनिहाल्छ कि ?

अदृशा - ममी पनि हँसाउनुहुन्छ । कहाँ बूढाबूढीसँग बनाएको टिकटक नि भाइरल हुन्छ त । (ऊ हाँस्दै भित्र छिर्छे, अरू हेरेको हेऱ्यै हुन्छन् ।)

**दृश्य- ६**

(आस्था र विनोद विदेश जाने तयारी अवस्थामा हुन्छन् टीकाटालो हुन सुरु हुन्छ ।)

आस्था - छोराछोरी कता गएछन् ? हिँड्ने बेला भइसक्यो । पुऱ्याउन जालान् कि भनेको त अत्तोपत्तो छैन ।

विनोद - आदिल, अदृशा ! तिमीहरू कता हरायौ ? हामीलाई ढिलो भइसक्यो ।

आदिल, अदृशा - (भित्रबाट आवाज आउँछ) आइहाल्यौं बाबा । दुवैजना सुटकेस गुडाउँदै आउँछन् ।)

अप्सरा - लौ यिनीहरू त बाबुआमासँगै जान पाइएला जसरी सुटकेस पो गुडाउँदै आए त ।

आस्था - त्यही त भनेको । तिमीहरूको चाहिँ कताको तयारी हो र ?

अदृशा - (भावुक हुँदै) हामी पनि जान लागेको ममी ।

आस्था - (अचम्भित हुँदै द्विविधामा परेर) कहाँ जान लागेको ?

आदिल - अनाथ आश्रम मामु ।

विनोद - किन ? केही डोनेसन गर्न ?

आदिल - होइन ड्याड, सधैंको लागि बस्न ।

अप्सरा - के भन्छन् यिनीहरू, कोही नभएका मान्छे पो अनाथ आश्रम जान्छन् ।

अयुशा - ( आँसु झार्दै) हो हजुरआमा हामीलाई त्यस्तै भयो । बाबाममी सधैं विदेश । हामी कतिन्जेल तपाईंलाई दुःख दिएर बस्ने ?

आस्था - तर बाबु, हामी तिमीहरूकै लागि त जान लागेको हो नि ।

आदिल - हजुरहरूसँग टाढा बसी बसी हाम्रो बालापन गइसक्यो । के अब हामीले हजुरहरूसँग चाहेर पनि हाम्रो बालापन बिताउन सक्छौं ?

अदृशा - के पैसा नै सबैथोक हो मामु ? लक्ष्मीप्रसाद देवकोटा, अब्राहम लिङ्कन, थोमस एल्बा एडिसन पैसाले ठूला भएका हुन् त ?

आदिल - (विनोदतिर जाँदै) बाबा, हजुरहरूले सिकेको सीप र कमाएको पैसाले देशमै बसेर केही गरे हुन्न ? हाम्रो यो किशोरअवस्थालाई गोडमेल गर्न छोडेर विदेश जानु अनिवार्य छ ?

विनोद - हामीलाई माफ गरिदेऊ बाबु, हामीले तिमीहरूको लागि दुःख त गरेछौं तर मेलोमेसो मिलेनछ । आज त हामी जानैपर्छ । हामी प्रमिस गर्छौं कि

अब केही दिनमै हामी सबै हिसाब किताब मिलाएर फर्कन्छौं ।

आस्था - हो बाबु, आज हाम्रो आँखा राम्रोसँग खुल्यो । सबैभन्दा अमूल्य धन भनेको आफ्ना सन्तान हुन् । तिमीहरू बिग्रेर, नासिएर गयौ भने यो खोक्रो धनको के काम ?

अदृशा - (आस्थालाई अँगालो हाल्दै) थ्यान्क यु ममी । अब चाँडै नै फर्केर आउनुहोला । हजुरहरूको मायालु स्पर्शले मात्रै पनि हामीलाई भविष्य निर्माणको लागि अदम्य शक्ति दिन्छ ।

विनोद - जाऊ सुटकेस राखेर आऊ अनि एयरपोर्टसम्म हामीलाई पुऱ्याउन जानुपर्छ ।

आदिल, अदृशा - हुन्छ ।

(भित्रबाट आएपछि प्रसन्न मुद्रामा सँगै एयरपोर्ट जान्छन् ।)

नेपथ्यबाट - अहो ! तपाईंहरूको कहानी त बडो चाखलाग्दो रहेछ । अब मैले म्याडमलाई सोध्न चाहें । अहिले हजुरका छोराछोरी के गर्दै छन् त ?

आस्था - छोरो कृषि विशेषज्ञ भएर काम गर्दै छ । छोरी वरिष्ठ स्त्रीरोग विशेषज्ञ भएर सेवा प्रदान गर्दै छिन् ।

सञ्चालक - अब अन्त्यमा हजुरहरू श्रोताहरूलाई केही भन्न चाहनुहुन्छ ?

आस्था - यतिन्जेल हामीलाई सुन्नुभएकोमा धन्यवाद ! तपाईंहरू पनि आफ्ना छोराछोरीको भविष्यको लागि कसैको जिम्मामा छोराछोरी छोडेर जाँदै हुनुहुन्छ भने हतारमा निर्णय नलिनुहोला । कुमालेले भाँडा बनाउन मुछेको काँचो माटो जस्तै छोराछोरीको भविष्य निर्माणमा पैसाको भन्दा पनि अभिभावकत्वको खाँचो हुने रहेछ । यदि छोराछोरीलाई आफूसँग लग्न मिलेन भने बरु हामीले जस्तै आफ्नो सीप र आर्जन देशमै खर्च गर्नुहोला । यसो गर्दा आफ्नो उद्देश्य पनि पूरा हुने, नेपाल आमाको पनि सेवा हुने । हवस् त धन्यवाद !

अन्तर्वार्ता-१, हाइकु-१, पूर्वस्मृति-१, गीत-३, चाड/पर्व/संस्कृति-३, लघुउपन्यास-२, नाटक/एकाङ्की-३, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-८, संस्मरण-८, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१३ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

९० औं अङ्क **मुक्तक-अङ्क ५** हुनेछ ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी

shabdarthaprakashan@gmail.com

मा पठाउन सक्नुहुनेछ ।

# दायित्व

**चन्द्रकान्त अधिकारी**



(एस. पी. 'कान्तिपुर' पढ्दै थिए । त्यत्तिकैमा ढोकामा घण्टी बज्छ ।)

एस. पी. - ए, को आएछ ? हेर्न जा त लालबहादुर ।

लाले - हुन्छ साप ! (लाले गएर ढोका खोल्छ) कसलाई खोज्नुभएको ? (आगन्तुक अनकनाउँछ ।)

लाले - किन नबोल्नु भा' हो ! छिटो भन्नोस् । कसलाई खोज्नु भा' हो ।

आगन्तुक - म त मुकेश बाबुलाई पढाउन आएको । एस. पी. साहेब कहाँ हुनुहुन्छ ?

लाले - त्यसो भए पर्खनुस् । (लाले साप भएनिर जान्छ र भन्छ) - मुकेश बाबुलाई पढाउन आएको भन्छ, के तपाईंले भनेको मास्टर त होइन ?

एस. पी. - ए होला पनि । भित्र डाक त त्यसलाई । (लाल बाहिर गएर मास्टरलाई डाक्छ ।)

मास्टर - (भित्र पसेपछि एस. पी. भएको ठाउँमा गएर) नमस्कार हजुर ।

एस. पी. - (घुमाउरो कुर्सीबाट घुम्दै) सलाम, सलाम ! मुकेशलाई पढाउन आएको ?

मास्टर - हजुर !

एस. पी. - ठीक छ, पैसाको चिन्ता नगर । बरु भोलिदेखि नै पढाउन सुरु गर । तिमीजस्ता अरू धेरै मास्टर आएका थिए । लाख-लाख कोसिस गरेथें तर मेरो छोरोलाई सुधार्न कसैले सकेनन् । हेरौं, अब कस्तो हुन्छ । अँ, शिक्षा कति छ नि ?

मास्टर - एम. ए. ।

एस. पी. - बेरोजगार ।

मास्टर - हजुर ।

(त्यत्तिकैमा एस. पी.को छोरो कता-कताबाट त्यहीँ आइपुग्छ । मास्टर

ले सोच्छ - लामो कपाल, कानमा टप लगाएको, रक्सी गन्हाएको ।)

एस. पी. - यही हो मेरो छोरो । अँ, मुकेश, तेरो मास्टर । चिनिस् ? लाले ! जा सरलाई मुकेशको कोठा चिनाइदे, अनि जा मुकेश तँ पनि सरसित । (लाले सरासर मुकेशको कोठा नजिकै गएर मास्टरलाई देखाउँछ । मुकेश पनि पछि पछि गएको हुन्छ । मुकेश मास्टरभन्दा पहिला कुर्सीमा गएर बस्छ । मास्टरलाई आफू नजिकै बस्न लगाउँछ ।)

मुकेश - (एक घुट्को रक्सी टेबुलमा रहेको बोतलबाट तन्काएर) दौरा-सुरुवाल लगाउँदा तिमीलाई कार्टुनजस्तो देखिन्छ । त्यसैले मेरो सुट लगाऊ । जुत्ता पनि हावा खाइसकेको देखिन्छ । अर्को नभए मसँग माग्नू ।

(मास्टरले सोच्छ- कति ठाडो स्वभाव ! आज त यस्तो छ भोलि के होला ? फेरि पनि यो काम पक्कै दोहोरिएला ?)

**(दृश्य परिवर्तन)**

(भोलिपल्ट मास्टर आफ्नो सबैभन्दा राम्रो लुगामा सिँगारिएर मुकेश कहाँ आएर उसको कोठामा पस्छन् । उनको साथमा थेरै पैसा थियो । उनी ज्यादै फुर्तिला देखिन्थे । कोठामा मुकेश आफैं गीत गाउँदै ब्रेक डान्स गरिरहेको थियो ।

मास्टर - हैन, मैले त हिजो तिमीलाई यस समयमा पढ्न ठीक पर्न भनेको थिएँ । खै ! किताब पनि देखिन्न ? पढ्न मन छैन कि कसो ?

मुकेश - कति शिक्षक आए तर उनीहरूलाई किताब-कापी नछोईकन टारेँ । अब पढ्न किन पऱ्यो । बाबुको सम्पत्तिले दशौं पुस्तासम्म काम नगरी खान पुग्छ ।

मास्टर - त्यसो भए नपढ्ने त ?

मुकेश - मैले कुरा दोहोऱ्याउन चाहन्नँ । यो जिन्दगी मोज गरेर त बिताउने हो । जिन्दगी मोजमस्तीका निम्ति न हो ?

मास्टर - त्यसो भए जाऔं न त रेस्टुरेन्टमा । जाऔं, जे मन लाग्छ खाउँला, जे मन लाग्छ पिउँला नि त ।

मुकेश - भेरी गुड (very good) । ह्वाइ नट स्योर (why not sure), लेट्स गो (Lets go), इन्ज्वय (Enjoy) ! लफ एन्ड बी मेरी (be merry), (मुकेश र मास्टर रेस्टुरेण्टमा जान्छन् । वेटर (waiter) ले मेनु (Menu) ल्याउँछ । दुवैले आफ्नो-आफ्नो मन परेको खाना ल्याउन अडर गर्छन् । मीठा-मीठा खानेकुरा खाएर आफ्नो-आफ्नो बाटो लाग्छन् । यसरी उनीहरू थेरैजसो दिनहरू मोज गरेर बिताउन थाले । केही दिनमै उनीहरू बीच मित्रता बढ्छ । अब त मास्टरले जे भने पनि मुकेशले नाइँ भन्न

सक्तैनथ्यो । एकदिन उनीहरू रेस्टुराँबाट फर्कंदै थिए । लाले त्यसैबेला बाटैमा भेट हुन्छ । लाले र उसका साथीले ड्रग्स तान्दै थिए ।)

लाले - कता हिँड्दैछस् मुकेश ? आइज सिद्धिन लागिसक्यो ।

मुकेश - आइहाल्छु नि ! सर जाऔं ।

मास्टर - कहाँ ?

मुकेश - जाम न जाम । (दुवै जान्छन् । उनीहरू यस्तो नर्कमा पुग्छन्, मानौं जहाँ जिउँदा लासहरू मात्र थिए ।)

लाले- मुकेश, ला ला, लिइहाल, जिन्दगी के छ ? मोजमस्ती । (रीतेशले लालेबाट ड्रग्स लिन्छ ।)

मास्टर - (मुकेशले ड्रग्स तान्न थाल्दा) पख पख मुकेश । के लालेले पनि ड्रग्स खान्छ ? तिमीहरू दुवै खान्छौ ?

मुकेश - किन नि नखानु ? यसले त मलाई सिकाएको सर ।

मास्टर - के यो तिम्रो घरमा काम गर्ने लाले होइन ?

मुकेश - हो तर............

मास्टर - तर के ?

मुकेश - बाबुको अगाडि नोकर भए तापनि यो मेरो परम मित्र विजय हो । ऊ मेरो घरमा नआउँदै मेरो घनिष्ठ साथी थियो । उसले ड्रग्स खाँदा-खाँदा बाबु-आमालाई कङ्गाल पार्‍यो । यस्तो देखेर उसका बाबु 'हर्ट आट्याक' (Heart attack) को कारणबाटै मरे । उसकी आमा फुटपाथ (foot path) मा मागेर खान्छिन् । अब त हामी जिउँदा लास मात्र हौं । दुई दिनको जिन्दगीमा मोज नै गरौं भनेर.......... ।

मास्टर - यस्तो कुरा नगर । म जिउँदै छु । म हुँदासम्म तिमीहरूले फिकर मान्नुपर्दैन । म तिमीहरूजस्ता युवाहरूलाई ठीक बाटोमा ल्याउने कर्तव्य बोकेर आएको छु । यो मेरो दायित्व पनि हो । त्यसैले नै त म काठमाडौं आएको छु । (मुकेशले पनि कुरा बुझे जस्तोजस्तो गर्छ । मास्टरले के सोच्छन् भने अब बल्ल मुकेशलाई अर्ती-उपदेश गर्ने बेला आएको छ । मास्टरले मुकेशलाई सम्झाउँदै गर्न थाले । मुकेशले पनि धेरै दिनसम्म ड्रग्स खाएको थिएन । त्यसैले ऊ छट्पटाउन थालेको थियो ।)

**(दृश्य परिवर्तन)**

(एक दिन मास्टर मुकेशको घरतिर लाग्दै थिए । बाटामा उनले विजयलाई भेटे ।)

मास्टर - कता लागेको विजय ?

विजय - तपाईं भए ठाम् ।

मास्टर - किन ?

विजय - म त अब बिग्रिसकें । मैले ड्रग्स खान थालेको धेरै भइसक्यो । म त जिउँदो लास मात्र हुँ तर मुकेशले भने ड्रग्स खान थालेको धेरै भा'को छैन । अहिले मुकेश बिल्ला (धर्मराज) सँग ड्रग्स लिन गएको छ । मैले आफ्नै आँखाले देखेको । त्यसैले मुकेशलाई यसो गर्नबाट बचाउनु होस् सर । प्लिज (Please) सर ।

मास्टर - के यो साँचो हो ? यो हुन सक्तैन ।

विजय - म साँचो बोल्दैछु सर ।

मास्टर - त्यसो भए जाऊ तिमी एस. पी. साहेबलाई बोलाएर ल्याऊ, जहाँ मुकेश गएको छ । म प्रहरी बोलाउन जान्छु ।

मास्टर - पुलिस बोलाउन जान्छन् । विजय एस. पी.लाई बोलाउन जान्छ । उता मुकेश 'बिल्ला' (पसलेको औपचारिक नाम धर्मराज) अलिकति दे, टाउको दुख्यो, प्लिज (Please) दे' भनेर भनिरहेको हुन्छ । जब बिल्ला (धर्मराज) ले मुकेशको हातमा ड्रग्स राख्न लागिरहेको थियो तब मास्टर त्यहाँ पुलिसहरूका साथ आइपुगे । (पेस्तोल हावामा पड्किन्छ)

मास्टर - स्टप (Stop) बिल्ला (धर्मराज), कत्ति पनि नचल् । तैंले ड्रग्स ओसार-पसार गरी धेरै युवाहरूलाई बिगारेकोमा म तँलाई गिरफ्तार गर्न आएको हुँ । तेरो नाममा वारेन्ट छ । म सी.आइ.डी. इन्स्पेक्टर धनञ्जय हुँ । म मास्टर भएर अभिनय मात्र गरेको थिएँ । तिमीहरू जस्तालाई पत्ता लगाउने मेरो कर्तव्य थियो । मेरो परम दायित्व ? (त्यत्तिकैमा उताबाट एस. पी. साहेब र विजय हतार-हतार आउँछन् ।)

एस. पी. - छोरा तैंले आफ्नो जिन्दगी बिगारिरहेछस् । तैंले जिन्दगी मात्र बिगारिनस् कि हाम्रो कुल-इज्जत पनि सबै सर्वनाश पारिस् । यस्तै हो भने तेरो कहिल्यै भलो हुने छैन । (प्रहरीहरूले चुल्ठे बिल्ला (नक्कली बिल्ला 'धर्मराज' थियो) र मुकेशलाई समातेर लगे र विजय पनि समातियो ।)

**(दृश्य परिवर्तन)**

(भोलिपल्ट मास्टर कमिस्नर कहाँ गएर)

मास्टर - सर, हिजो पक्रिएका दुईजना केटाहरू, विजय र मुकेशलाई मेरो जिम्मामा छोडिदिनुहोस् । तिनीहरूलाई सुधार्ने कर्तव्य मेरो ।

कमिस्नर - हवल्दार विजय र मुकेश भन्ने केटाहरूलाई यहाँको पासमा छोडिदेऊ ।

हवल्दार - हस्, हजुर ! (हवल्दारले मुकेश र विजयलाई प्रहरीठानाबाट छोडिदिन्छ र मास्टरले तिमीहरूलाई एस. पी. साहेब कहाँ लिएर जान्छन् ।)

एस. पी. - अहो सर, यिनीहरूलाई तपाईंले कसरी छुटाएर ल्याउनुभयो ? मेरो इज्जत राख्नुभयो । तपाईंलाई धेरै धेरै धन्यवाद ।

मास्टर - अरू सब ठीक छ । बरु यी दुवैलाई चाँडो अस्पताल लैजान पर्‍यो ।

एस. पी. - ल, लगिहालौं । (दुवैलाई एस. पी. साहेब र मास्टरले अस्पताल पुर्‍याए ।)

मास्टर - (डाक्टरको अगाडि पुगेपछि) डाक्टर हरि, यी दुई केटाहरूलाई राम्रोसँग जाँच्नुपर्‍यो । जति लाग्छ त्यसमा हामी छौं ।

डाक्टर - (दुवैलाई जाँचबुझ गरेपछि) यिनीहरूको अरू केही होइन, रगत भने बदल्नु पर्‍यो । मुटुमा केही असर परेजस्तो देखिन्छ । दुवैलाई अमेरिका वा अस्ट्रेलिया जापानको लागि मैले अफर गरिदिएको छु । तपाईंको सुविधाअनुसार जहाँ पनि लैजान सक्नुहुनेछ । कुनै पनि ठाउँमा नलगे नेपालमा उपचार हुन सक्तैन । अहिलेको लागि केही औषधी लेखिदिएको छु ।

मुकेश - तपाईंलाई त मैले कहीँ देखेजस्तो लाग्यो !

मास्टर - यी त मेरा साथी हरि हुन् । सायद तिमीले यिनलाई कतै देख्यौ होला ।

मुकेश - कतै तपाईं त्यही हरि त होइन जो जर्मनी गएर डाक्टरी पढेर आएको चार/पाँच महिना अघि ?

डाक्टर - हजुर ! हजुर !

मुकेश - म मुकेश, तिमीसँगै हिँड्ने-खेल्ने साथी । चिनेनौ ?

डाक्टर - अहो, मुकेश ! तिमी ? (दुवै कुम-कुम जोडेर आफ्ना-आफ्ना खुसी बर्साए ।)

मुकेश - हरि, तिमी त डाक्टर भएछौ । ठीक छ । म भने देखिहाल्यौ हालचाल यस्तो छ । नराम्रो साथीसँगको सङ्गतमा सोचविचार नगरीकन लागियो । नानावली नचाहिने नशालु विषादिमा डुबेर तिम्रो अगाडि अहिले यी यस्तो अवस्थामा छु ।

डाक्टर - हुन्छ, नआत्तिऊ । म तिमीलाई ठीक पार्न सक्तो मद्दत गर्छु अनि वहाँ तिम्रो बुवा एस. पी. पर्नुभयो, होइन ?

मुकेश - हो ।

डाक्टर - एस. पी. बुवा, मुकेश र उनको साथीलाई ढिलोमा एक हप्तापछि अमेरिका वा अन्य अफर गरिएको स्थानमा लैजाने प्रयास गर्नुहोस् । अनि एक्लै कहिल्यै नछोड्नुहोस् ।

एस. पी. - हुन्छ, सर । (डाक्टरसँग विदा मागेर सबै अस्पतालबाट फर्कन्छन् ।)

मास्टर - (विदा हुने प्रयास गर्दै) अब म पनि लाग्नुपर्छ होला ।

एस. पी. - लाग्ने, कता ?

मास्टर- एक ठाउँमा मात्र बसेर मेरो कर्तव्य पूरा हुन सक्तैन । ठाउँ ठाउँमा घुमेर नराम्रो बाटोमा लागेकालाई ठीक बाटोमा ल्याउने मेरो इच्छा छ र यही नै मेरो कर्तव्य मात्र होइन दायित्व पनि हो ।

एस. पी.- म तपाईंलाई कुन मुखले धन्यवाद दिऊँ ?

मास्टर- ठीकै छ । मलाई हजुरहरूको माया, ममता र सहयोग भए पुग्छ । तपाईंले पनि नराम्रो बाटोमा लागेकालाई ठीक ठाउँमा ल्याउनुहोस् । यही नै हाम्रो कर्तव्य हो, हाम्रो आफ्नो दायित्व हो । यही नै मुख्य मानव धर्म पनि हो । (सबै आ-आफ्नो बाटो लाग्ने तरखरमा देखिन्छन् ।)

(पर्दा खस्छ)

काफलडाँडा, गोरखा, हाल - वनस्थली, काठमाडौं ।

≋

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**१. 'वसन्त-राधा पद्यकाव्य पुरस्कार-२०६५'**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल
२०७९ डा. हरिहर अर्याल

**२. 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान-२०६५'**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौं
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौं
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौं
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौं
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौं
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट
२०७९ द्वन्द्व पीडित तथा अपाङ्ग समाज, साँखु

**३. 'साहित्य संबर्द्धन द्रष्टा सम्मान-२०७०'**

२०७० प्रा.डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'
२०७९ प्रा. केशव सुवेदी

# आभास

**नवराज रिजाल**



(स्थान - काठमाडौं स्थित कलङ्की मन्दिरको प्राङ्गण । समय अपराह्न ४ बजे । आकाश धुम्मिएको छ । बिहानैको सिमसिमे पानी अझै थामिएको छैन । यो स्थानमा हिजो अस्ति यतिखेर वृद्धवृद्धाहरूको बाक्लै उपस्थिति हुन्थ्यो । उनीहरू भजन कीर्तनमा संलग्न बन्थे तर आज सुनसान छ । अनुपस्थिति झरीको कारणले होला भन्ने अनुमान गर्न सकिन्छ । भदौको अन्तिम साताका लागिसके पनि वर्षा थामिएको छैन । दुई व्यक्तिहरू (एक वृद्ध र अर्को अधवैंशे) हातमा फलफूलको झोला झुन्ड्याउँदै मन्दिर आडैको पानीट्याङ्की मुनि खाली ठाउँमा ओत लिन आइपुग्छन् । एकजनाको हातको झोलामा केरा र अर्कोको झोलामा स्याउ देखिन्छ ।)

वृद्ध - किन चिन्ता गर्नुहुन्छ बाबु, छाडिदिनुस ती सब । जीवन यस्तै हो, हुने कुरा भएरै छाड्छ । तपाईंको अफसोच र चिन्ताले केही हुँदैन । पीर नमान्नुस्, आफूलाई राम्रोसँग सँभाल्नोस् । बस् त्यसैमा छ कल्याण । हुँदै नहुने कुरामा मन लगाउनु भनेको आफैंलाई गलाउनु हो ।

अधबैंसे - खै के भनौं हजुर, त्यस्तो त सोचेकै थिइनँ । नसोचेको भयो । अहिले पत्याउँनै कठिन भइरहेछ । जति बिर्सन खोज्यो त्यति ताजा बनेर आँखामा आउँछ, मन दुःख्छ । विश्वास हुँदैन तर मेरो अविश्वासले केही गरिरहेको छैन ।

वृद्ध - तपाईंले भनेको कुरा त हो तर पनि कोसिस गर्नुपर्छ । मनलाई अर्कोतिर मोड्नुहोस् । बसाई, हिंडाई, सोचाई र चिन्तनलाई फरक बाटोबाट हिंडाउनुहोस् । यस्तै हो संसार, तपाईंले भनेको जस्तो छैन र हुँदैन पनि । त्यो कसैको पनि अधीनमा छैन, बरु तपाईं हामी उसको अधीनमा छौं । यही वास्तविकतालाई बुझौं, जानौं र आत्मसात गरौं त्यसैमा सबैको

भलाई र उपलब्धि छ ।

अधबैंसे - घोत्लँदै टाउको हल्लाइरहन्छ ।

वृद्ध - ल केरा खाऔं, अधवैंसेतिर झोला बढाउँछन् । (चिन्ता नलिनोस्) हाँस्दै केराको काइँयो हातमा राखिदिन्छन् । (दुवैको हातमा केराको कोसा देखिन्छ । वृद्ध प्रसङ्ग अगाडि बढाउँदै भन्छन् ।) सम्झनोस् त हामीले के के गऱ्यौं जीवनमा । कस्ता कस्ता समस्याहरूको छिनोफानो गर्नुपऱ्यो । कसरी व्यतीत भए ती कठिन दिनहरू । अप्ठेरो पार गर्न कति जुक्ति बुद्धि अपनाउनु पऱ्यो । कति चुनौतीको सामाना गरियो । हण्डर खपियो । गोता टारियो । त्यसकारण विगत सम्झनोस् र वर्तमानको बाटो फराकिलो बनाउने प्रयत्न गर्नोस् । समय खेर नफाल्नोस् । त्यसैमा तपाईंको हित र कल्याण छ ।

अधबैंसे - सोच त मेरो पनि त्यस्तै हो । प्रयासरत पनि छु तर पार पाउन सकिरहेको छैन ।

वृद्ध - लाग्नु पर्छ । हिम्मत बटुल्नोस् । समाधान नआउने कुरै छैन । हरेक समस्याका समाधान हुन्छन् । अठोट, चिन्तन र सोचले हो मानिसलाई अगाडि बढाउने । तपाईं आँट गर्नोस्, बाटो स्वतः बन्छ ।

(यही बीचमा दुई युवाहरूको प्रवेश हुन्छ । ती बसौं किन नबसौं भन्ने भावमा अधवैंशे र वृद्धतिर आँखा लगाउँछन् । वृद्धको बस भन्ने सङ्केतमा नजिकको खाली बेन्चमा बस्छन् ।

अधबैंसे - तपाईं जस्तै बन्ने प्रयासमा छु । सुरु सुरुमा तपाईंसँग चिन्ता, पीर, ताप केही छैन होला जस्तो लाग्थ्यो तर जब निकटता बढ्दै गयो तब तपाईंको वास्तविकता बोध भयो ।

वृद्ध - (हाँस्दै) होर्नोस् दुःख, पीर बाधा र समस्या नभएका मानिस नै हुन्नन् । तपाईं त्यस्तो कल्पना नै नगर्नोस् । त्यसले तपाईंको जीवनमा न सुख दिन सक्छ न त सही बाटो नै हिंडाउँछ । त्यसको काम त तपाईंलाई सधैं अलमल्याइरहने मात्र हुन्छ ।

युवा १ - सही कुरा गर्नु भयो हजुरबाले । म तपाईंको कुराको पूर्ण समर्थन गर्छु ।

अधवैशे - (टाउको हल्लाउँदै) गर्न त म पनि खोज्छु नि ! सक्दिन र पो त ।

युवा २ - हजुरहरूको बीचमा खास कुरा त थिएन नि ? हामी बीचमा आयौं । कुनै अप्ठेरो छ भने ..................।

वृद्ध - (हाँस्दै) थिएन र छैन पनि ।

अधवैंशे - छैन, छैन । बस्नोस् । हामी पनि समान्य कुराकानी नै गरिरहेका छौं । उहाँबाट ज्ञान प्राप्त गरिरहेको छु ।

वृद्ध - सबै मानिस कुनै न कुनै समस्याले बाँधिएको हुन्छ । फुत्कने प्रयासमा पनि लागिरहेको हुन्छ तर सबै प्रयास सफल हुन्छन् भन्ने छैन । यसो भनौं हामी चारैजना समस्याको जालोमा छौं तर मूल कुरा त्यसलाई कसरी लिने वा समाधानका निम्ति कुन बाटो हिँड्ने भन्ने मात्र हो । (सही कुरा– तिनैजना एकैस्वरमा आवाज निकाल्छन् र वृद्ध अगाडि बढ्छन्) बाबु हो ! चिन्ताले चितासम्म पुऱ्याउँछ भनिन्छ तसर्थ नहुने कुरामा चिन्ता गरेर बस्नु हुँदैन । सफल हुने कुरामा मात्र चिन्ता गर्नु राम्रो हुन्छ । अनावश्यक चिन्ताले बिगार्ने मात्र काम गर्छ ।

युवा१ - ठीक कुरा गर्नु भो हजुरबा चिन्ता मसँग पनि छ । चिन्ता बोकेर म निरन्तर हिँडिरहेको छु तर पार पाउन सकिरहेको छैन । मन दुःखेको छ कसलाई देखाउनु ? सुनिदिने, बुझिदिने र समाधानको बाटोतिर हिँड्न प्रेरित गर्ने केही भेटिएका छैनन् तसर्थ जीवन अलमलमा छ ।

युवा २ - त्यसो त हो तर...।

वृद्ध - पहिले परिचय गरौं । विना परिचय हामी गफिँदैछौं । परिचयले एकातिर हामीलाई नजिक बनाउँछ भने अर्कोतिर समस्या बुझ्न सहयोग पनि गर्छ । (चारवटा टाउकाहरू क्रमशः हल्लन्छन् )

युवा १ - म दुई विषयमा स्नातकोत्तर गरेको बेरोजगार युवा । जागिरको खोजमा भौतारिइरहेछु । मिल्दो जागिर स्वदेशमा नभेटेपछि विदेशतिर पनि आँखा लगाएँ । आर्थिक हैसियतले भ्याएन । अब खाडी मुलुकतिर जाने कि भन्ने सोचमा छु । जागिरको खोजमा दुई वर्षदेखि निरन्तर हिँडिरहेछु सफलता टाढा टाढा भाग्दै छ । आफन्तहरू बलिया छैनन् । सोर्सफोर्सविना केही हुँदैन भन्छन् साथीहरू । पहिला पत्यार लाग्दैनथ्यो । अहिले सत्य र हेछ भन्ने बुझिरहेछु । हेरौं जीवनले कुन मोड लिने हो कुन्नि ?

युवा २ - स्नातक पूरा गरेको छु । एउटा व्यवसायमा संलग्न छु । परिवारका सदस्यहरूको साथ छ व्यवसायलाई । कोही पनि विमति राख्दैनन् । कुनै समयमा असहयोगी थिए । विमति पनि राख्थे । अहिले स्थिति सुध्रिएको छ । परिश्रमले मान्छेलाई सफल बनाउँने हो । संसारमा जति पनि राम्रा कामहरू भएका छन् ती जम्मैको आधारमा परिश्रमका बिऊ रोपिएको छ । म सकारात्मक सोच बोक्छु । हुन्छ, सकिन्छ र थालनी यथाशीघ्र गर्नुपर्छ भन्ने विचार राख्छु । यसले मलाई सधैं पछ्याइरहेछ ।

अधवैंशे - म पूर्व कर्मचारी । अवकाश लिएको तीन वर्ष भयो । उमेर ५३ वर्ष । एउटा छोरो अस्ट्रेलिया र अर्को छोरो क्यानडामा बस्छन् । छोरीको बसोवास अमेरिकामा छ । उसले आफैंले रोजेर अफ्रिकी केटासँग विवाह

गरी । अघिल्लो वर्ष ऊसँगै हामीले तीन महिना बिताएका थियौं । हामी त्यहाँ रहुन्जेल केही भनिन तर हामी आएको एक महिनापछि उसले विवाह गरी । छोरीको निर्णयले हाम्रो चित्त दुख्यो । श्रीमतीको मन बुझाउन अत्यन्तै कठिन भयो ।

छोराहरूले पनि आ–आफ्नै सुरले घरजम गरे ! छोरीको घरजमले दुःखेको श्रीमतीको मनमा छोराहरूको कदमले घाउ नै बनायो । मैले सम्झाउन सकिनँ । आफन्तहरू पनि डाकें । उनीहरूका सान्त्वनाले पनि श्रीमतीको मन बुझेन । लामो समय थलिइन् । डिप्रेसन भयो डाक्टरले भने तर उनको मन कसैगरी र कसैले पनि बुझाउन सकेन । तीन महिना थलिएपछि दुई महिना अघि उनको निधन भयो । आमाको दाहसंस्कारमा छोराछोरीको उपस्थित होस् भन्ने मेरो चाह थियो । निक्कै प्रयत्न पनि गरें । मुख हेरून् भनेर मृत शरीर पन्ध्र दिनसम्म शवगृहमा राखें तर अँह कोही पनि आएनन् । आउने हो भने अझै केही दिन राख्न सकिने पनि बताएँ । मलाई बारम्बार उनीहरूको अनुरोध आइरह्यो । आमाको दाह संस्कार यथाशीघ्र गरियोस्, हाम्रो बाटो नहेरियोस् । काम छिटो सकियोस् । त्यतिखेरदेखि अहिलेसम्म मेरो मनमा उठिरहेको एउटा प्रश्न छ, बाबुआमा र सन्तानको सम्बन्ध के हो ?

वृद्ध – मैले विश्वविद्यालय सेवामा पच्चीस वर्ष बिताएँ । सेवा छाडेको अहिले ठ्याक्कै पैंतीस वर्ष भयो । मेरो उमेर तपाईंहरूले अनुमान लगाउनुभयो होला हो । म असी वर्षको भएँ । चार सन्तान छन् । सबै स्वदेशमै छन् । छोराहरूको उमेर पुगेपछि सम्पतिमा अंशबण्डा गरिदिएँ । उनीहरूलाई मैले भनेको छु यो सम्पत्ति बेची खान होइन गरिखान हो । सकेसम्म बढाउनु नसके यतिनै आ-आफ्ना सन्तानको हातमा सुम्पनु । मैले पनि त्यसै गरेको हुँ । हुन्छ भनेर तिनीहरूले मलाई वचन दिएका छन् । मलाई तिनीहरूको कुरामा विश्वास छ ।

विदेश जान मेरा सन्तान पनि नसुरिएका हैनन् । आफन्त, नसा नाता र छरछिमेकको भूमिका उक्साउने खालकै थिए । सन्तानको भविष्य ख्याल नगर्ने, काँतर, हुत्तीहारा र सङ्कुचित विचारमा बाँचेको आरोपको सामना मैले गर्नु पऱ्यो । पहिला श्रीमतीलाई विश्वस्त पारें । हामी उक्साउनेहरूको विपक्षमा दह्रो रूपमा प्रस्तुत भयौं । छोराछोरीले कुरा बुझे । त्यसका निम्ति केही समय भने अवश्य नै कुर्नु पऱ्यो ।

यतिखेर सन्तुष्ट छौं । चारै सन्तान आ-आफ्ना कर्ममा सक्रिय छन् । अलग अलग बस्छन् । प्रक्रिया मैले नै मिलाएको हुँ । हामी बूढाबूढी पनि

अलग बस्छौं । यो हाम्रो निर्णय हो । सन्तानले मानेका थिएनन् । हामीले मनायौ । गरेर खानुलाई नराम्रो भन्न सकिँदैन भनेर पनि बुझायौं । बल्ल बल्ल ती सहमतीमा आए । नेपालमा केही पनि छैन तर विदेशमा सबैथोक छ भन्ने मतका हामी विरोधी हौं । गर्न सके यहाँ धेरै थोक छ भन्ने पक्षमा मेरो परिवार हिजोदेख आजसम्मै छ । परिवारले मेरो मतलाई स्वीकारेको छ । म खुसी छु यस कुरामा । फेरि विदेशै जानु हुन्न भन्ने मत भने हामी कसैको पनि छैन । म यसो पनि भन्छु कि गर्नेलाई सबैथोक हाम्रै देशमा छ अनि नगर्नेलाई कहीं कतै पनि छैन ।

युवा १ - हजुरबाको कुरा बुझ्नै गाह्रो । सबैथोक छ भने खोइ त मैले जागिर पाएको ? तपाईंको आशय, विचार र दृष्टिले त झन् अन्योल र अलमलमा पो पाऱ्यो त मलाई ।

युवा २ - कोसिस गर्नोस् पक्कै बुझ्नुहुन्छ । विना मेहनत, परिश्रम र प्रयासमा कतै केही पनि उपलब्ध हुन सक्दैन । भइहालेछ भने पनि त्यो टिक्दैन । उहाँको कुरा तपाईंले बुझ्ने प्रयत्न गर्नुपर्छ । अर्काले खनेको बाटोमा मात्र हिँड्न जान्नेलाई के थाहा त्यस्ता कुरा । हा........हा...........(पेट मिच्दै हाँस्न थाल्छ)

युवा १ - बुझाउनुहोला भनेको त झन् आगोमा घिउ थप्नु भो है तपाईंले ? त्यस्तो अपेक्षा थिएन मेरो । अपेक्षा बाहिरको विचार सुनें । उज्यालो खोज्नेलाई तपाईंले अन्धकार देखाउनु भो ।

युवा २ - मेरो आशय त्यस्तो होइन । तपाईंको बुझाइको कमजोरी हो त्यो । तपाईंको आँखामा अन्यौलता छ । त्यसैले तपाईं जताततै अन्धकारै अन्धकार मात्र देखिरहनुभएको छ । पहिले चस्मा फुकालेर राख्नोस् अनि बगैंचामा विचरण गर्नुहोस् त्यसपछि देखिन्छ वास्तविक स्थिति । जीवनलाई सकरात्मक आँखाले हेर्नुहोस्, त्यसपछि तपाईंका समस्याहरू स्वतः नै समाधान हुनेछन् ।

युवा १ - खै के, खै के । (टाउको कन्याउँदै भन्छ)

युवा २ - आफूलाई विश्वास गर्नोस् जीवन भनेकै विश्वास हो । विश्वासमै जीवनको सार्थकता अडेको छ । विश्वास गर्नुभएन भने भीडमा आफैंलाई खोज्नुपर्ने हुन्छ । त्यो तपाईंको पक्षमा कहिल्यै पनि आउँदैन ।

वृद्ध - सही कुरा बाबु ! म तपाईंको समर्थन गर्छु ।

युवा १ - मेरो समस्याको समाधान कहिले हुन्छ ? म तीस वर्षको भएँ किन पाइनँ जागिर ?

युवा २ - जागिर उमेरले पाउने कुरा हैन । पाउनुभएन भने छाडिदिनुस् चिन्ता ?

युवा १ - विदेश जानु त्यसो भए ?

युवा २ - स्वदेशमै बस्नोस्, किन जानु विदेश । त्यहाँ बगाउने पसिना यतै बगाउनोस् । त्यहाँ खर्चने श्रम यहीं खर्चनोस् । वाहियात सोचेर किन भौंतारिइरहनुभएको छ ?

युवा १ - के गर्नु मैले, काम बताउनोस् ।

युवा २ - रोज्नोस् आफै, जे इच्छा लाग्छ त्यही गर्नोस् । काम धेरै छन्, जाँगरको अभाव छ । त्यसै कारण मानिसहरू भोको नाङ्गो हुन विवश छन् ।

युवा १ - कुन काम गर्नु ? भन्नोस् । काम गरेन भनेर मात्र हुन्छ ?

युवा २ - ए बाबा, यहाँ काम हजार छन् । एउटा मात्र भए पो यो गर्नोस् भन्नु । रोज्नोस्, छान्नोस् र गर्नोस् ।

अधबैंसे - खै केमा विश्वास गर्नु केमा ? म त अलमल्ल परेको छु । आफ्ना र आफन्तहरूले नपत्याएको मानिस हुँ । हिजो जसको लागि मरिमेटें आज उनैले बिर्से । छि ! यस्तो पनि भोग्नु पर्दो रहेछ । मन स्थिर छैन । विश्वास बग्न खोज्दै छ ।

वृद्ध - तपाईंकै कारणले भएका हुन् ती सबै । आफूले खनेको खाडलमा आफैं पर्नुभयो । अब मज्जाले खाडलभित्र रजगज गर्नोस् ।

अधबैंशे - कसरी हजुर ?

वृद्ध - कसरी भन्नु अब । तपाईंले सन्तान कसका लागि तयार पार्नुभयो ? एकपटक मन खोलेर भनिदिनोस् । नबिर्सनु होला तपाईंले विदश र विदेशीकै लागि तयार पार्नुभएको न हो ।

अधबैंसे - त्यस्तो त हैन ।

वृद्ध - कसको लागि त ? नेपालको लागि भन्नु होला त्यो चाहिं म पत्याउँन्न । यहाँको लागि भए त यतै बस्थे नि । त्यो दोष उनीहरूसँग हैन, तपाईंको हो तपाईंकै हो ।

अधबैंसे - के सुन्नु पऱ्या होला । तपाईं त काटेको घाउमा झन् चूक अमिलो दल्दै हुनुहुन्छ । हरे के सुन्नु पऱ्यो यस्तो ।

वृद्ध - तपाईं जे सुन्दै हुनुहुन्छ त्यो सत्य सुन्दै हुनुहुन्छ । यताउति फर्कने बाटो छैन हजुर । सत्य पचाउन गाह्रो हुन्छ । त्यसकारण तपाई चिन्तित देखिँदै हुनुहुन्छ तर त्यो बेकार हो ।

युवा १ - मैले त हजुरबाको कुरा बुझ्दै बुझिनँ । के भन्न खोज्नुभएको हो कुन्नि, म त अलमल पो परें त ।

युवा २ - किन नबुझ्नु प्रस्टै छ नि त्यति सरल कुरा पनि नबुझ्नेले पनि अरू कुरा के बुझ्छ त ?

अधवैंशै - हो मैले पनि त बुझ्न सकिनँ ।

युवा १ - साँच्चै हो, तर उहाँहरू के के भन्नुहुन्छ के के ।

वृद्ध - तपाईं जागिरको निम्ति भौंतारिइरहनुभएको छ हैन ?

युवा १ - हो, साँचो कुरा, त्यसैमा म डुलिरहेको छु तर सफलता पाएको छैन ।

वृद्ध - किन नपाएको त ?

युवा१ - आफ्नो कोही नभएकाले ।

वृद्ध - त्यसो भए अब कसो गर्नुहुन्छ ?

युवा १ - (अन्कनिंदै ) खै के गर्नु के ।

वृद्ध - आफ्नै गाउँमा बसेर आफ्नो काम गर्दा के हुन्छ, लाज लाग्छ हो ? परिश्रम गर्न लजाउनेको भविष्य कति कठिन हुन्छ, सोच्नुभएको छ ? अरूको परिश्रम, मेहनत र उत्साहमा मात्र बाँच्नेहरूलाई त म एउटा आँखाले पनि देख्न सक्दिनँ । ती पृथ्वीका भार हुन् भार । यथार्थमा भन्ने हो भने तिनीहरूलाई यहाँ बाँच्ने अधिकार नदिंदा पनि हुन्छ । तिनीहरूको अस्तित्व रहेको भन्दा नामेट भएकै जाती ।

युवा १ - म के गर्न सक्छु त लौ भन्नुहोस् ।

वृद्ध - तपाईं धेरैथोक गर्न सक्नुहुन्छ, एक थोक मात्र होइन । त्यसका लागि तपाईंका चाहिने पहिलो कुरा आत्मविश्वास हो । अठोट, सकरात्मक सोच र देशप्रतिको माया तपाईंमा हुन सक्यो भने त्यो सुनमा सुगन्ध हुने छ । यति भए पछाडि फर्कनु पर्दैन ।

युवा १ - यदि सक्छु भने म अगाडि बढ्न तयार छु । बाटो देखाउने जिम्मा तपाईंको भयो ।

वृद्ध - लौ हुन्छ, तपाईं अगाडि लाग्नोस् म पछिपछि आउँछु ।

युवा २ - सत्य हो भने म पनि समर्थन गर्छु । आफूलाई चिनेर कर्तव्य यात्रामा हिंडेकाहरूले कहिल्यै पछाडि फर्कनु पर्दैन न त निराशाको भारी नै बोक्नु पर्ने हुन्छ । यथार्थता सजिन्छ जीवन, यसर्थ बाटो खोज्नोस्, अठोट छातीमा सँगाल्नोस् र हिंड्ने प्रण गर्नोस् । तपाईं धेरै कामकुरा गर्न सक्नुहुन्छ । खनेको बाटोमा मात्र हिंड्ने सोच त्याग्नोस् र आफैं बाटो खन्न सक्छु भन्ने कुरामा विश्वास गर्नोस् । कामलाई सानो वा ठूलो नभन्नोस् । तपाईंको पसिना रगत, सपना र कल्पनाले यही सार्थकता स्वरूप पाउन् भन्ने कामना गर्दछु ।

अधवैंशे - मेरो चिन्ता र पीर बाधाको पनि सही समाधान छ त ? भन्नोस्, म त्यसका निम्ति तयार छु ।

वृद्ध - राम, राम, राम किन नहुनु । अवश्य पनि छ तर त्यसका लागि म हैन तपाईं

स्वयम् नै तयार हुनुपर्छ । मानसिक रूपले तयार बने मज्जाले अगाडि बढ्न सकिन्छ । स्वयम् तयार भैसकेपछि समस्याको छिनोफानो नहुने कुरै छैन ।

युवा २ - यथार्थ भनेको त्यही हो, जुन हजुरबाले भन्नुभयो । तपाईंले हिँड्नुपर्ने बाटो र गर्नुपर्ने काम त्यही हो ।

अधवैंशे - मेरा सन्तानले मलाई कसरी चटक्क भुल्न सकेका होलान् है, केही भन्न सक्नुहुन्छ ?

वृद्ध - सकिन्छ किन नसक्नु । त्यसको कारण तपाई नै हो अर्थात् कारक तपाई नै हो ।

युवा २ - तपाईंको अप्ठेरो र असहजताको जड तपाईं नै हो ।

अधबैंसे - (आश्चर्यचकित भाव र मुद्रामा) हैन के भन्दै हुनुहुन्छ तपाईंहरू दोष जति जम्मै मेरो ?

वृद्ध - जानेर होस् वा नजानेर तपाई असहजताको पछि लागेकै हो । कृत्रिमताले कसैलाई पनि बाटो देखाउँदैन । तपाईंबाट हिजो जे नहुनु पर्ने थियो त्यही भयो । आज पश्चात्तापको आगोमा जलिरहनु भएको छ । तपाईंलाई जल्ने काममा कसैले रोक्न वा छेक्न सक्दैन । फेरि आफैंले प्रयत्न गर्नुभयो भने उन्मुक्ति पाउन सम्भव छ ।

युवा २ - हो त्यसका लागि यथाशीघ्र प्रयास थाल्नोस् । आफूले त्यसरी हुर्काएका सन्तानले अहिले बिर्से अर्थात् सम्भेनन् भन्ने तपाईंको जुन पीडा छ त्यो बिर्सनोस् । त्यसैमा छ तपाईंको कल्याण ।

अधबैंसे - तिनीहरूले साँच्चै हामीलाई बिर्सेकै हुन् त ?

युवा २ - बाध्यताले उत्पन्न समस्या हो त्यो । अर्को विकल्प पनि थिएन । तपाईं भए पनि त्यसो गर्ने सम्भावना प्रचुर थियो । कुराले डिँगो मर्दैन । त्यसकारण उनीहरूले अपनाएको विधिलाई सोह्रै आना गलत थियो भन्ने मानसिकतामा म छैन र हुन पनि सक्दिनँ ।

अधबैंसे - दाहिने हातले निधारको पसिना पुच्छ्दै तपाईंको कुराले त मलाई अभ्र अन्योलतातिर धकेल्यो !

युवा २ - काम बिराएपछि हुने त्यस्तै हो ।

अधबैंसे - उनीहरूले बाबुआमा बिर्से ।

युवा २ - तपाईंकै कारणले ।

अधवैंशे - देश, समाज र आफन्त तथा नातागोता बिर्से ।

युवा २ - तपाईंहरूकै महत्त्वकाङ्क्षाले ।

अधबैंसे - मृत आमाको शरीरमा दागबत्ती दिनसमेत आवश्यक ठानेनन् ।

युवा २ - परिस्थितिको सिर्जनाकार तपाईं नै हो ।

अधबैंसे - मैले त उनीहरूको भलाई सोचेको हुँ । त्यसमा मेरो कुनै स्वार्थ जोडिएको छैन । (छातीमा हात राखेर आँसु पुछ्दै ) हो बाबु विश्वास गर्नोस्, कुरा त्यही हो ।

युवा २ - होला, तर होइन । सबैले भन्ने त्यही हो । त्यसमा नौलोपन छैन । मेरो सन्तानलाई कुबाटोमा हिँडाएँ वा हिँडाउँदै छु कोही पनि भन्दैन । यो शब्द पुरानो भइसक्यो ।

अधबैंसे - भएको कुरा गरेको हुँ, अन्यथा नठान्नोस् । म सतप्रतिशत सत्य बोलिरहेछु । एक प्रतिशत पनि बनावटी छैन ।

युवा २ - तपाईंको विदेश मोह नै आफ्नो दुःखको प्रमुख कारण हो । शान्त मनले सम्भनोस् त ।

अधबैंसे - त्यस्तो त लाग्दैन । फेरि मेरा सन्तानमात्र विदेश गएका पनि त होइनन् । कति गएका छन् कति, कति पठाएका छन् कति । यसमा मेरो दोष छैन । ( हाँस्दै) म निर्दोष छु निर्दोष ।

युवा २ - त्यो सत्य हो तर सत्य स्वीकार्न जसलाई पनि अप्ठेरो हुन्छ । यसलाई स्वभाविक मानिन्छ पनि । फेरि हरेक मानिसका सोच, चिन्ता र विचार फरक पनि हुन्छन् । अर्कोतिर विदेश गएका सन्तानलाई तपाईंले नियन्त्रणमा राख्न खोज्नु मुर्खता हो । चाहेर पनि त्यस्तो हुन सक्दैन । यो विषयमा तपाईंले लिएको चिन्ता र आग्रह पूर्वाग्रह सान्दर्भिक छैन ।

अधबैंसे - धेरैले भनेका र गरेका काम कुरातिर अगाडि बढेको हुँ म पनि । नौलो बाटो हिँड्न खोजेको होइन, यसर्थ मबाट कुनै कमी कमजोरी भएको होला भन्नेतिर मेरो नजर जान सक्दैन ।

युवा २ - मान्ने वा नमान्ने तपाईंका कुरा । मान्नै पर्छ भनेर एक अंश पनि जोड गर्न सक्दिनँ । त्यो तपाईंको स्वतन्त्रताको कुरो पनि हो । अधिकार मान्दा पनि फरक पर्दैन ।

अधबैंसे - ए बाबा साराका सन्तान विदेश गएका छन् । तपाईं मलाई मात्र किन अखानो देखिरहनुभएको छ ?

युवा २ - हो गएका छन् तर उनीहरूले तपाईंले जस्तो नियन्त्रणमा राख्ने प्रयास नगरेका पनि त हुन सक्छन् ।

अधबैंसे - अनि आमाको मृत्युमा पनि आउन नसक्ने कस्ता सन्तान त लौ भन्नोस् (आँखा राता पार्दै ) छिः छिः छिः ।

युवा २ - विदेशको कुरा यहाँबाट गरेर हुँदैन । के थाहा त्यहाँको परम्परा । तपाईंको सोच बेकार छ । उनीहरू मावली गएका होइनन् । काममा गएका

हुन् । अर्काको काम थालेपछि त्यसै छाड्न नपाइन सक्छ । त्यसैले त भन्दै छु नि नतात्नोस् अर्काको देशमा तपाईंको नियम चल्दैन । कि फकाई फुल्याई यतै राख्नुपर्थ्यो । बस् अब जिन्दगीभर चिन्ता बोक्नोस् र बस्नोस् ।

वृद्ध - तपाईंले आफ्ना सन्तानलाई कहिल्यै देश सिकाउनुभएन । माटो पढाउनुभएन । विचार र विश्वास सुनाउनुभएन । हिमाल, पहाड र तराईको संयुक्त रूप नै नेपाल हो पनि भन्नुभएन । सुख दुःख जीवनका परिधि हुन् भनेर पनि बताउनुभएन । तपाईं र तपाईंकी पत्नीले उनीहरूलाई हुर्काउने बढाउने काममा गरेका सङ्घर्षका कुनै पनि गाथाको अलिकति छेउटुप्पो देखाउनुभएन । अरूले कमाएको पैसा र पाएको सुखले तपाईंको मन कुण्ठित थियो । त्यसैले सधैं पैसा कमाउने उपाय सोचिरहनुभयो र उनीहरूलाई पैसा नै सबे थोक हो भन्नेतिर लाग्न प्रेरित गरिरहनुभयो । विदेश मोहले तपाईंको मस्तिष्क पूरै ढाकिएको थियो अर्काको देखासिकीमा । किन, के र कसरी भन्नेतिर मस्तिष्क जाँदै गएन । पैसाको निम्ति आकुलव्याकुल मस्तिष्क उनीहरूका अगाडि छरपष्ट पार्नुभयो । हामी र हाम्रो सबै नराम्रो तर उनीहरू र उनीहरूका जम्मै अब्बल भन्ने धारणा छर्नुभयो । किनकि तपाईंले सपना र जपनामा केवल त्यस्तै त्यस्तै कुराहरू मात्र थिए । तपाईंका कुरालाई उनीहरूले पूर्ण रूपले विश्वास गरे । त्यसमा उनीहरूको दोष नै के छ र ? यदि देख्नु हुन्छ भने त्यो तपाईंकै कारणले भएको हो अर्थात् हिस्सा तपाईंको भागमा पनि आउँछ ।

अधबैंसे - अहँ, मेरो चित्त बुझ्एन । तपाईंको कुरा मान्न म रत्तीभर तयार छैन । मैले बाटो बिराएको छैन । विदेश जानुको अर्थ बाबुआमालाई भुल्नु हो भन्ने कुरामा पनि म विश्वास गर्दिनँ । बाटो मैले हैन तिनीहरूले बिराएका हुन् ।

वृद्ध - ठीक छ, त्यो तपाईंको आफ्नो विचार अर्थात् तपाईंको पक्षबाट त्यस्तो देखिएको हो । उनीहरूको आँखाबाट नियाल्दा अर्को बुझिन सक्छ । तपाईंले उनीहरू बनेर हेर्नुभयो भने अलग देखिन सक्छ । सबैका हेर्ने आ–आफ्ना आँखा हुन्छन् । चस्माले तलमाथि गर्ने र गराउने हो । यतिखेर बल्खुमा धेरै पानी बगिसकेको छ ।

अधबैंसे - सबै बिर्सेर बाँच्न सकिन्छ त ? अँह, मलाई त विश्वास लाग्दैन ।

वृद्ध - सक्नुपर्छ । प्रयास गर्नोस् सम्भव पनि छ । प्रयत्नमा धेरै धेरै गर्न सकिन्छ । लामै इतिहाससमेत छ तसर्थ आजैबाट थाल्नोस् । अझ अगाडि जाऊँ, अहिल्यै शुभारम्भ गर्नोस् ।

युवा २ - (टाउको यताउति हल्लाउँदै) सत्य त्यस्तै हुन्छ ।

वृद्ध - के तपाईंका सन्तान त्यहाँ ऐस आराम गर्न गएका हुन् ?

अधबैंसे - त्यो त भनिहाल्न सक्दिनँ ।

वृद्ध - भन्नोस् न किन नसक्नु ? सक्नु पनि पर्छ ।

अधबैंसे - काम गर्न गएका हुन् ।

वृद्ध - काम तपाईंले खोजिदिनुभएको हो ?

अधबैंसे - होइन, आफैंले खोज्नुपर्छ ।

वृद्ध - काम हावामा उडिरहेको वा खोलामा बगिरहेको हुन्छ हो ?

अधबैंसे - त्यसो त नहोला ।

वृद्ध - त्यहाँ गएपछि पैसा बोरामा उठाउन पाइन्छ भन्ने तपाईंको आशय हो ?

अधबैंसे - (अन्कनिंदै) अँ............खै........... ।

वृद्ध - ओहो ! लौ कुरै कुरामा खानै बिर्सिएछ । खाऔं है (चारैजना अघि हात हातमा भएको फलफूल खान थाल्छन् )

अधबैंसे - (स्याउको दाना टोक्दै) जे होस् मेरा सन्तान कृतघ्न नै हुन् । जन्म दिने आमाको मुखसम्म हेर्न आएनन् ती । म मर्दा झन् किन आउँथे ? धिक्कार छ तिनीहरूलाई (खुइय गर्दै अर्कोतिर फर्कन्छन् ।)

वृद्ध - (हाँस्दै) पहिले हातको स्याउ टोक्नोस् ।

अधबैंसे - मन भरिएर आयो । छाती पोल्यो । टाउको चरचर गरिरहेछ । निक्कै दिन भो निदाउन नसकेको । केराको कोसो र स्याउको दानो ओल्टाइ-पल्टाइ गरिरहन्छन् ।

वृद्ध - चिन्ता नपाल्नोस् । त्यसले तपाईंलाई झन् गाल्नेछ । पहिले खानोस् । कुरा पछि गर्दै गरौंला । यतिखेर चिन्ता पालेर केही हुनेवाला छैन ।

अधबैंसे - कहिले पाल्नु पर्थ्यो त ?

वृद्ध - त्यतिबेला, जतिबेला उनीहरू यहीं थिए । तिनीहरूलाई तपाईंले विदेसिन प्रेरित गरेकै हो अर्थात् उत्साहित तुल्याएकै हो । लौ नढाँटी भन्नोस् त । हो कि होइन ?

अधबैंसे - (टाउको हल्लाउँदै) हो, के मेरो त्यो कदम गलत निर्णय थियो ?

वृद्ध - म त त्यसै भन्छु ।

अधबैंसे - कसरी ?

वृद्ध - लौ भन्नोस्, तिनीहरूले सम्पूर्ण नेपाल देखेका छन् ? यहाँका गाउँ-बस्ती, डाँडा-काँडा, हिमाल, पहाड र तराईका अन्तरकुन्तर डुलेका छन् ? हाम्रा चालचलन, परम्परा, रीतीरीवाज, संस्कार, संस्कृति पढेका छन् ? भाषा, जातजाति तथा रहनसहनको ज्ञान छ ? यसैगरी उताको बारेमा पनि ज्ञान आर्जन गरेका छन् वा सबै बुझेर गएका हुन् ? देखासिखी वा लहलहैमा

लागेर गएका त होइनन् नि ?

अधबैँसे - (अन्कनिँदै) तपाईंले नाम लिएको जति त नहोला तर ................

वृद्ध - उता जानुपर्दैन यतै बसेर केही गर भनेर कहिल्यै भन्नु भो ? के यहाँ कोही बसेका छैनन् ? फेरि नेपालमा सबैको जीवनस्तर एकै खालको छ ? राम्रो शिक्षा हासिल गरेर यतै बस, राम्रो काम गर, तिमीहरूको कामले सबैलाई प्रभावित तुल्याओ भनेर अर्थ्याउनु भो ? (हाँस्दै) अँह भन्नुभएन । सबै कुरा पैसामा देख्नुभयो । देखासिकीमा हराउनुभयो । सन्तान विदेशमा छन् भनेर सुनाउँदै हिँड्न पाइन्छ र इज्जत तथा सान शौकत बढ्छ भन्ने मान्यता राख्नुभयो । कहिल्यै असल नेपाली बन्नुपर्छ भन्नुभएन । पुर्खाको इतिहासको अलिकति पनि पाटो देखाउनुभएन । आफूले पाएको हण्डर र दुःख बुझाउनुभएन । आफू मजाले दुख्नु भो तर तिनीहरूलाई त्यसको स्वाद वा आकार प्रकार कहिल्यै बताउनुभएन ।

अधबैँसे - हो, मैले गरेका दुःख तिनीहरूलाई देखाइनँ । यहीं बसेर काम गर्न प्रेरित पनि नगरेकै हो । त्यसो गर्नु हुँदैनथ्यो भन्नेमा पनि जानकार थिइनँ ।

वृद्ध - त्यसैले यस्तो स्थिति उत्पन्न भएको हो । यसले तपाईंलाई जीवनभर सताइरहनेछ । कुनै दुविधा छैन तर चाहनुभयो भने बाहिर निस्कने उपाय पनि छ ।

युवा २ - (बसेको ठाउँबाट जुरुक्क उठ्दै) सही कुरा हजुरबा ।

अधबैँसे - अबको मेरो बाटो के हो त ? बताउनोस् । स्वीकार्छु अन्जानमै भएछ भूल । नगर्ने काम गरिएछ । म बाटो बदल्ने कुरामा सकारात्मक छु । तपाईंहरूले भनेको तिर हिँड्न प्रयास गर्छु ।

वृद्ध - समस्या आइसक्यो । पूर्ण वा तपाईंले भनेजस्तो समाधान भने हुन सक्दैन तर आंशिक समाधान सम्भव छ अर्थात् कम गर्न सकिन्छ । त्यसका निम्ति तपाईं नै सक्रिय हुनुपर्छ । राजी हुनुहुन्छ नि हैन ?

युवा २ - कुरो त्यसै हो । त्यसले मात्र तपाईंलाई राहत दिन सक्छ । नत्र जताततै पाइने आहतै आहत मात्र हो । आंशिक समाधानले पनि तपाईंलाई शान्ति मिल्न सक्छ र त्यसैमा तपाईंको हित पनि छ ।

अधबैँसे - मेरो काम पूर्ण रूपमा गल्ती नै हो त ?

वृद्ध, युवा २ - त्यसै त नभनौं तर ........ । हाम्रो आशय त्यहाँ रहेकाहरू पनि समस्याबाट मुक्त छैनन् भन्ने हो । विचराहरू महत्त्वाकाङ्क्षा बोकेर गएका छन् । हामीले पनि बोकाएर पठाएका छौं । उनीहरूमाथि ठूलो नैतिक दवाब पनि छ । हाम्रो आशय उनीहरूसँग यहाँको अपेक्षा नराख्नोस् भन्ने सम्म हो । हाम्रो र उनीहरूको धरातलमा आकाश जमिनको भिन्नता

छ । त्यो समाज, त्यो चिन्तन, त्यो सोचाई, त्यो दृष्टिकोण र त्यो मूल्य-मान्यता हाम्रो परिवेशसँग मेल खाँदैन यसर्थ सन्तान हाम्रा नै भए पनि त्यहाँ बसेकाहरूसँग यहाँकाहरूले गर्ने अपेक्षाले कतै मेल खाँदैन ।

अधबैँसे - उनीहरूको निम्ति मैले कति दुःख कष्ट भोलेको छु तपाईंहरूलाई के थाहा ?

युवा२ - सबै बाबुआमाले भन्ने कुरा त्यही हो । हरेक बाबुआमाको दुःख कष्टमै हुर्केका हुन्छन् सन्तान । तपाईं पनि तिनै मध्ये एक हो । तपाईंले आफूलाई मात्र देख्नु भो । सबैले उत्तिकै स्नेहमा हुर्काएका हुन्छन् । यसमा घटीबढी भन्ने केही छैन ।

अधबैँसे - अरूले भन्दा मैले बढी गरेको छु । मेरो जति लाडप्यार कसैले पनि दिन सक्दैनन् । (वृद्ध हाँस्छन् हा..हा..)

वृद्ध - वर्तमानमा आउनोस् । आँखा खोल्नोस् र हिजो-आजको परिवेश मज्जाले नियाल्नोस् ।

अधबैँसे - ल, मलाई सहयोग गर्नोस् ।

वृद्ध - सकेको गरौँला, धन्दा नमानोस् । तपाईं तयार हुनु भनेको समस्याको समाधानतिर पाइला बढाउनु हो । त्यसका लागि हिँडिरहेको बाटो बदल्नुपर्छ, सहमत हुनुहुन्छ ?

अधबैँसे - म तयार छु । यो बसाईले मेरो नयाँ बाटो बन्ला कि भन्ने आशा पलाएको छ । तपाईंलाई नभेटेको भए म अलमलमा हुन्थेँ ।

युवा २ - फेरि पछि हट्न त पाउनुहुन्न नि । बरु अहिल्यै अगाडि नबढ्नोस् । केही भएको छैन । यात्रा नथाल्दै पुनर्विचार गर्न सकिन्छ । त्यसो त अहिल्यै तपाईंको बाटो लरबरिएको त छ नै । एकान्तमा बसेर सोच्नोस्, गम्नोस् र विचार गर्नोस् ।

वृद्ध - हो त, मनासिब कुरा ।

अधबैँसे - हवस्, अब तपाईंको कुरो सदर । तपाईं अघि-अघि म पछि-पछि ।

युवा १ - तपाईंहरूका कुराले म दोमनमा परेँ ।

युवा २ - कसरी ?

युवा १ - कसरी, कसरी । मनले एकथोक गमिरहेको थियो । यहाँ बसेर तपाईंहरूका कुरा सुनिसकेपछि दोधारमा परेँ ।

वृद्धा - बुझ्ने गरेर भन्नोस् न बाबु (हाँस्दै) अचेलका ठिटाठिटी बुझिने कुरो एउटै गर्दैनन् ।

अधवैँशे - (दायाँ बायाँ टाउको हल्लाउँदै) हो त ।

युवा २ - भाइको कुरो त मैले पनि ठम्याइनँ ।

युवा १ - आफै अलमलमा छु, तपाईंहरूलाई कसरी पो बुझाउनु र ? तर पनि प्रयास गर्छु । मैले हिंड्न खोजेको बाटो तपाईंहरूकै कारण अलमलमा पऱ्यो ।

युवा २ - अलि प्रस्ट पार न ।

युवा १ - म विदेश जाने मनस्थितिमा थिएँ तर यहाँहरूको छलफल र विचार विमर्शले मस्तिष्क घुम्यो, घुमाउनेको वस्तु झैं । खै, के गरूँ, के गरूँ ?

अधबैंसे - हो भन्या, उहाँहरूकै कुराले हो मेरो मनमा पनि के गरौं, कसो गरौं भएको । मैले साँच्चै राम्रो सोचेको रहेनछु भन्ने यतिखेर लाग्न थालेको छ ।

युवा २ - साँच्चै कि ?

अधबैंसे - हो बाबु, तपाईंहरूले मेरो आँखा खोलिदिनु भएकै हो, अघिसम्म मैले गरेको सबै ठीक लागिरहेको थियो तर यतिखेर .............।

युवा १ - म के गरौं त ?

युवा २ - मलाई हेर, मलाई पढ, मलाई बुझ ।

युवा १ - त्यसो गरेर मेरो समस्या समाधान हुन्छ त ?

युवा २ - पक्कै पनि । म शतप्रतिशत विश्वास राख्छु ।

युवा १ - के समाधान तपाईं हो ?

युवा२ - माने हो, नमाने हैन ।

युवा १ - अहिलेसम्म कतिको समाधान गर्नु भो त ?

युवा २ - त्यस्तो उल्लेखनीय त छैन ।

युवा १ - किन ?

युवा २ - पहिल्यै भनिसकें नि, माने हो नमाने हैन । तपाईंलाई पनि मान्नै पर्ने बाध्यता छैन । तपाईंको खुसी ।

युवा १ - अब नबुझ्ने पालो मेरो । बुझाउनोस् मलाई बुझिने गरी ।

युवा २ - प्रयास गर्नोस् राम्रोसँग बुझ्नुहुन्छ । आफूले बुझ्ने कुरा अरूले बुझाएर हुँदैन । आफैं लाग्नुपर्छ ।

युवा १ - सबै त लाग्छन् नि, को लाग्दैनन् र ? नबुझूँ भन्ने कसैलाई हुन्न ।

युवा २ - हुन्छ । बुझ्न खोज्नेको सङ्ख्या साह्रै सानो छ । नबुझ्नेहरूले नै हो भ्रम सिर्जना गर्ने । त्यसैले हो परिस्थिति कहिल्यै सङ्लो नभएको ।

युवा १ - तपाईंको अभिव्यक्तिमा सत्यता छ त ?

युवा २ - छ, बुझेरै हो मैले आजसम्मको यात्रा तय गरेको । हिंड्ने बाटो र पुग्ने ठाउँ मैले राम्रोसँग पहिल्याएको छु ।

वृद्ध - ठीक भन्नु भो बाबु । बाटो पहिल्याउनेहरू मज्जाले हिंडिरहेका छन् ।

नसक्नेहरू मात्र हुन् दोबाटोमा उभिएका । जबसम्म जो कसैले बाटो पहिल्याउन सक्दैन तबसम्म ऊ कुहिराको काग भन्दा बढी हुँदैन ।

युवा १ - त्यसो भए म कुहिरोको काग नै हो त ?

युवा २ - विश्वास गर्नोस्, त्यो भन्दा बढी हुँदै होइन ।

युवा १ - त्यस्ताहरूको सङ्ख्या कति छ त हाम्रो मुलुकमा ?

युवा २ - असङ्ख्य होलान् नि । ठेकेदारीतिर नलाग्नोस्, बस् आफ्नो व्यवस्थापन गर्नोस् । त्यसैमा तपाईंको भलाई र कल्याण छ । ठेकेदारीको जिम्मा अरूलाई नै छाडिदिनोस् ।

(युवा १ - टाउकोमा हात राखेर सोचिरहेको, अधबैंसे गम्भीर मुद्रामा टोलाइरहेको, युवा २ हाँसिरहेको र वृद्ध तीनै जनालाई क्रमशः पढिरहेको स्थिति देखिन्छ ।)

वृद्ध - (युवा १ तिर सङ्केत गर्दै) हो बाबु आफूलाई बुझ्नुमा नै तपाईंको हित छ । मन नडुलाइरहनुहोस् । जे गर्ने हो एक थोक गर्नोस् । जता पनि तपाईंले गर्ने कामै हो । 'बर्म गए कर्मसँगै, नेपाल गए कपालसँगै' भन्छन् । यथाशक्य छिटो निर्णय गर्नोस् र काममा लाग्नोस् ।

युवा १ - (टाउको हल्लाउँदै) हस्, हजुरबा त्यसै गर्छु ।

युवा २ - त्यसैमा भलाई पनि छ । कतै पनि पैसाको रूख हुँदैन । वनमा टिपेर ल्याउने कुरो पनि हैन । गर्ने मेहनत नै हो । खोजेको सुख शान्ति हो । त्यो भन्दा पर हैन । (अधबैंसेलाई देखाउँदै) उहाँका पनि तीन सन्तान विदेशमा छन् । उहाँ सन्तुष्ट हुनुहुन्न । बस् उहाँलाई हेरेर पनि धेरै कुरा जान्न र बुझ्न सकिन्छ ।

युवा १ - हो, उहाँको कुराले पनि मलाई अलमलमा पारेको छ । हत्तपत्त पत्याउनै गाऱ्हो । फेरि नपत्याई धरै छैन । यसरी कहिल्यै बुझ्न पाएको भए निक्कै बाटो हिँडिसकिन्थ्यो अहिलेसम्म तर ......................

युवा २ - अलिकति ढिलो भएको छ । त्यसले कुनै फरक पर्दैन । समय घर्की सकेको नठान्नुस् । आफ्नो निर्णय गर्नोस् र कार्यान्वयनको पक्षमा मज्जाले उभिनोस् । अब ढिलो नगर्नोस् ।

वृद्ध - मेरो सल्लाह पनि त्यस्तै छ ।

युवा १ - (गम्भीर मुद्रामा) विदेशको सपनामा केही वर्ष व्यतीत भइसके । चौथो प्रयाससमेत खेर गयो । पाँचौ गर्ने कि नगर्ने भन्ने दुविधामा छु । फेरि यता पनि राम्रो काम पाउन सकिनँ । दुई दुई विषयमा स्नातकोत्तर गरेको प्रमाणपत्रमा धमिरा लाग्ला डर छ । केही समयदेखि भने विदेशको सपना बोक्नुमा गल्ती नै गरेको हो कि जस्तो पनि लाग्न थालेको छ तसर्थ

साँच्चै कुहिराको काग बनेको स्थिति छ । कता गए पारि तरिन्छ र कता बसे वारिको वारि नै होइन्छ छुट्याउन कठिन भइरहेछ । चौथो प्रयासको विफलताले मनमा चिसो पसेको हो र आफ्नै निर्णयलाई पुनर्विचार गर्नुपर्ने मनस्थितिमा पुगेको हुँ ।

युवा २ - तपाईं विदेश किन जाँदै हुनुहुन्छ ? पहिला सोच्नोस् । कारण पत्ता लगाउनोस् । काम गर्न ? पैसा कमाउन ? सुखसुविधा उपभोग गर्न ? सन्तानको भविष्य बनाउन ? गरिबीबाट माथि उठ्न ? यस्तै हुन् तपाईंका उत्तर ? यसो पनि सोच्नोस् त त्यहाँ काम गर्ने मानिस छैनन् ? सबै धनीमानी छन् ? उनीहरूको जीवनस्तर उच्च छ ? दुःख गरिबी छैन ? तिनीहरूको भविष्य सुनिश्चित छ ? तिनीहरूले काम गर्नु पर्दैन ? पैसा स्वतः खात लागेर आउँछ ? यतातिर कहिल्यै जानुभएको छ ?

युवा १ - गएको छु । हो, तपाईंले भनेजस्तो हुँदैन । त्यो सत्य हो । दुई दुई विषयमा स्नातकोत्तर सक्दा समेत जागिर नपाएको आक्रोश पनि हो मेरो ।

युवा २ - त्यता नजानोस्, त्यो अर्कै पाटो हो । त्यस्तो अन्यत्र पनि चल्छ । हाम्रोमा अझ बढी छ । जता गए पनि गर्ने कामै हो । बसेर कसैले सित्तैमा दिने होइन । दुईचार जनले फट्याइँ गरे भन्दैमा सबैलाई दोष नदिनोस् । यतै केही गर्नोस् । नआत्तिनुनोस्, नमात्तिनुनोस् पनि । यही माटोलाई खोस्रनोस् र खन्नोस् । मलजल गर्नोस् । रोप्नोस् । फलाउनोस् । बाँच्नोस् । बचाउनोस्

युवा १ - सोच्दै छु ।

युवा २ - मज्जाले सोच्नोस् र विमर्श गर्नोस् आफ्नै मनसँग ।

अधबैंसे - म पनि विगत भूलेर वर्तमानलाई गतिशील बनाउँने सोचभित्र विचार विमर्श गरिरहेको छु ।

युवा २ - बधाई तपाईंलाई । सकारात्मक सोचले अगाडि बढ्नोस् । समस्याहरू आफै समाधान हुँदै जानेछन् । कतिपय काम कुरा अनजानमै हुन्छन् । त्यसले पार्ने प्रभाव नकारात्मक हुन्छ । त्यसपछि हाम्रो मन झस्कन्छ । पछि पछुताउनु भन्दा पहिलै सोच पुऱ्याउनु राम्रो हुन्छ ।

वृद्ध - सही कुरा

युवा २ - तपाईंका सन्तति विदेशमा छन् । उनीहरूका पनि समस्या होलान् । हाम्रो सोच त्यतातिर पनि जानुपर्छ । बिचराहरू बाँच्न सङ्घर्ष गरिरहेका होलान् । तपाईं हामी यहाँ के के सोचिरहेका छौं । पक्कै पनि सजिलो छैन होला । नयाँ ठाउँ, नयाँ परिवेश,नयाँ मानिस र जीवन सङ्घर्षका सपनाहरू अवश्य कठिन होलान् । त्यताको कुरा यता बसेर सोच्नुको कुनै तुक हुँदैन । पठाउनु भो सङ्घर्षमा होलान् । यता बसेर चिन्ता नगर्नोस् । त्यसले

तपाईंलाई सुख शान्ति केही दिँदैन र फाइदा पनि हुँदैन । केही पनि नहुने भएपछि त्यसमा अल्झनुको के अर्थ हुन्छ र ?

अधबैँसे - त्यसो त हो नै तर आमालाई सम्झेनन् भन्ने कुरामा भने म अझै सहमत बन्न सकिरहेको छैन ।

युवा २ - बन्नुपर्छ, अब बनेस् । कि त तपाईंले उनीहरूलाई पठाउनु भुल भयो वा अहिले उनीहरूबाट अपेक्षा गरेर गलत गरिरहनुभएको छ । मान्नोस्-नमान्नोस् त्यो तपाईंको कुरा तर यथार्थको पाटो यही हो ।

अधबैँसे - त्यसो त उनीहरूका पनि आआफ्ना समस्या होलान् ।

युवा २ - त्यो तपाईंको आँखाबाट हेरिएको कुरा हो । उनीहरूको आँखाबाट हेर्दा अर्कै दृश्य देखिन पनि सक्छ ।

युवा १ - (अगाडि बढ्दै) दाइ तपाईंले भनेको कुरा सोचेँ, गमेँ र विचार गरेँ ।

युवा २ - के गर्नु भो त ?

युवा १ - म नेपालमै बसेर केही गर्न चाहन्छु ।

वृद्ध - अनि .............।

युवा १ - यो मेरो निर्णय हो । त्यो पनि मनसँगैको लामो विचार विमर्श र छलफलपछिको ।

अधबैँसे - दबाबमा त होइन नि ?

युवा १ - होइन, यो मेरो आफ्नो निजी निर्णय हो । यसमा तपाईंहरूको हस्तक्षेप छैन । आफन्त र घरपरिवारको त विदेशै जाने सल्लाह छ । खर्च जोहो मैले गर्नु नपर्ने, उता गएर कमाइ गरेर पठाए हुने आश्वासन पनि छ । मलाई कुनैले पनि छुन सकेनन् ।

अधवैशे - (लामो सास तानेर खुइय गर्छन्) खै के भनौँ ...............।

युवा २ - केही नभन्नोस् किताबका पाना आफैँ पल्टिरहेछन् ।

युवा १ - तपाईंहरूका कुराले म प्रभावित भएँ । अब म नेपाल मै बसेर केही गर्छु ।

युवा २ - अनि .....

युवा १ - जे जे गर्छु यही माटोमा गर्छु । यही माटोको निम्ति गर्छु । बाहिर गएका कतिपय साथीहरूको मर्म पनि सुनेको छु । विचराहरू सबै सुखमा छन् भन्ने होइन । गइहाले लाज हुन्छ भनेर त्यहाँको दुःख नभनेको पो त । जानेहरूमा सन्तुष्ट भएर त्यता बस्नेहरूको सङ्ख्या ठूलो छ जस्तो लाग्दैन । बाँच्नुलाई मात्र जीवनको वास्तविकता हो भन्न कुनै पनि हालतमा सकिन्न ।

अधबैँसे - हो र बाबु ? गज्जब कुरा गर्नुभयो त तपाईंले त ।

युवा १ - हो नि, यथार्थ यही हो । दोमनमा मैले धेरै थोक बुझेँ । यति बुझ्न पनि मलाई झन्डै चार वर्ष लाग्यो ।

अधबैंसे - उसो भए तपाईंको मन पूर्ण रूपमा बदलियो ?

युवा १ - बदलियो । अब विदेश जान्नँ । सकेको र जानेको यहीं गर्छु । मेरो रगत पसिना यही माटोमा बगाउँछु । मेरा पिता पुर्खाले आर्जेको माटो छोडेर कतै जान्न यो मेरो प्रण हो । हेर्नोस्, त्यहाँ सबैले सुख पाएका छन् र सम्पन्न अवस्थामा बाँचेका छन् भन्नु पनि गलत हो । केही नजान्ने, नबुझ्ने र नगर्नेको तर्क हो यो ।

युवा २ - देशमा केही भएन भन्दै सबैले छाड्दै जाने हो भने यो देश कुनै दिन खाली हुन सक्छ । के भएन, त्यो गरौं । कसरी अरू अगाडि बढे र हामी किन जहाँको त्यहीं रह्यौं खोजी गरौं र समस्या समाधानको पाटोतिर लागौं । गरे हुन्छ र सकिन्छ तथा गर्नुपर्छ भन्ने मान्यता बोकेर हिँड्ने हो भने हामी चाँडै नै पछौटेपन छोडेर प्रगतिपथमा लाग्न सक्छौं । त्यसका निम्ति दर्बिलो मन, जाँगरिला हात र कर्तव्यशील मुटुहरूको आवश्यकता छ र भविष्यमा पनि रहिरहने छ ।

वृद्ध - चित्त बुझ्दो कुरा गर्नुभयो बाबुले । हो बाबु तपाईंहरू जस्ता युवा पलायन हुने होइन यहीं बसेर केही गर्नुपर्छ । हाम्रो उन्नतिको बाटो र समृद्धिको सपना त्यसरी मात्र पुरा हुन सक्छ ।

युवा २ - सही कुरा ।

युवा १ - मेरो धरकरिएको मनमा हजुरबाको विचारले मलमको काम गऱ्यो । म उहाँलाई मुरी मुरी धन्यवाद चढाउँछु ।

वृद्ध - हो बाबु हामीले गर्नु पर्ने काम त्यही हो जुन अहिले तपाईं गर्दै हुनुहुन्छ । के छैन यहाँ, सबथोक छ । आवश्यकता र हैसियतअनुसारका हरेक कुरा सहज पारामा उपलब्ध हुन सक्छ । त्यसका निम्ति जाँगरिलो मनको खाँचो थियो । एउटाले मात्र पुग्दैन तपाईंले आफूजस्ता युवाहरूको मन खिच्न सक्नुभयो भने तपाईंको सोचले सार्थकता पाउने छ ।

अधबैंसे - म विगत भुलेर वर्तमान पाटोमा आइपुगें । त्यसलाई सदाको निम्ति बिर्सन चाहन्छु । अब वर्तमानमा बाँच्छु र (युवा १ तिर औंलाले देखाउँदै) बाबुलाई सकेको सहयोग गर्छु ।

वृद्ध - धन्यवाद तपाईंहरूलाई ।

युवा २ - आभारी छु ।

युवा १ - कृतज्ञ छु ।

(चारैजना हात ठड्याएर एक ठाउँमा उभिन्छन् )

स्वाभिमानबस्ती, बारा ।

≋

# प्रज्ञानी सडक

**बाँस्कोटा धनञ्जय**



(शहरको मुख्य चौकमा आइपुग्दा निकै थकान महसुस भएकोले गर्दा त्यही सडक छेउको एउटा कफी पार्लरमा छिर्छन् कुमार । त्यहाँ उनका पुराना मित्र सविन र सविनका साथी डा. अरुण पनि पर कुनामा बसेका छन् ।)

सविन - हेलो, कुमार । हाउ आर यु ? आफ्ट (र) द लङ्ग ब्रेक ! (कुनामा एकजना मान्छेसँग गफ गरिरहेको सविन एक्कासी उठेर कुमार भए ठाउँमा गला लाउन आइपुग्यो ।)

कुमार - इट्स ओके, यार । सब ठीक छ ।

सवन - (डा. अरुणलाई देखाउँदै) वाइ द वे, हि इज डा. अरुण । सिनियर डेन्टिस ।

कुमार - माइ प्लेजर ।

सविन - त्यो भन्दा बढी चाहिँ के भने नि, डा. साव सत्तारुढ कम्युनिस्ट पार्टीको सल्लाहकार ।

कुमार - वाउ, यो त झनै खुसीको कुरा हो ! (तीन जना त्रिकोण भएर बस्छन् कुर्सीमा । आमनेसामने छन् । डा. अरुण निकै मौन छन् )

कुमार - यो देशमा जताततै यस्तै अलोकप्रिय कुराहरू मात्र सुन्न पाइन्छ .....सुन्नुस् त .....सडकमा यस्तै आवाजहरू आइराखेका छन् । मान्छेहरू यतै आउँदैछन् । केही मान्छे हाम्रै सामुन्नेमा आइपुगे । हेर्नुस् त, कति हाँप र झाँप गरिरहेका छन् यी ।

मान्छे १ - (ती तीन जनालाई औंल्याउँदै) यो समय बस्ने होइन । कफीको मज्जा लिने समय पनि होइन । आरामले बसेर रमिता हेर्ने समय पनि होइन । को आउँछन् को आउँदैनन् भनेर डिठ्याउने समय पनि होइन ।

मान्छे २ - यो समय उठ्ने समय हो । मान्छे उठ्ने । सडक उठ्ने । समय उठ्ने ।

मान्छे ३ - (सडक छेउमा उभिएका मान्छेहरूलाई सम्बोधन गर्दै) तपाईंहरू

कहिल्यै उठ्नुहुन्छ ? कति सुत्नुहुन्छ हउ ? कुम्भकर्णकै जुनी पाउनुभएछ । सडक उठेको छ, हामी पनि उठौँ अब ।

मान्छे ४ - यो सडक उठेको कति भयो ? सोध्नुस् त ! मान्छे चाहिँ नउठ्ने ?

मान्छे ५ - ए सडक । कति भयो तँ उठेको ?

सडक - ..........(चकमन्न)

मान्छे ६ - (मान्छे ५ लाई) के भन्यो सडकले ?

मान्छे ५ - सुन्दै छु । सुनिरहेको छु । किचकिच नगर्नुस् एकछिन् !

मान्छे ७ - (मान्छे ५ लाई) हैन केही भनेन सडकले ? सबैलाई यो सन्देश सुनाएर अघि बढ्नु छ । जुरुक्क उठ्नु छ ।

मान्छे ५ - हँ...अँ...सुनें, सुनें ।

दर्शक - (सडक छेउका दर्शक एकै स्वरमा मान्छे ५ लाई) के सुन्नुभयो त ? छिटो भन्नुस् ।

मान्छे ५ - शून्यता ।

मान्छे ८ - के सुन्नुभयो रे ?

मान्छे ५ - चकमन्नता !

मान्छे ९ - के सुन्नुभयो रे ?

मान्छे ५ - सन्नाटा ।

(यसैबीच यिनीहरूको यो संवाद कुमारलाई निकै विसङ्गत लाग्छ । भनौं, वाइयात लाग्छ । उनी कफी पार्लरबाट फुत्त बाहिर निस्किन्छन् र होमिन्छन् ती मान्छेहरूको सडकमा ।)

कुमार - हेलो महाशयहरू ! म अनपढ, गवाँर पनि होइन । सुस्त मनस्थितिको पनि होइन तर तपाईंहरूका यी फन्टुस कुराहरू आफ्नै घरमा लगेर घाममा सुकाउनु । सडकसँग कान थापेर पागलहरूको भूमिका किन देखाउनु यहाँ ? मान्छेलाई वेवकुफ नबनाउनू मेरो आग्रह छ ।

मान्छे १ - (कुमारतिर आउँदै) हेलो जेन्टलम्यान ! माइन्ड योर टङ्ग । बोली सुधार्नुहोस् । हामी जे गरिराखेका छौं नि, यो नितान्त उच्चकोटिको विषय हो ।

मान्छे ५ - सुनें, सुनें ! सडक भन्दै छ । (कुमारको साथी सविन आउँछन् राँकिदै)

सविन - सडक बोल्छ र सुनेको सुनेको भनेर यत्रो जमातलाई उल्लू बनाएको ? इटस् टु मच । सडक खाली गर्नुस् । आवागमनमा समस्या भइराखेको छ ।

मान्छे २ - (सविनतर्फ) यी दर्शक उल्लू कहिल्यै पनि हुँदैनन् बुझ्नुभो ? यी कुरा बुझ्छन् यो समयको । यो सडकको । यो हावाको । यो पानीको । टट्टु त

तपाईंहरू हो ।

मान्छे ५ - ल सुन्नुस् है त ! तर सडकको कुरा सुन्न केही शर्तहरू छन् ।

सविन - वाइयात ।

मान्छे ५ - तपैंहरू हरेकले श्वास फेर्न बाहेक केही गर्नुहुने छैन । सुरु है त । (यो कुरा डा. अरुणलाई झनै वाइयात लाग्छ र उनी पनि सडक किनारमा भीडसँगै मिसिन्छन् ।)

डा. अरुण - (भीडतिर औंल्याउँदै) हेर्नुस्, हरेक कुराको लागि वैज्ञानिक आधार चाहिन्छ । तपैंहरू यहाँ जे रचना गरिरहनुभएको छ नि, त्यो निकै अवैज्ञानिक र आपत्तिजनक छ । भड्काउपूर्ण छ । असल अभियान्ताहरूले यसो कहिल्यै गर्दैनन् ।..... के भने नि... हाम्रो शरीर श्वास फेरेर मात्रै चल्दैन, अरू अङ्ग र इन्द्रियहरू पनि चल्नुपर्छ जीवित रहन । तपाईंहरूको यो हर्कतले त मान्छेको ज्यान जान्छ । प्लिज, स्टप इट ।

मान्छे १ - (दर्शकतिर फर्केर कुमार, सविन र डा. अरुणलाई औंल्याउँदै) वहाँ महाशयहरूका कुरा पछि सुनौंला कुनै काम लाग्ने रहेछन् भने । अहिलेलाई सडकका कुरा सुनौं र उठौं यो समयलाई समात्न । यो सभ्यतालाई डोऱ्याउन । यो समाजलाई प्राण दिन ।

मान्छे ५ - (सडकतिर कान थाप्दै) हमममम् ... ल सुन्नु है त । अहिले एकछिनमा म रिले गर्छु सडकले भनेका कुरा तर हल्ला गर्न पाइन्न नि !

दर्शक - हुन्छ, डन् ।

सडक - ..............(चकमन्न, निशब्द)

मान्छे ५ - (सडकले मान्छे ५ लाई भन्न थाल्छ र मान्छे ५ त्यही कुरा दर्शक दीर्घामा प्रसारित गर्न थाल्छ ।) तिमीहरू मूर्खै हौ । तिमीहरू स्वार्थी हौ । तिमीहरू बिकाउका माल हौ । तिमीहरू घाती हौ । तिमीहरू पैसाका लागि आमा बेच्छौ अनि तिमीहरू गोहीका आँसु बगाउँछौ । तिमीहरू उडुस हौ, जति घिचेर पनि नअघाउने ।

दर्शक - हैट, गाली पो दिँदै छ त ।

मान्छे १ - अरूका कुरा सुन्ने धैर्य राख्नुहोस्, बानी बसाउनुहोस् । सबैकुरा भरे थाहा हुन्छ ।

मान्छे ५ - (निरन्तर) मेरो पिठ्यूँ पिल्सिएको हेर । दिनैपिच्छेका जुलुस र प्रदर्शनहरूले कुल्चिएर किचिपिची परेको मेरो छाती हेर अनि पुत्ला दहन र टायर बालेर मेरो शरीरमा भएको सबै रौं डढेको हेर । म खल्वाट भएको पनि हेर । गड्डुङ्गा माल गाडीले थिचेर म कति चेप्टो भइरहेको छु, हेरेका छौ कहिल्यै ? देखेका छौ कहिल्यै ? महसुस गरेका छौ

कहिल्यै ? अनुभूत गरेका छौं कहिल्यै ? तिमीहरूको आत्मा भए पो यस्ता संवेगका कुरा बुझ्थ्यौ । तिमीहरू त मान्छेको रूपमा शालिक हौ, त्यो पनि कुख्यात मान्छेका । राम्रा मान्छेका शालिक त तिमीहरू भत्काइहाल्छौ, होइन ?

दर्शक - (सडकतिर कान फर्काएर) हो त ! यो सब कुरा कसरी थाहा भयो त सडकलाई ? यसले हाम्रो आन्द्राभुँडी गनिदियो त !

डा. अरुण - यो त भन्नै वाइयात कुरा आयो । सडक निर्जीव वस्तु हो । उसमा इन्द्रियहरू नै हुन्नन् । कसरी यी सब कुरा यसले फिल गऱ्यो भनेर भन्न सकेका, मित्र गण ? अलिक धेर भयो अब चाहिं । प्रमाणित कुरालाई मात्र विज्ञान मान्छ, म पनि मान्छु । हावा कुरा बन्द गरौं ।

मान्छे २ - (अरुणतिर फर्किएर) ओ मित्र, मुख बन्द गरौं एकछिन् ।

मान्छे ५ - (दर्शकतिर फर्किएर) सुन्नुस्, मित्रहरू । इतिहास साक्षी छ, मैले कतिवटा कालखण्डको साक्षी भएर बाँचेको छु । पहिलेका कालखण्डलाई छोडौं, ती त कति आए, कति गए ! बिगत केही समयलाई मात्रै हेरौं, म कति उठेको छु । हर दिन, हर पल ।

डा. अरुण - कसरी उठ्यौ ? हामीले त तँ जतिखेर पनि सुतिरहेको देखेका छौं । सडक कहाँ उठ्यो ? सडक कहाँ पुग्यो ? यही छस त तँ ।

मान्छे ५ - (दर्शकलाई चोर औंलाले चुप लाग्ने सङ्केत गर्दै) तिमीहरूका दृष्टि गुमेका छन् नेताका फोटा र भिडियो हेर्दा हेर्दा । त्यही भएर देखेर पनि केही देख्दैनौ । तिमीहरूका कान फुटेका छन् नेताका कुरा सुन्दा सुन्दा । त्यही भएर केही सुन्दैनौ । तिमीहरूका चेतना उडेर भावशून्य बाँचेका छौ । यो वाद र ऊवादका टीका लगाएर ठेली पढ्दै । त्यही भएर तिमीहरूले चेतना गुमाएका छौं । अब तिमीहरू यो माटो हेर । यो माटो सुन । यो माटो पढ । यो माटोको टीका लगाऊ । तिम्रा ती गुमेका इनिद्रयहरू सबै फिर्ता हुनेछन् । तिमीहरूले आजसम्म यो सडक पढेनौ । यो माटो पढेनौ । यो हावा, पानी, आकाश पनि पढेनौ, अब पढ्नुपर्छ ।

कुमार - (दुई हातले दर्शकलाई शान्त पार्दै) एकछिन् ! अब म सुन्छु यो सडकको कथा । सबैले सुन यसको कथा । साँच्ची, यसले बोलेको कुरामा दम छ । प्रकाश छ । राप छ । ताप छ ।

मान्छे ५ - (कुमारतिर फर्किएर) स्यावास ! एक जना भए पनि मेरो कुरा बुझ्ने मान्छे रहेछन् मेरो छातीमा हिँड्नेहरूमा । बाँकी तिमीहरू सब जिउँदा लाश हौ ।

दर्शक - (सबैजना हात सडकतिर जोडेर) प्रभु, माफ पाऊँ । गल्ती भयो । सुन्छौं सबै कथा ।

मान्छे ५ - महिला सशक्तीकरणको जुलुस मेरो छाती माथि ! विभेदका आयामहरू, असमानताका रङ्हरू पोत्छ र जान्छ । मेरो गिदी उसकै जस्तो बनाउँछ । म जुरुक्क नारी सशक्तीकरणको लागि उठ्छु ।............. विद्यार्थीको जुलुस मेरो छातीमाथि ! गणतन्त्रका मसिहाहरूको जुलुस मेरो छातीमाथि.......! गणतन्त्रका मलामीहरूको जुलुस मेरै छातीमाथि ....! श्रमजीवीवर्गको जुलुस मेरै छातीमाथि .....। उफ् ! व्यापारीहरूको जुलुस ! पत्रकारहरूको जुलुस ! वकिलहरूको जुलुस ! शिक्षकहरूको जुलुस ! किसानहरूको जुलुस ! सांसदहरूको जुलुस ! मन्त्रीहरूको जुलुस ! मगन्तेहरूको जुलुस ! सवारी साधनहरूको त छँदै छ, त्यो भन्दा अझ भगवान्हरूको जुलुस पनि मेरै छातीमाथि ! ...

सविन - (मान्छे ५ तिर फर्किएर) पख ! अरू जुलुस त हामीले नि देखेकै हो सडकमा । भगवानहरूको जुलुस चाहिं वाइयात भएन ? घोर असम्भव !

मान्छे ५ - (सडकतिर कान थाप्दै) यो अलङ्कारिक कुरा हो । उत्तरवर्ती अलङ्कार जुन तिमीले बुझेनौ । ठिकै छ, मैले अघिनै भनेको हो नि, कि तिम्रो चेतना सकिएको छ । तिमी खोक्रो हौ । अँ...ती भगवान भनेका तिम्रा नेताहरू हुन् । तिनका नाम उच्चारण नगरी न त तिमीहरू कसैको दिन जान्छ, न त तिनीहरूविना बाँच्ने कल्पना नै गर्छौ । तिमीहरू तिनका झोले बन्न राजी छौ । स्याल बन्न राजी छौं । तिनलाई सत्तामा पुऱ्याउनका लागि ढाँट्न तयार छौं, अपहरण गर्न तयार छौ, जुनसुकै अपराध गर्न तयार छौ, मान्छे मार्न तयार छौ । तिनका तलुवा तिमीहरूलाई मीठो लाग्छ । तिनका सधैं पूजा गर्छौं, तिनीहरूसँगका फोटा सगौरव सामाजिक सञ्जालमा हाल्छौ । तिनका घरघर धाउँछौ, छिनछिनमा टेलिफोन गर्छौं अनि ती तिमीहरूका भगवान् नभएर को हुन् त ? .....अँ...अनि यी सबैका आवाज र धड्कन मैले सुनेको छु, सिर्फ मैले । अब यो अन्तिम लडाइँ लढ्न उठ्नु छ तिमीहरूले । मलाई त यति धेरैले थिचेर ऐं ऐं भएको छु । श्वास फेर्नै पनि गाह्रो भएको छ । म उठ्ने प्रयास गर्छु आज, भोलि अर्को आएर थिच्छ । भोलि प्रयास गर्छु उठ्न, पर्सि अर्को आएर थिच्छ । (दर्शकतिर) तिमीहरूलाई त कसैले थिचेको छैन नि ! त्यसैले उठ ।

डा. अरुण - सडक बकवास गरिहेछ ! सुतेको निश्प्राण सडकलाई वैयक्तीकरण गर्नु अनैतिक र भ्रम छर्नु हो ।

मान्छे ५ - सुन्नुस् ! म निश्प्राण होइन । मेरा आवाज तिमीहरूले सुन्न नसकेको मात्रै हो । म यति हुँदाहुँदै पनि उठ्दै छु ....।

कुमार - भगवान्हरूको बिगबिगी भएको देशमा हामी मान्छेले गर्ने काम भनेको भगवानको पूजा गर्ने हो । बस ।

मान्छे ५ - हो, यही पूजा गर्न बन्द गर्ने कसम खान उठ आज ! तिमीहरूले यी स्वयंघोषित भगवानहरूको विशाल अश्वमेद्य यज्ञ गर र त्यसपछि तिनको पूजा बन्द गर । त्यो यज्ञ पूरा हुने बित्तिकै तिमीहरूका भगवानहरूको होस खुल्ने छ । तिनका प्राण भरिनेछन् । ती नैतिकवान् बन्नेछन् । भ्रष्टाचार गर्न छोड्नेछन् । मान्छेलाई गाली, अपहरण र हत्या बन्द गर्ने छन् । यो माटोको सुगन्ध तिनका नाकमा आउने छ । यो हावा तिनको कानमा पस्नेछ । यो माटोको आवाज तिनले सुन्नेछन् । यो पानी र आकाश तिनले बुझ्नेछन् । अनि ती बिकासप्रेमी हुनेछन् । जनताप्रेमी हुनेछन् । राष्ट्रप्रेमी हुनेछन् । तिनलाई यो माटोको लागि ज्यान दिन मन लाग्न थाल्ने छ । हो, यसैका लागि उठ .....।

डा. अरुण - त्यो त ल मानें । ठीक छ तर सडकले यी सब कुरा भन्यो । पत्यार लागेन ।

मान्छे ५ - यी....(सधैं यही सडकमा मागेर जीवनको लामो कालखण्ड बिताएका एकजना वृद्ध, थैलेमैले मगन्तेलाई तानेर सबैका सामू उभ्याउँदै) यो सडकको अलङ्कार यी वृद्ध बा हुन् । यिनले सारा जीवन यही सडकपेटीमा बिताए र यो सडकको हर स्पन्दन यिनले सुनेका छन् । यिनले आजीवन यही सडक ओछ्याएर सुते । यही सडक ओढेर सुते । यही सडकलाई चुम्बन गर्दै बसे । यही सडकका कथा बिहानदेखि बेलुकासम्म सुने । यी बा भन्नु नै सडक ! यो सडक भन्नु नै यी बा ! अब पनि केही छ भन्नू ?

डा. अरुण - (हाँस्दै) साहित्यको रङमा कलाकार पोतिएपछि त म जस्ता पदार्थलाई मात्रै सत्य मान्ने मान्छेहरू फिका हुइने रहेछ । कुरो यति गम्भीर रहेछ ।

दर्शक - (डा. अरुणतिर भुक्पिदै) हजुर त सत्तारुढ कम्युनिस्ट पार्टीको........। (मानिसहरू डा. अरुणतिर बढ्दैगर्दा डा. अरुण त्यहाँबाट पछि हट्छन्, छिटोछिटो, मानिसहरू उनलाई पछ्याउँछन्)

डा. अरुण - (पछि हटदै हटदै) म डा. अरुण शर्मा । कार्डियोलोजिस्ट । म सत्तारुढ कम्युनिस्ट पार्टी होइन, कुनैको पनि केही पनि होइन् । मुटुको जाँच गराउनु छ भने हरेक दिन बिहान बाँस्कोटा फार्मेसीमा निम्तो छ । (सबै मान्छे तितरबितर हुन्छन् । सडक सवारी साधनको चापले ऐँठनिएको देखिन्छ तर त्यो सडकको अलङ्कार ती वृद्ध मान्छे सडक पढ्न थाल्छन् प्रज्ञानी सडकका आयामहरू रचना गर्न ।)

दमक, झापा ।

≋

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# हामी सबै मिलेपछि

**बाबुराम पोखरेल**



## पहिलो दृश्य

(शर्मीला विरामी छिन् । पिँढीमा फ्यात्त गुन्द्री ओछ्याएर भक्लक्क सुत्छिन् । पेट दुखे झैँ बेलाबेला छाम्छिन् । हँ..हँ.. गर्दै छटपटाउँछिन् । फेरि उठे झैँ गर्छिन् र फेरि सुत्छिन् । पुनः उठेर पानी पिउँछिन् । अलि पर सानी छोरी पढ्दै गरेकी देखिन्छिन् ।)

शर्मीला - ए छोरी ! छोरी ! कल्पु ! (अलि ठूलो स्वरमा) ए कल्पे कता जान्छे...?

कल्पु - हजुर । (पढ्दै गरेकै ठाउँबाट)

शर्मीला - के गर्दैछस् ? यता आइज न ।

कल्पु - म पढ्दैछु । (नजिकै आएर, आमाको छेउमा बसेर पेटमा थिचे झैँ गर्दै) किन आमा ?

शर्मीला - मलाई त भित्रै लुच्छ, भित्रै पोल्छ । (झिँगा धपाउँछिन्) यी झिँगाले कति दुःख देका नि ।

कल्पु - किन यस्तो भो त आमा ? .....तातो पानी ल्याइदिऊँ आमा ?

शर्मीला - तातो पानी त खल्लो हुन्छ । अहँ.. मीठो हुँदैन खान्न । न ले छोरी । (एकछिन पछि) तातो पानी त निलिँदै निलिँदैन ।

कल्पु - औषधी पनि के के हुन्छ रे नि आमा ।

शर्मीला - यो औषधी खाने विमारै होइन । औषधी खायो भने त झन् सारो हुन्छ छोरी । (मुखतिरका झिँगा धपाउँछिन्) चिसै खान्छु खै तो पानी ले ले ।

कल्पु - फोहोर र छ आमा । (अम्खोरा हेरेर) म माझेर पानी ल्याउँछु ल आमा ।

शर्मीला - (झर्केर) खै ले न । कस्तो भित्रै पोलिर'छ । सफै त छ नि पानी, के भा छ र ? (अम्खोरा नियाल्दै, केही नबोली कल्पुले आमालाई पानी दिन्छे । अम्खोरा समाएर आमा पानी पिउँछिन् र ठ्यास्स राख्छिन् अनि डङ्रङ्ग सुत्छिन् । ओछ्यानको छेउछाउमा कसिङ्गर फोहोर हुन्छ । कल्पु कुचो

टिप्छे र बढार्न थाल्छे ।) उफ ! नउडा न धुलो । (फर्केर) यहाँ आफूलाई सासै फेर्न कस्तो गारो भा'को छ ।

कल्पु - कस्तो फोहोर छ अनि पो त आमा ।

शर्मीला - माटाको घर छ अनि अलि अलि हुन्छ नि धुलो । हुन दे छोरी हुन दे, म सक्दिनँ ।

कल्पु - फोहोरले पनि झन् विमार बढ्छ रे नि आमा ।

शर्मीला - बुझिस् तैले ! म केले विमारी भाकी छु तलाई के थाहा । मलाई यी यहाँ (पेट देखाएर) भित्रै लुच्छ, भित्रै खान्छ ।

कल्पु - फोहोर खानेकुरा खायो भने नि पेटको विमार लाग्छ रे नि आमा । सरले भन्नु भा'को ।

शर्मीला - फोहोर के ? मैले गोबर खा'को छुइनँ, दिसा खाको छुइनँ । के फोहोर हुन्छ ? मलाई त एउटा शङ्का छ ... ।

कल्पु - के शङ्का आमा ?

शर्मीला - मलाई त बोक्सीले नै यहाँ भित्रै लुच्छे, यहाँ भित्रै खान्छे ... । यी फेरि .....ऐय्या....(लल्याक लुलुक भैं, एकछिन पछि) ए कल्पु जा त पैनीघरे झाँक्री बालाई बोलाएर ले । आमा विमारी हुनुहुन्छ छिटै जानु रे भन् त । लु जा त ।

कल्पु - हुन्छ । (जान खोज्छे ।)

शर्मीला - यहाँ सुन् त । (कल्पु एक दुई पाइला नजिक आउँछे) मलाई त हेर् बोक्सी लागेकी त्यो अलच्छिना छे नि पोक्ची भुजेल्नी नै हो ।

कल्पु - (छक्क पर्छे । मनमनै....) अरे....! पोक्ची आन्टी त मेरी साथी पपुकी आमा पो हो त रे ! कत्ति माया गर्नुहुन्छ त मलाई । अनि फेरि.. कसरी मेरी आमालाई चैं विमारी पार्नुहुन्छ त.. !

शर्मीला - लु जा त पैनीघरे बालाई बोलार ले । झारफुक गर्दिनुहुन्छ, अलि निको हुन्छ कि । सारै पो दुख्छ कोइ कोइ बेला त ... ऐया... हँ... हँ... । (शर्मीला छटपटाउँछिन् । कल्पु नबोली जान्छे । एक पटक फर्केर हेर्छे र जान्छे ।)

(एकछिनमा पैनीघरे बा अघिअघि र कल्पु पछिपछि आइपुग्छन् ।)

शर्मीला - कल्पु ! पैनीघरे बालाई पिरा दे । (पैनीघरे बा विमारीको छेउमा टुसुक्क बस्छन् । कल्पुले पिरा लिएर आउँछे । र दिन्छे । पिरा समाएर ओछ्याएर बस्छन् ।)

झाँक्री बा - (नारी छाम्छन् । र एक छिन उँभोतिर हेरेर) ननिकाको खेल परेछ ।

शर्मीला - को रैं'छे त त्यस्तो असत्ती... ? त्यसलाई भेट्न पाए त ... । म के के त

गर्थें ... । शङ्का त छ नि..., के गर्नु र ... ?

झाँक्री बा - खै, थालमा अलिकति चामल लेऊ त । (कल्पुले थालमा चामल ल्याउँछे र दिन्छे । बाले थालका चामलमा जोखाना हेर्छन् । कल्पु पनि उभिएर घरि झाँक्रीतिर त घरि आमातिर हेरिरहन्छे । एकछिन सबै मौन हुन्छन् ।) यो बोक्सी पूर्व दिशामा छे । जनाना हो... । एकल छे ... ।

शर्मीला - मलाई शङ्का त लाग्दै थियो । त्यही त हो त । त्यसलाई..., अब म त्यसै किन छाड्छु र ! (दाह्रा किट्छे ।) मलाई यस्तो दुख दिने ... ? (झाँक्री बातिर फर्किएर) झाँक्री बा त्यस्ती असत्तीलाई लौ न ठीक लगाइदिनु ।

झाँक्री बा - म चामल खेलाएर झारफुक गर्छु ।

शर्मीला - त्यो जब्बर, कस्ती जब्बर छे । चामल फुकेर त्यो के मान्थी र ? के छाड्ली र त्यो जब्बरले ? (एकछिन रोकिएर, झन् रिसाएको आवाजमा) त्यसलाई त यहीँ ल्याएर तडरिनु नै पर्छ । कि त त्यो जब्बरलाई सिस्नुपानीले आत्थाआत्था पार्नुपर्छ । कि त आलो गुहु कोच्याएर भो भो पार्नुपर्छ । लौ न झाँक्री बा त्यसलाई काबु पारिदिनू, लौ न ।

झाँक्री बा - मैले अझै खुट्याउँनु पर्छ । (फेरि चामल खेलाउँन थाल्छन् ।)

शर्मीला - आइसक्यो अब सबै खुटैखुट । ननिकी डङ्किनी त्यही पोक्ची भुजेल्नी त हो नि । लु त्यस डङ्किनीलाई मेरो जीउबाट छुटाइदिनु, यो मेरो गोठको भैंसी तपाईंको भो ।

झाँक्री बा - हँ, यो त निकै जब्बर देखिन्छे । लरतरा बातले त मान्ला जस्तो बुझ्दिन है तर..., मेरो बिध्दे पनि काम्ती त काँ छ र ? म ठीक लाउँछु । लो, म ठीक लाउँछु । (एकछिन् रोकिएर) त्यसको त कपाल पनि जिङरिङ्ग छ, अनुहार पनि नराम्रो छ । त्यसले त अरूलाई पनि पैले नै खाइसक्यो । (झनक्क झन्किएर, जुरूक्क उठ्दै) लौ त्यसलाई बोलाएर ल्याउनु परो । म यही आगनमा ठीक ल्याई छाड्छु ।

शर्मीला - कल्पु ! लु जा, त्यो पोक्ची भुजेल्नी बोक्सीलाई झाँक्री बाले बोलाको भनेर लिएर आइज । लु गैहाल त छोरी । (कल्पु निस्कन्छे ।)

## दोस्रो दृश्य

(शर्मीलाको घरमा झाँक्री बासहित दुईजना जम्मा भएका हुन्छन् । जिङ्रिङ्ग कपाल भएकी पोक्ची भुजेल्नीलाई पनि बीच भुइँमा राखिएको हुन्छ । विरामीको ओछ्यान एकाछेउमा छ । भुजेल्नीसँगै छोरी पपु पनि उभिएकी छे । कल्पु र पपु साथी हुन् बेलाबेला मुखामुख गर्छन् अनि भुजेल्नीतिर हेर्छन् । सिस्नाको एक मुठो डोरीले बाँधेर झुन्ड्याउने मान्छे छेउमा उभिएको छ । ऊसँगै बाल्टीमा पानी छ बेलाबेला ऊ

सिस्नाको मुठो पानीमा चोब्छ र पानी तरर पार्छ ।)

भ्फाँक्री बा - गाउँघरमा यस्तो दुखो पनि दिनु हुन्छ त बाक्सी बनेर ! यस्तो ननिको ज्ञान भएको मन्छेलाई गाउँमा कसरी राख्ने हँ ? (गर्वसाथ बोल्छ र बिस्तारै मुन्टो घुमाएर सबैको मुखमा हेर्दै जान्छ । अरूहरू पनि मुखामुख गर्छन् ।)

शर्मीला - मलाई त मार्नै पो आँटी यसले त । (सकिनसकी हँ....हँ.. गर्दै ।)

पपु - आन्टी ! मेरो आमा बोक्सी होइन ।

शर्मीला - अँ, होइन ? के मैले मात्रै भनेको हो र ? ऊ भ्फाँक्री बाले भनेको । (एकछिन रोकिएर) तेरी आमा बोक्सी होइन भने यहाँ (पेटतिर देखाएर) चैं मलाई के ले लुछेको ? यो भित्रभित्रै भन् त ?

पपु - (बिस्तारै) त्यो त विमार होला नि आन्टी । डाक्टरलाई देखाउनु न ।

शर्मीला - बोक्सी लागेको पनि डाक्टरलाई देखाउँछन् ? ऊ भ्फाँक्री बालाई देखाकै छु नि ! भ्फाँक्री बा, आज यो छिनोफानो त हुनैपर्छ ।

भ्फाँक्री बा - (अचानक कडकिएर) हेई, सब चुप लाग । ननिकाको लागि खेला म देखाइदिन्छु । (सबै भ्फस्किन्छन् । सिस्नु बोक्ने ताउरमाउर गर्छ, पानीको बाल्टीमा सिस्नुको मुठो चोब्छ र तरर पानी पार्छ । सिस्नुको पानी बाल्टीमै भ्फर्छ ।)

भुजेल्नी - म बोक्सी.. (डराउँदै) होइन । मेरो ननिको बिध्दे छँदै छैन । म दुःखी हुँ, गरीब हुँ... (रुँदै) तर...., तर यो बोक्सी चैं होइन ।

भ्फाँक्री बा - हेइ ! बोक्सी हो कि होइन त, यो सिस्नोको मुठोले बताउँछ । (ठूलो स्वरमा) बोक्सीको त कपाल पनि जिङ्रिङ्ग परेको छ, अनुहार पनि नराम्रो छ । (सिस्नु बोक्नेले फेरि ताउरमाउर गर्छ ।)

पपु - मेरी आमा बोक्सी होइन । मेरी आमालाई ....(रुँदै) ... केही नगर्नुस् भ्फाँक्री बा, केही नगर्नुस् । (पपु अतालिन्छे, छटपटाउँछे । कल्पु पनि आत्तिए भ्फैं गर्छे र दुवै एकै ठाउँ हुन्छन् र केही सल्लाह गरेभ्फैं गर्छन् ।)

भुजेल्नी - होइन...., (रूँदै) म बोक्सी होइन । मलाई केही नगर्नुस् । (सल्लाह गरेभ्फैं गरेर पपु हतार हतार बाहिर निस्कन्छे ।)

## तेस्रो दृश्य

(शिक्षकको घर । सुकिलो शिक्षकड्रेस लगाएका शिक्षकसहित दुई जना पत्रिका पढ्दै देखिन्छन् । यत्तिकैमा सारङ्गी बोकेर गाइने देखा पर्छ । गाइनेले शिक्षकलाई नमस्कार गर्छ र एकछेउमा बसेर गीत गाउनको लागि सारङ्गी बजाउन थाल्छ ।)

शिक्षक - अहो दाजु ! यहाँ बसेर बजाउनु न । (आफू बसेको नजिकै ठाउँ

देखाएर ।)

गाइने - (नबोली देखाएको ठाउँमा गएर बस्तै सारङ्गी बजाएर गीत गाउन थाल्छन् ।)

शिक्षक - म बाँसुरी बजाइदिन्छु है । (गाइने बोल्दैन तर मुन्टो हल्लाएर समर्थन जनाउँछ । शिक्षकले बाँसुरी बजाएर सघाउँनु हुन्छ ।)

गीत

एउटा गाउँमा कुनै मान्छे, दुःखी देखें मैले
त्यही दुख टिपी टिपी, एउटा गीत लेखें मैले ।
धनले धनी कोही हुन्छन्, मनले हुन्छन् कोही
मनको धनी खुसी देख्छु, धनी हिंड्छ रोई ।
एउटा गाउँमा ... .....
अन्धविश्वास, अशिक्षाले जिन्दगानी दुख्छ
मनको दुखाई सुनाउँ कसलाई यो हृदय सुक्छ ।
एउटा गाउँमा ... .....
कतै घाम कतै पानी कहीं शीतल छाया
हामी सबै मिलेपछि एकताको माया ।
एउटा गाउँमा ... .....

शिक्षक - ल राम्रो गीत गाउँनु भो । (शिक्षक उठेर भित्रबाट एउटा माला लिएर आउछन् र गाइनेलाई लगाइदिन्छन् । पर्सबाट पैसा झिकेर दिन्छन् ।) अब तपाईंले उन्नतिको गीत गाउनुपर्छ, प्रगतिको गीत गाउनुपर्छ ।

गाइने - सर, मेरो त कामै गीत गाउने हो । म त समाजमा जे देख्छु त्यसैको गीत गाउँछु । गाउँमा दुःख भए दुःखकै गीत गाउँछु, गाउँमा सुख भए सुखकै गीत गाउँछु ।

(यत्तिकैमा पपु रूँदै आइपुग्छिन् ।)

पपु - मेरो आमा....., मेरो आमा... बोक्सी रे सर । आज झाँक्री बाले खै के के गर्लान् मेरो आमालाई । (रोक्दारोक्दै डाँको नै छोड्छे ।) मेरी आमाको कपाल पनि जिङ्गरिङ्ग छ रे ! अनुहार पनि नराम्रो छ रे ! अनि बोक्सी अरे ! सिस्नुपानी लगाउन खोज्दैछन् सर, छिटो आउनु न सर । (धेरै आत्तिएर । दुवैजना नजिकै आउँछन् । गाइने पनि नजिक आउँछ ।)

शिक्षक - हँ, हाम्रै गाउँमा यस्तो ! (सुमसुम्याएर) नरोऊ, आमा कहाँ हुनुहुन्छ ?

पपु - शर्मीला आन्टीको घरमा । झाँक्री बा धेरै कड्किनु भाको छ ।

शिक्षक - केही हुन दिन्नौं हामी । ल जाऊ तिमी, हामी आइहाल्छौं ।

भद्र १ - छोराछोरीलाई शिक्षकले स्कूलमा पढाउनुहुन्छ तर गाउँमा व्याप्त रुढिवादी

चरित्र कसरी हटाउँने ?

शिक्षक - त्यसलाई पनि हामी सबै मिलेपछि हटाउन सकिन्छ । बरु छिटो जाऊँ त्यता ।

## चौथो दृश्य

(शर्मीलाको घरमा झाँक्री बाको सहयोगीले भुजेल्नीलाई सिस्नो लगाउन तयार झैं देखिन्छ । यस्तै बेला अघि अघि पपु पुग्छे र शिक्षकसहित अरू तीन जना गाउँले भद्रभलादमीजस्ता देखिने मान्छे पनि पुग्छन् ।)

भुजेल्नी - (भद्रभलादमी आएको उनलाई थाहा छैन । झोक्राएको अवस्थामा रुन्चे स्वरमा रुँदै) मसँग धन छैन होला तर मसँग पनि मन छ । म बोक्सी होइन । मलाई केही नगर्नुस् । म बोक्सी हुँदै होइन । (घुँक्क गर्दै) मेरो बूढोलाई रोग लागो । आखिर ऊ पनि मऱ्यो । सहेर बसेँ, गाउँले सम्झेर । आज तपाईहरू नै मलाई यस्तो ........ (डाँको छोडेको सुनिन्छ) ...किन ... गर्नुहुन्छ ? हुँ.... हुँ.. ।

शिक्षक - (शर्मीलाको छेउमा गएर । पपु र कल्पु पनि शिक्षकको छेउमा हुन्छन् ।) उहाँ बोक्सी होइन । (गर्विलो स्वरमा) कोही पनि मान्छे बोक्सी हुँदैन यो धर्तीमा । (भुजेल्नी तर्से झैं पुलुक्क शिक्षकको मुखमा हेर्छिन् र झन् डाँको छोड्छिन् ।) (शिक्षक झाँक्री बातिर फर्केर) झाँक्री बा तपाई पनि सुन्नोस्, कोही पनि मान्छे झाँक्री हुँदैन । वैद्य हुन सक्छ मान्छे तर झाँक्री हुँदैन । (सिस्नो समाउने तर्सिन्छ र सिस्नो बाल्टीमा छोडिदिन्छ । पपु र कल्पु मुखामुख गर्छन् र दुवै सँगै मुस्कुराउँछन् । झाँक्री बा अतालिन्छन् ।)

भद्र १ - झाँक्रीले चामल फुकेर रोग निको हुँदैन । रोग निको पार्न त ठीक ढङ्गले औषधी खानुपर्छ ।

भद्र २ - हाम्रो गाउँमा यस्तो लाजमर्दो कुरा ? अहँ, यो त हुनै सक्तैन । हामी सबै मिलेर यो त सुधार्नै पर्छ । (सबै मुखामुख गर्छन् । झाँक्री बा घोसेमुन्टो लाउँछन् । कल्पु र पपु एकैचोटि मुखमा हेरेर हाँस्छन् ।)

शिक्षक - शर्मीला भाउजू ! तपाई अब अस्पताल जानुपर्छ । पैसा छैन भने हामी व्यवस्था गर्छौं ।

भद्र १ - त्यही परतिर डाक्टर बसेको छ, यहीँ ओरतिर यस्तो वितण्डा ? (सिस्नो पक्डनेतिर हेर्छन्, ऊ आत्तिन्छ ।)

शिक्षक - अनि सुन्नोस्, पैनी घरे बा । (झाँक्री बा पुलुक्क शिक्षकतिर हेर्छन् ।) तपाई झाँक्री बा होइन, पैनी घरे बा हो अबदेखि तपाई । तपाईंको छोराको पढाइ पनि राम्रो छ । तपाईंको छोरालाई अब वैद्य पढाउने व्यवस्था हामी

मिलाउँछौं ।

भद्र २ - हाम्रो गाउँमा भएका यी सबै कुराहरू अब हामी गाउँपालिकाबाट योजना बनाएर मिलाउँछौं ।

भद्र १ - हो, हाम्रो गाउँ हामी सबैको हो । यहाँ भएका सबै समस्याहरूलाई हामी हाम्रै गाउँपालिकामा छलफल गरेर मिलाउँछौं ।

## पाँचौं दृश्य

(हाम्रो गाउँपालिका भेला लेखिएको ब्यानर टाँगिएको छ । सबै गोल घेरामा बसेका छन् । सबैको आसन समान छ ।)

महिला १ - लु, अबदेखि हामी यो रोडमा फोहोर गर्दैनौ । हामी डस्टबिनमा हाल्छौं ।

महिला २ - हो हामी डस्टबिनमा नै हाल्छौं तर हाम्रो सरकारले पनि एउटा काम गर्नु पऱ्यो ।

अध्यक्ष - ल, भन्नोस् न कस्तो काम हो ? म तपाईंहरूकै अध्यक्ष हुँ, तपाईंहरूको सल्लाह र बजेटअनुसार सकेको काम त मिलाइहाल्छु ।

महिला २ - हैन, यो हाम्रो रोडको बाटो अघिल्लो साल अलकत्राले लिपेको अर्को साल नभई किन बिग्रन्छ हँ ? लु भन्नुहोस् त सरकार । (अध्यक्षले बुझे झैं टाउको मात्र हल्लाउँछन् ।) यो रोड त एक पटक बनाएपछि जैलेसम्म हामी बूढो हुँदैनौं, तइलेसम्म हिँड्न पाइयोस् न ।

भद्र १ - हो हामी सबैलाई यही चाहिएको छ । (एक जना कर्मचारी ड्रेसको मान्छे कागजमा टिपोट गरिरहेका हुन्छन् ।)

भद्र २ - यो ठेकेदारबाट उल्टै पैसा लिने, जो पहिले पहिलेको चलन छ, त्यो अब पूरै बन्द गर्नुपर्छ ।

महिला १ - यो ठेकेदारबाट दाम कमाउँने बानीले पो बिग्रन्छ त ।

भद्र १ - अब त पहिलेजस्तो होइन नि ! लोकल सरकार छ । सरकारै लोकल भएपछि पुरानै ढाँचामा काम गर्नु हुँदैन अब । कसैले पनि ठेकेदारसँग पैसा माग्नु, लिनु हुँदैन अनि ठेकेदारले पनि काम राम्रो गर्नुपर्छ ।

महिला १ - सरकारी काम कैले जाला घाम, सरकारी काम भनेपछि यस्तै त होला नि ।

भद्र १ - यो उहिलेको कुरा भयो दिदी । अचेल त सरकारी काम, झुल्क्यो अब घाम । सरकारी कामलाई नै सबैभन्दा राम्रो बनाउनुपर्छ अब अनि सरकारी काम, हुँदैन बदनाम । कति राम्रो । (सबै हाँस्छन्)

भद्र २ - हामीले धेरै विषयमा छलफल गरिसक्यौं । सरसफाइको बारेमा, रोडको बारेमा, रोजगारीको बारेमा, बोक्सीको बारेमा धेरै छलफल गरिसक्यौं । अब निष्कर्षतिर जानुपर्छ होला ।

महिला २ - हो, हाम्रो गाउँमा अब कोही पनि बोक्सी हुँदैन । यो ननिको ज्ञान भएको मान्छे कोही हुँदैन ।

भद्र १ - पैनीघरे बाको छोरालाई वैद्य पढाउँन गाउँपालिकाले सहयोग गर्नेछ । यसमा कसैले पनि विरोध नगरौँ ।

भद्र २ - यस्तो अवसर वर्षको एक जना राम्रो पढाइ भएको विद्यार्थीलाई दिँदै जानुपर्छ ।

झाँक्री बा - मैले आजैदेखि यो पगरी फालें । अब कसैले पनि मलाई झाँक्री बा नभन्नुहोला । मैले यो कुनै विद्या जानेर पनि होइन । एउटा गरिखाने बाटो खोजेको मात्र थिएँ । अब मैले यो छोडें ।

भद्र १ - हाम्रो गाउँपालिकाभरिको सही डाटा, तथ्याङ्क, घरघरको विवरण हामीसँग छ, हामी सबै कुरा विचार गरेर आयआर्जनका बाटो खोल्छौं ।

भद्र २ - शर्मीलाका श्रीमान् पनि विदेश गएका छन् उनी फर्केर आएपछि गाउँमै काम गर्ने अवसर मिलाउनुपर्छ ।

शर्मीला - म पनि अहिले स्वस्थ भएँ । डाक्टरकोमा नगाएको भए के हुन्थें के हुन्थें । मेरो आँखा खोलिदिनुभयो ।

भुजेल्नी - म पनि तरकारी खेती गरेर अहिले जीविका चलाउन सक्ने भएँ ।

भद्र १ - हो तरकारी खेतीको लागि गाउँपालिकाले दश जनालाई सहयोग गरिसकेको छ । सबैले लोकल सरकारको सहयोगमा लोकल तरकारी खेती गरेर जीविका चलाउँन सक्ने भएका छन् ।

अध्यक्ष - अब म आजको निष्कर्ष सुनाउँछु । (टिपोट गर्ने कर्मचारीसँगबाट टिपोट लिन्छन्)

१ गाउँपालिकाले कर मात्र लिने छैन, भर पनि हामी दिन्छौं । अभर पर्न कसैलाई पनि दिँदैनौं ।

२ रोड हामी सबैको साझा हो । यसमा वस्तु बाँध्ने, विस्कुन सुकाउने, फोहोर गर्ने, गिटीबालुवा थुपार्ने कसैले पनि गर्नुहुँदैन ।

३ रोड दिगो र बलियो बनाउन कुनै पनि ठेकेदार वा कम्पनीसँग कुनै फाल्तु व्यक्ति वा संस्थाले एकै रुपियाँ पनि नलिने र ठेकेदारले पनि काममा भन्दा फाल्तु व्यक्ति कसैलाई एकै रुपियाँ नदिने र काम राम्रो गर्ने ।

म यसै भेलाबाट उदघोष गर्छु कि काम गर्ने कुनै पनि ठेकेदारले कोही फाल्तु व्यक्ति कसैलाई अब एक रुपियाँ पनि दिनु पर्दैन । ठेकेदारसँग यदि कसैले पैसा माग्यो भने त्यो मान्छेलाई हामी कहाँ लिएर आउनुस् र पूरै रकम त्यही तोकिएको काममा लगाउनुस् । यो हाम्रो प्रतिबद्धता हो ।

यी सबै कुरा हामी व्यवहारमा उतार्छौँ अनि अन्त्यमा हाम्रो गाउँ उज्यालो बन्छ हामी सबै मिलेपछि ।

भद्र २ - यही मौकामा म सबैको फोटो खिच्छु है । (क्यामरा निकालेर फोटो खिच्छन् ।)

भद्र १ - म पनि यो मौकामा एउटा मुक्तक सुनाउँछु । (गोजीबाट कागज झिकेर हेर्दै)

जम्मै पानी गुलियो हुन्छ, मिस्री त्यसमा बिलेपछि
सुन्दर एउटा माला बन्छ, सयौँ थुङ्गा खिलेपछि
के हुन्न र मेरो देशमा ? जम्मै कुरा पूरा हुन्छन्
प्रत्येक गाउँ एकतामा हामी सबै मिलेपछि ।
(गीत बज्छ ।)
कोही दुःखी नहोस् गाउँमा, कोही भोको नहोस्
सबै हाँसी खुसी रहून्, कोही पनि रो'को नहोस् ।

≋


साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

४. **'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार-२०४५'**
२०७० प्रा.डा. वासुदेव त्रिपाठी (२६ औं)
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु
२०७९ प्राडा. माधवप्रसाद पोखरेल

५. **'विश्वज्योति सेवा सम्मान-२०७१'**
२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका, बनेपा
२०७९ श्री कान्तिभैरब गुरुकुल विद्यालय, गोकर्ण

६. **'शारदादेवी सिर्जना पुरस्कार-२०७२**
२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह
२०७९ हिरण्यकुमारी पाठक

# खोलालाई नालिस

**महेश्वर शर्मा**



**पीठिका**

(यो हो २०२८ पौषमा 'गाउँफर्क' राष्ट्रिय अभियान'का क्रममा विश्वबन्धु थापा र म जुम्ला-मुगु-तिब्रिकोट जिल्लाको भ्रमणमा गएका बेलाको प्रसङ्ग । कर्णालीका अञ्चलाधीश बद्रीविक्रम थापाले भन्नुभाथ्यो- 'जुम्लीहरू ससाना कुरामा पनि युद्ध गर्ने प्रवृत्तिका हुँदा रहेछन् । म अन्यायमा परेँ भनेर कराउन आउनेले टाउकामा ढुङ्गो, घाँटीमा डोरी र सिस्नो भिरेर मउपर यस्तो यस्तो अन्याय गऱ्यो फलानोले, इन्साफ गरिपाऊँ भन्दै अभिनय गरेर देखाउँछन् भनेर प्रकारान्तरबाट यौटा त्यस्तै प्रसङ्ग यहाँ एकाङ्कीका रूपमा प्रस्तुत छ ।)

(न्यायालयमा मुद्दाको तारेखमा रहेका एकजना जुम्लीको आफ्नै असावधानीले म्याद गुज्रेको हुन्छ । उनले अब नयाँ जुक्तिको अभिनय गर्छन्- तारेखमा हाजिर हुन आउँदा चेपे खोलाको बाढीले रोकेर म्यादभित्र हाजिर हुन पाइनँ, थमाउने म्याद पनि छैन । त्यसकारण खोलालाई प्रतिवादी बनाएर नलिस दिन आएको छु । खोलालाई सजाय गरी मेरो तारेख थामी पाऊँ) यही व्यहोराको नालिस लेखेको सङ्क्षिप्त एकाङ्की हो यो ।)

**दृश्य-१**

जुम्ली - यो फिरादपत्र दर्ता गरिपाऊँ हजुर (भन्दै अदालत पुग्छन् ।)

स्रेस्तेदार - (जुम्लीका मुखमा हेर्दै) एकछिन पर्खनोस् भनेर भित्र पस्छन् । निकैबेरपछि आएर- तपाईं ढिलो आउनुभो, नालिस हुने बेला भयो, अब भोलि बेलैमा आउनोस् ।

जुम्ली - (मनमनै) नाइँ भनौं भने मुद्दा सोझ्याउने र बङ्ग्याउने यिनै हुन्छन् (भन्दै फिरादपत्र झोलामा राखेर हिंड्छन् । भोलिपल्ट कुन्नि केको विदा परेछ, त्यसै फर्केर पर्सिपल्ट दश बजे पुगेर बसेका हुन्छन् ।)

स्रेस्तेदार - खै ल्याउनोस्, पैले तपाईंकै काम गरौं ।

जुम्ली - फिरादपत्र दिँदै (स्रेस्तेदारलाई प्रभावमा पार्न) हजुरलाई भनेर शिलाजित ल्याएको थिएँ, डेरैमा बिर्सेंछु- अब भोलि लिएर आउँछु ।

स्रेस्तेदार - (जुम्लीका मुखमा हेर्दै फिरादपत्र फुकाएर पढ्न थाल्छन् । केही बेर पछि) हैन, यो के तमासा हो ? खोलालाई पनि नालिस ? कहाँ छ यहाँ त्यस्तो ऐन-कानुन ? यो हुँदै नहुने कुरा (भन्दै फिरादपत्र फादिन्छन् ।)

जुम्ली - अन्याय गर्न्या उपर किन नलाउन्या ? अन्याय मान्छेले मात्रै गर्न्या हो र ? खोलाले रोक्यो, हाजिर हुन सकेन, तारेख गुज्रियो । अब कसका नाममा उजुर गर्न जाऊँ त ? ठाउँ देखाइदिनु पऱ्यो नि !

स्रेस्तेदार - वकिललाई सोध्नोस्, यही फिरादपत्र लेख्नेलाई सोधे पनि हुन्छ । भोलि पैरो गएर बाटो छेकिएला रे ! पैरालाई पनि नालिस दिने ? (भन्दै झोक्किन्छन् ।)

श्रोता - सवाल-जवाफ सुनिरहेका श्रोताले अचम्म मानेर हैन के हो ? भनेर सोध्छन् स्रेस्तेदारले बेलीबिस्तार लगाएपछि सबै हाँस्छन् ।

## दृश्य-२

(भोलिपल्ट जुम्ली शिलाजित बेच्दै हिँड्छन् । स्कुल विदा भएर निस्केका हेडसर ठयाक्क त्यहीं पुगेर) हैन, के हो ? भनेर सोध्छन् । पसलेले) शिलाजित किनौं भनेर सर !

हेडसर - शिलाजित त विचार गरेर किन्नुपर्छ, नत्र त नक्कली (मिसावट) पनि पर्न सक्छ ।

पसले - सक्कली नक्कली कसरी थाहा पाउने त सर ?

हेडसर - सक्कली भए आगोमा बल्छ, मिसाबट भए बल्दैन, खै ल्याउनोस् त यौटा बत्ती, बालेर हेरौं ।

पसले - (भित्र गएर यौटा टुकी र सलाई लिएर आउँछन् ।)

हेडसर - (बत्ती बालेर) खै ल्याउनोस् त अलिकति शिलाजित ?

जुम्ली - तिमीलाई के थाहा छ सक्कली-नक्कली ? गोर्खाली मान्छेहरू हामीलाई हेप्छन् । बेचौं न हामी यस्तालाई (भन्दै गिलोगिलो कालो डल्लो झोलामा राख्दै आफ्नो तराजु लिएर हिँड्छन् ।)

हेडसर - देख्नुभो त ? सक्कली भए त्यसरी डराउनु पर्दैनथ्यो ।

पसले - हैन, सरले कसरी थाहा पाउनुभो ?

हेडसर - ल म जुम्लामा पनि बसेको हुँ नि, त्यहाँ त इन्डियन व्यापारी जडिबुटी किन्न वर्षेनी आइरहन्छन् नि । उनीहरूले शिलाजित बालेर जाँचेर मात्रै किन्ने गरेको देखेको हुँ ।

पसले - ओहो ! आज हजुर मौकैमा नआइपुग्नुभएको भए म त ठगिने रहेछु, धन्न जोगिएँ सर !

## दृश्य-३

(त्यसपछि भोलिपल्टै निवेदन लिएर राजदरबारका मुख्य सचिवका घर पुग्छन्)

मुख्यसचिव - यहाँ होइन, राजदरबारमा बिन्तीपत्र चढाउनोस् । (तैपनि जुम्ली हातमा कालो डल्लो खेलाएर उभिरहेको देखेर) हैन, सुन्नुभएन ? दरबारमा दिने बिन्तीपत्र भनेको ? त्यो हातको के हो नि ?

जुम्ली - हजुरलाई चढाउन चोखो शिलाजित ल्याएको हजुर ।

सचिव - ए, ल ल ठीक छ, ऊ त्यहाँ राखेर आउनोस् (भनेर टेबुल देखाउँछन्, ढुक्क भएर सचिवका पाउ समातेर ढोग्न खोज्छन्)

सचिव - भो भो, पर्दैन बिन्तीपत्र दियौ भने जाहेर हुन्छ, बुझ्दै रहनु, यहाँ आउनु पर्दैन ।

(त्यसपछि यथासमय बिन्तीपत्र राजासमक्ष जाहेर हुन्छ । अन्त्यमा सचिवकै सल्लाहअनुसार प्रधानन्यायाधीशको राय लिएर फैसला गर्नु भन्ने हुन्छ । न्यायालयमा छलफल हुँदा- ऐनकानूनबाहिरको विषय हुनाले यसमा श्री ५ बाट विवेक प्रयोग हुन उचित हुने भन्ने राय जाहेर भएपछि श्री ५ बाट बुझ्री व्यहोरा साँचो भए र खोलाले रोकेकै कारण तारेख गुज्रेको भए, तारेख थामिदिने र पूर्व-पश्चिम सबैतिर हुलाकी बाटामा पर्ने खोलाका घाटहरूमा आवतजावत नरोकिने गरी झोलुङ्गे पुल बनाउनु भन्ने तोक लाग्छ । त्यसपछि खोलाले रोके नरोकेको बुझ्न सम्बिन्धत गोश्वारमा लेखी पठाइएको हुन्छ । त्यो सबै सुनेर ढुक्क भएका जुम्ली एकदिन फेरि अदालत पुग्छन्)

## दृश्य-४

जुम्ली - नमस्ते हजुर !

स्रेस्तेदार - ए तपाईं ? दरबारमा बिन्तीपत्र दिएको भन्या सुन्थैं, के भयो ?

जुम्ली - हुकुम भयाको सुनेको छु- (भन्दै सबै बेलीविस्तार आउँछन् ।)

स्रेस्तेदार - तपाईंले भने जस्तै भएको भए पनि सबैकुरा बुझेर आउँन महिनौं लाग्न सक्छ । त्यसपछि मात्र थाहा हुन्छ । ए साँच्चै, त्यो बेला आउँदा अस्तिनै तपाईंले भनेको ल्याइदिनुहोला है ।

जुम्ली - अस्तिको त त्यैं बेचेर खायो, क्वै कतै चढायो अब छैन ।

स्रेस्तेदार - अब घर गएर आउँदा ल्याइदिनोस् भनेको नि ! तारेख थामियो भने त आउनुहोला नि !

(त्यसैबीच एकजनाले जुम्ली र हेड सरबीच भएको शिलाजित बारेको कुराकानी सुनाउँछन्)

जुम्ली-(चर्केर) क्या कुरा गर्‍याको त्यो मास्टर नै नक्कली हो, शिलाजित नक्कली

भए बिक्ने नै थिएन (यसोभन्दा सबै हाँस्छन् ।)

स्रेस्तेदार - जे भए पनि तारेख थामिएर आयो भने मलाई त सक्कली नै ल्याइदिनु भनेर छलफल टुङ्ग्याउँछन् ।

श्रोताहरू - (सवाल जवाफ सुनिरहेकाहरूले भने) जेहोस्, जुम्लीको निवेदनले गर्दा खोलाहरूमा झोलुङ्गे पुल बने भने बन्ने भो । त्यही नै ठूलो उपलब्धी हुनेछ । धन्यवाद जुम्ली भाइ ।

जुम्ली - (खुसी हुँदै बाटा लाग्छन् ।)

≋

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार-२०७२**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी
२०७९ रमेशचन्द्र देवकोटा

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान-२०७३**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित
२०७९ सुनील पौडेल

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान-२०७४**
२०७४ रोहिणीविलास लुइटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्रा. डा. नारायणप्रसाद खनाल
२०७९ रमेशप्रसाद गौतम

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान-२०७४**
२०७४ नेपाल बालसाहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
२०७८ तेजप्रकाश श्रेष्ठ
२०७९ भिक्टर प्रधान

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान-२०७७**
२०७७ विद्यानाथ उपाध्याय
२०७८ प्राडा. वीरेन्द्र मिश्र
२०७९ डा. गोविन्दशरण उपाध्याय

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान-२०७७**
२०७७ नारायण तिबारी
२०७८ श्रीओम श्रेष्ठ 'रोदन'
२०७९ प्राडा. कपिल लामिछाने

**१३. 'आमोई पद्याख्यान पुरस्कार-२०७७**
२०७७ होमनाथ सुवेदी
२०७८ श्रीहरि फूयाँल
२०७९ नरेन्द्रराज पोडेल

# स्वच्छ वातावरण

**रञ्जुश्री पराजुली**



(पशुपति माध्यमिक विध्यालय कक्षा सातकी शिक्षिका विमला शर्मा विद्यालयको पोसाकमा कक्षा सातका विभिन्न समूहबाट छानिएका छात्रा छात्राहरूले उपरोक्त शीर्षकमा एकाङकी नाटक प्रदर्शन गर्न लागेको विषयका साथै सहभागी छात्राको नाम उदघोषण गर्दछिन् ।

भरत- कक्षा सात समूह क वर्ष १३, अमर- कक्षा सात समूह ग वर्ष १४, रमन- कक्षा सात समूह ख वर्ष १४, उमा- कक्षा सात समूह ख वर्ष १४, रूपा- कक्षा सात समूह ग वर्ष १४, पूजा- कक्षा सात समूह क वर्ष १४ । यी छ जना छात्रछात्रा एकाङ्कीमा अभिनय गर्न जागरूकताका साथ तत्पर भएका छन् ।

विद्यालयको कार्यक्रम हलमा रङ्गमञ्च बनाइएको छ । अगाडिको दीर्घामा वातावरण विद् नारायणप्रसाद शर्मा प्रमुख अतिथिको रूपमा र अरू विशिष्ट अतिथि तथा अभिभावकहरू आसिन भएका छन् । मध्याह्नको बेला भए पनि रङ्गमञ्चलाई रङ्गीन ज्योतिले सुशोभित गरि एको छ । त्यसै बीच शिक्षिका विमलाले हातमा माइक लिएर अभिनय गर्नेहरूको परिचय तथा शीर्षकको जानकारी गराउँदै एकाङ्की सुरु भएको उदघोषण गर्दछिन् ।)

**रङमञ्चको पर्दा खुल्छ**

भरत - रिस उठेको भावमा एक्लै फतफताउँदै हातमा खरेटो लिएर आँगन बढार्दै लगेर फोहर जति आफ्नै ढोका अगाडि फ्याँक्छ । त्यसैबीच सडकमा उसको साथी अमरसँग भेट हुन्छ ।

अमर - पख पख, यसरी सडकमा फोहर फ्याँक्न हुन्न भरत । सचेत नागरिकले फोहरलाई तोकिएको ठाउँमा व्यवस्थित तरिकाले फ्याँक्नुपर्नेमा तिमीले त झन् आफ्नै मूल ढोका अगाडि पो फ्याँक्यौ त ? त्यसो गर्नु राम्रो हो त ?

भरत - हुन त नहुने हो तर के गर्नु ? हतार भइरहेछ । यति बढार्ने काम सकेर तर्कारी किन्न जा भनेको छ आमाले । फेरि आफ्नो त हिजोको गृह कार्य पनि सक्नु छ । दश बजे स्कुल नपुगे कक्षाभित्र पस्न पाइन्न । आ.... आ मलाई वास्ता छैन । ल है म तरकारी किन्न गएँ (भन्दै गीत गाउँदै झोला हल्लाउँदै पसलतिर लम्क्यो । त्यही बेला समकक्षी रमा, पूजा र उमासँग उसको जम्काभेट भयो । रमाले पूजाको थाली समातेकी थिई । पूजाले मन्दिर बढारेर जम्मा पारेको फोहरको थैलो अनि उमाले प्लास्टिकका फोहर थैला हालेको झोला बोकेका थिए ।)

पूजा - ओहो ! भरत एकाबिहानै गीत गाउँदै कता हो ?

उमा - वातावरण स्वच्छ राख्ने अभिप्रायले हामी भगवान्को पूजा गरेपछि मन्दिरको परिवेश सफा गरेर आएको ।

भरत - म त कतातिर घुमेर आएको भन्ठानेको । जेहोस् मलाई धेरै मिहिनेत नगरीकन जाँचमा राम्रो नतिजा ल्याओस् भनेर प्रसाद लगाइदेओ । तिमीहरू मेरा दिदी बैनी त हौ नि ! (भन्दै सिर झुकाएर प्रसाद लगाउँदै) यो बटुलेको फोहर के गर्ने त ? (भनेर सोध्यो) मैले त मीठो खानेकुरा साथीहरूले ल्याए खान पाइन्छ भनेर मुख मिठ्याउँदै थिएँ ।

पूजा - (प्रसाद लगाइदिंदै) कसैलाई के धन्दा घर ज्वाइँलाई खानकै धन्दा भने झैं तिमीलाई मीठो खानेकै धन्दा छ । यो खानेकुरा हो र ? हामी तीन जना सधैं मन्दिर सफा गरेर फोहर बटुलेर ल्याउँछौ । रमाको बुवाले प्लास्टिक जति सबै पखालेर सुकाउनु हुन्छ । सुकेपछि सिर्जनशील दिदीहरू त्यो लिन आउनुहुन्छ । त्यसको रङ मिलाएर म्याट चकटी आदि बनाएर बेच्नुहुन्छ । त्यस्को केही रकम हामीलाई पनि दिनुहुन्छ । गलेको फोहर जति पनि उहाँ खाल्डोमा हालेर मलखाद बनाउनुहुन्छ । त्यो पनि बिक्री हुन्छ । त्यस्बाट पनि हामी केही रकम पाउँछौं । त्यो रकमबाट हामी पुस्तक किनेर आलोपालो गरी पढ्छौं (बुबालाई पत्रिका किन्न बाहिर निस्केको रमनसँग पनि त्यहाँ उनीहरूको भेट हुन्छ ।)

उमा - वातावरण सफा राख्नु प्रत्येक नागरिकको कर्तव्य हो । अबको पचास वर्षमा खोला नाला, नदी, महासागरसम्म पनि अहिले हामीले बेपर्वाह तवरले फालेको फोहाको थुप्रो बग्दै गएर अहिलेको भन्दा आधा आकारको बन्छ रे ! भन्ने कुरा विज्ञानले भविष्य वाणी गरिसकेको छ । त्यसैले हामीले यो विषयमा आजै होसियार बन्नुपर्छ ।

रमन - मलाई त यस्ता कुराको केही मतलब छैन । आज स्वच्छ हावा सास फेर्न पाएको छु । पेटभरि खान, राम्रो लाउन पाएको छु । त्योभन्दा बढी मलाई

चाहिँदैन । भोलिको मलाई के मतलब । आफू मरेपछि डुमै राजा । ल त म गएँ है । आज फुटबल टुर्नामेन्ट हेर्न जानु छ । बाई.. बाई... (भन्दै ऊ बाटो लाग्यो ।)

रमा - आजको स्वच्छ वातावरण भविष्यका सान्ततिको पेवा भन्ने कुरामा रमनलाई वास्ता नै रहेन छ । आज हामीलाई स्वच्छ वातावरणको जरुरत छ त भोलिका पिँढीलाई पनि त्यो आवश्यक हुन्छ नि ! आज सरसफाई, हरियाली, प्लास्टिक उन्मुलन गरेनौं भने त्यसको असर भोलिका सन्ततिले भोग्नुपर्छ । त्यसैले आजैदेखि यस विषयमा हामी सचेत हुनुपर्छ ।

## दृश्य दुई

(पाठशालामा दिउँसोको खाजा खाने घन्टीमा ती सबै छात्रछात्रा र अरू पनि केही खाजा खान भनेर स्कुलको बगैंचाको चौतारीमा जम्मा भएर 'आजको स्वच्छ वातावरण भोलिका सन्ततिको पेवा' भएकोले वातावरण प्रदूषण हुन नदिनु सबैको उत्तरदायित्व भन्ने विषयमा अभियान सुरु गर्ने सल्लाह गरे ।)

उमा - सात कक्षामा पढ्ने हामी अब ठूला भइसक्यौं । यस अभियानलाई अगाडि बढाउनु हाम्रो जिम्मेवारी पनि हो । त्यसैले यसलाई नारा बनाएर हामी अगाडि बढौं । मेरो विचार सबैलाई कस्तो लाग्यो ?

(सबैले एकै स्वरमा हात उठाएर सहमती जनाउँदै) विलकुल सही लाग्यो भने ।

भरत - मैले त यस्तो राम्रो कुरा बुझेकै रहेनछु । त्यसैले आज बिहान बढारेको फोहर आफ्नै मूलढोका अगाडि फ्याँकेको रहेछु । अब म त्यसो गर्दिनँ, गर्न हुन्न भनेर अरूलाई पनि सिकाउँछु ।

अमर - हामी अहिलेदेखि यो अभियान सुरु गरौं । पाठशालाको हाताभित्र छरिएका प्लास्टिक, अरू फोहर बटुलेर गल्ने, कुहिने, नगल्ने, नकुहिने बेग्लाबेग्लै तोकिएको बाल्टिनमा फ्याँकौं (भन्दै फोहर बटुल्न लागे ।)

(यसै बीच उद्घोषकले एकाङ्की समाप्त भएको जानकारी दिएपछि र डमञ्चको पर्दा बन्द हुन्छ ।)

(अतिथि, अभिभावक तथा दर्शकहरू ताली बजाउँदै यी भाइबैनीको यो एकाङ्कीबाट हामीलाई पनि वातावरण स्वच्छ राख्ने प्रेरणा मिल्यो भन्दै सिटबाट उठे ।

बाँसबारी, काठमाडौं ।

≋

# प्रेमको मूल्य

ललिता 'दोषी'



(पात्रहरू : पल्लवी-२३ वर्ष, चन्दन-३० वर्ष, मेनका-४९ वर्ष, प्रश्ना-५१ वर्ष, लक्ष्मण-५६ वर्ष, बच्चा-८ महिना, कृष्णादेवी बजै-७५ वर्ष ।)

स्थान- भान्साकोठा
समय- ७ बजे बिहान
महिना- माघ

(ठूलो खुल्ला खाले भान्सा कोठा, कोठामा ठूलो राउन्ड खाले डाइनिङ टेबुल, वरिपरि छ सिटको मेच, डाइनिङ टेबुल नजिकै फ्रिज, भान्साको भित्तामा काठको र्‍याक,र्‍याकमा भाडाहरू घोप्ट्याइरहेको, ग्याँस चुलोभन्दा केही पर मसलाहरू राख्ने सानो दराज, दराजनजिकै ओभन, एउटा व्यवस्थित भान्साकोठा, मेनका ग्यासमा सानो दिउरेमा चिया बसाल्दै आफ्नै सुरमा भजन गाउँदै)

मेनका - फूलको थुङ्गा झरे झैं
झरिजाने जिन्दगी
एक दिन त चितामै
परिजाने जिन्दगी
छोटो यो जिन्दगीलाई
सत्मार्गमा लगाऊँ
प्रभु शिव, शिव भन्दै
सारा जीवन बिताऊँ

पल्लवी - (भान्सा कोठाभित्र छिर्दै रिसाएको स्वरमा) के प्रभु शिव ! शिव ! भनिसिन्छ ? हृदयमा पनि शिव हुनुपर्‍यो नि ! मुखमा मात्र शिव भएर भएन क्यार !

मेनका - (पल्लवीतिर फर्केर खुसीको स्वरमा) लौन आज के उल्का भयो ? ल

म स्पेसल चिया बनाउँछु हाम्री महारानीको लागि ।

पल्लवी - (रिसाउँदै अलि ठूलो स्वरमा) हजुरले उल्कासुल्काको कुरा छोडिस्यो । म चियासिया केही खान्नँ । तीन रात भइसक्यो ननिदाएकी । आफू भने कुम्भकर्णजस्तै घुरघुर घुर्दै निदाइसिन्छ अनि अरूको के मतलब हँ ?

मेनका - (पल्लवीतिर हेर्दै नम्र स्वरमा) ल हेर रिसाएकी, उल्का नभनेर के भन्नु त ? दुई पाइला नजिकको घर छ कहिल्यै आउनु छैन । आज बच्चाको रुवाइले भए पनि तान्यो राम्रै भयो ।

पल्लवी - (झर्किंदै) भैगो ठट्टा गर्न छोडिस्यो । हजुरको बानी देखेर त वाक्कै भइसकें । हिजो कृष्णादेवी बजै पनि भन्दै होइसिन्थ्यो, नानी ! तिम्रो आन्टीलाई पैसाले कहिले पुगेन हगि ? कुन चाहिँ सडकछापलाई ल्याएर कोठामा राखिछन् कुन्नि ! रातभरि बच्चा रुवाएर सुत्न नै दिंदैनन् । म त बिरामी नै पर्ने भएँ नानी ।

मेनका - (चिया पल्लवीतिर बढाउँदै) बस नानी ! कुरा अर्कै छ । मुख हेर्नेको केके भने जस्तै त्यस्तै आइलाग्यो मैले के गरौं ? सागरको बानी तिमीलाई थाहा नै छ । उसको जिद्दीको अगाडि ... ।

पल्लवी - (मेचमा बसेर चिया आफूतिर तान्दै) हजुर सधैं कुरा बङ्ग्याइसिन्छ सिधै भनिस्यो न उनीहरू दादाका बहिरा-बहिरी साथी हुन् भनेर ।

मेनका - (अलि गम्भीर स्वरमा) नानी ! तिमी चित्त नदुखाऊ । त्यो रुँने त्यही जहरिलो गोमन साँपको छोरा हो ।

पल्लवी - (पिउँदा पिउँदैको चिया छोडेर आँखाभरि आँसु पारेर उठ्दै) मलाई अबदेखि छोरी भन्नुपर्दैन । म भन्दा पनि त्यो गोमन नजिक भयो होइन हजुरहरूलाई ?

मेनका - (पल्लवीको हात समात्दै) नानी, तिमी कुरै नबुझी रिसायौ । त्यो गोमनसँग म एक शब्द पनि बोलेकी छैन । सागरको खुट्टा समातेर केही दिन बस्न देऊ भनेर रोएछ । के गरोस् त सागरले तिमी नै भन ?

पल्लवी - (मेचमा बसेर गम्भीर मुद्रामा) होइन हजुर बहुलाउन त लागिसेन ? ऊ जस्तो धनी त्यो पनि हाम्रो घरमा के नचाहिने कुरा गरिसिन्छ ?

मेनका - (लामो श्वास फेर्दै) डढेलो लग्यो नानी त्यसको धनमा, तिम्रो आँसुले होला किनारा लाग्न नै सकेन त्यो पापी । आफ्नी सुन्दरी स्वास्नीको लहैलहैमा लागेर ठेक्कापट्टाको के के काम गरेछ त्यसमा नराम्रोसँग डुबेछ । अब योसँग बसेर खैरियत छैन भन्ने ठानेर होला भएका गहना पैसा लिएर आठ महिनाको बालकलाई छोडेर अर्कैसँग कुलेलम ठोकी छ मोरीले । बाबुआमालाई खाएको मोराले अब छोरालाई पनि खान्छ । मुसाको छाउरा जस्तै छ छोरो ।

(काकीको कुराले पल्लवी टोलाइरहिन् त्यत्तिकैमा पल्लवीकी आमा प्रश्नाको प्रवेश हुन्छ)

प्रश्ना - (सानो कचौरा डाइनिङ टेबलमा राखेर मेचमा बस्दै) हैन आमाछोरीको के खासखास-खुसखुस हो ? (छोरीतिर हेर्दै) आन्टीसँग बाझ्नु बाझ्यौ कि क्या हो ? म चाहिँ बाझ्न होइन चुक लिन आएकी हुँ ।

मेनका - (मलिन स्वरमा प्रश्नातिर हेर्दै) दिदी ! कुन मुखले भन्नु त्यो त्यही साँप हो भनेर । सागरको कमलो मन उसको आँसुले पग्ली हालेछ । मैले उसलाई के भन्ने के नभन्ने सोच्नै सकेकी छैन । दिदीसँग सल्लाह गर्न आउँछु भन्दै थिएँ दिदी नै आउनुभयो । हुन त ऊ अहिले मणि हराएको सर्पजस्तै भएको छ ।

प्रश्ना - (अनकनाउँदै) त्यो साप टुटेको कुरा त धुइरो-धुइरोविनाले भनेकी थिइन् । मैले पल्लवीलाई नभनेकी मात्र हुँ । हिजोजस्तो लाग्छ पल्लवीको मात्र होइन हाम्रो पनि हृदय टुक्रिएर छियाछिया भएको ।

मेनका - (आँखाभरि आँसु पार्दै) हो त्यो साप पल्लवीको हृदयभरि कहिल्यै नओइलिने गरी फुलेको थियो । जिन्दगीका लामा बाटाहरू उसैसँग काट्ने सोचेकी थिइन् । हामी पनि त सोच्थ्यौं । चन्दन र पल्लवीको प्रेम पहाडजस्तै मजबुत छ भनेर ।

प्रश्ना - (लामो स्वास फेरेर) त्यो गोमनले पल्लवीको अटुट विश्वासलाई भ्रमको संज्ञा दियो । प्रेम चरम विन्दुमा पुगेपछि पल्लवीलाई अग्निकुण्डमा फ्याँक्यो । त्यसैको फल भोग्दैछ त्यो पापी । भगवान्‌ले जे गर्छन् राम्रैका लागि गर्छन् । पल्लवीले त्यो भन्दा राम्रो इन्जिनियर केटा पाइन् । अर्को हप्ता त कुरा पनि छिनिँदै छ ।

मेनका - (पल्लवीतिर हेर्दै) होइन के सोच्यौ नानी ? कतै त्यो गोमनेकै बारेमा त सोचेकी होइनौ ? तिमीलाई सडक सम्झेर कुल्च्यो । तीनचार वर्षको अन्तरालमा स्वयम् सडक बन्यो । त्यो पापी नराधमलाई ढोकाबाट छिर्न नै दिन्थिनँ । के गर्नु छोरो त्याग्न सकिएन र पो । 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' भन्थे' त्यही चाल भयो मोराको ।

पल्लवी - (नम्र स्वरमा) आन्टी ऊ मेरो प्रेमीभन्दा पहिले दादाको मिल्ने साथी हो । दादाकै कारण मेरो ऊसँग परिचय भयो । म नै ऊ पढेको कलेजमा पढ्न गएँ । त्यत्रो चोट पर्दा पनि मैले कहिल्यै उसको कुभलो चिताइँन । ऊ सानो चोटले यहाँ आएको छैन । दादाले बाध्य भएरै यहाँ ल्याउनुभएको हुनुपर्छ । दादाले मेरो घाउमा नुन छर्न सक्नुहुन्न त्यो मलाई राम्रै थाहा छ ।

मेनका - (रिसाउँदै) तिम्रो मन देखेर म आजित हुन्छु । मानवीय मूल्य कुल्चने

त्यो पाजीलाई सबक सिकाउनु पर्ने हो तर खोइ ?

प्रश्ना - (मलिन स्वरमा) देऊ चुक म जान्छु । भगवान्ले यिनीहरूलाई किन यति कोमल मन दिए होलान् ?

मेनका - (प्रश्नालाई चुक दिँदै उनी गएतिर हेर्दै) ल आउँदै गर्नु है दिदी !

प्रश्ना - (ढोकाबाहिर निस्किँदै) आउँला नि !

पल्लवी - (अँध्यारो मुख लगाएर उठ्दै) म पनि गएँ ।

मेनका - (पल्लवीतिर हेर्दै) मन नदुखाई जाऊ नानू !

पल्लवी - (ढोकाबाहिर निस्किँदै) हवस् ।

चन्दन - (वरण्डामा बच्चा डुलाउँदै गरेको चन्दन, गला अवरुद्ध पार्दै) पल्लवी ! तिमीलाई बोलाउने अधिकार त छैन । प्लिज एकछिन कोठामा आऊ ।

(पल्लवी चुपचाप चन्दनको पछि लागिन् । कोठा देख्दा पल्लवीलाई मुटु नै फुट्लाजस्तो भयो । डुङ्ग गह्नाउने कोठा, लथालिङ्ग कपडा, भाँडाहरू कति दिनदेखिको जुठो, पलङमा बस्दा पनि डसना पिसाबले भिजेको)

पल्लवी - (लामो श्वास फेर्दै) उफ !

चन्दन - (लज्जामिश्रित भावमा पल्लवी नजिकै पलङमा बस्दै) पल्लवी ! हुन त म तिमीसँग माफ माग्न लायक छैन । सक्छ्यौ भने मलाई माफ देऊ । मान्छेहरूले नदीको किनारमा बसेर नदीको गहिराई नाप्न सकिँदैन भन्थे ठीक नै रहेछ । बत्तीको उज्यालो देखेर झ्याम्मिने पुतली बनें म । तिमीले मेरा यति कुरा सुन्यौ मैले सर्वस्व पाएँ । (काखमा लिइरहेको बच्चा पल्लवीतिर बढाउँदै) एकछिन बाबू लिइदेऊ म दूध बनाउँछु । (पल्लवीले बच्चा लिइन्, मुसाको छाउराजस्तो बच्चा देख्दा उनको आङ नै जिरिङ्ग भयो । पल्लवीका आँखा चन्दनको आँखामा गएर ठोक्किए । त्यो फटिकजस्ता चम्किला आँखाहरूमा टम्म आँसु भरिरहेको थियो ।)

पल्लवी - (बच्चाको निदार छाम्दै सानो स्वरमा) बाबूलाई त ज्वरो आएजस्तो छ ।

चन्दन - (रुन्चे स्वरमा) खोइ के भएको हो हिजोदेखि दूध पनि खान मानेको छैन । साथमा पैसा पनि छैन । हामी दुवै मर्न पाए हुन्थ्यो । म त पापिनीले सम्पूर्ण सम्पत्ति लट्टीपट्टी पारेर गएको दिन नै मर्थें होला । बाबूको मायाले मर्न पनि सकिनँ । अहिले पलपल जिउँदै मरेको छु । तिम्रो भावना नबुझेको फल भोग्दै छु ।

मेनका - (बाहिरबाट नै कर्कसा स्वरमा) पल्लवी ! छिट्टो बाहिर आऊ । यो सागरले पापी गोमनलाई घरमा राखेर ... । ल अहिले निस्किहाल् पापी । मेरी नौनीजस्ती छोरीको अगाडि त्यो मूल्यहीन गोहीको आँसु नझार ।

चन्दन - (बनाउँदा बनाउँदैको दूध छोडेर पल्लवीको काखबाट बच्चा लिँदै

डराएको स्वरमा) म पापी गोमन नै हुँ । जाऊ पल्लवी अहिले फेरि आन्टीले मार्नु हुन्छ ।

पल्लवी - (बच्चातिर हेर्दै) आन्टीको बानी नै यस्तै हो । पहिला बाबूलाई हस्पिटल लगौं ।

मेनका - (कोठामा नै आएर पल्लवीको हात तान्दै) ल छिटो हिँड् । यस्तालाई सहानुभूति देखाउनु त धिक्कार हो । पहिला पल्लवी मेरो रूपलाई र धनलाई प्रेम गर्छे भन्ने कोही नभएर यही पापी हो । अब त राम्रै बुझ्यो होला नि प्रेमको मूल्य । ल उठ अटेरी नहोऊ । साँपको दुलोमा हात हाल्यो भने त्यसले बाँकी राख्दैन ।

पल्लवी - (मेनकाको हात फुत्काउँदै) ल हेरिस्यो यो सानो बच्चालाई, म उसलाई मर्न दिन्नँ पहिला हस्पिटल लगेर आऊँ, अनि यो अबोध बालकको के दोष छ आफै भनिस्यो ?

चन्दन - (बरबर आँसु झारेर) पल्लवी जाऊ मलाई पापको सजाय भोग्न देऊ । मैलै यो भन्दा पनि सयौं गुना बढी पीडा भोग्नुपर्छ । म मान्छे हैन । म पापी हुँ । आन्टीको कुरा सोह्रै आना ठीक हो ।

पल्लवी - (आँखाभरि आँसु पार्दै, बच्चा लिँदै) म यो बच्चा मरेको हेर्न सक्दिनँ ।

मेनका - (मोबाइल थिचेर फोन गर्दै) दिदी छिट्टो दाइलाई लिएर आउनोस् । पल्लवी बहुलाउन लागिन् । चन्दनको बच्चालाई मर्न दिन्न पो भन्छिन् । फेरि के के भन्ने हो ? (लक्ष्मण र प्रश्ना दौडिंदै आउँछन् । कोठाभित्र छिरेर पल्लवीतिर हेर्दै)

लक्ष्मण - (रिसाएको स्वरमा) नानी, छिट्टो हिँड् यो दया गर्न लायक मान्छे होइन । भोलि तिमीले यो कोठामा बसेको कुरालाई लिएर पनि छिमेकीले तिम्रो घर बिगार्ने छन् ।

प्रश्ना - (रुँदै) नानी, हिँड तिमीजस्ता आदर्शले नै प्रत्येक पल मर्नुपर्छ बुझ्यौ ? बच्चालाई बरु हामी हेरौंला । मनै हस्पिटल जान्छु । मनै पाल्छु । तिम्रो खुसीको लागि जे पनि गर्छु ।

पल्लवी - (शिर झुकाउँदै) पापा-ममी ! चन्दनले भुलको प्रायश्चित गरिसके । पापा हजुरले भनिसिन्थ्यो, नानी ! जीवन लिनेभन्दा जीवन दिने लाखौं गुना महान् हुन्छन् भनेर । मैले धेरैको रक्षा गर्न नसके पनि...।

मेनका - (रिसाउँदै) हरे दैव ! नानी के भनेकी तिमीले कहाँ यो गोमन मौका पाउँदा डस्ने पापी ! कहाँ औलादौला सम्पत्ति भएको, यो भन्दा पनि सुन्दर इन्जिनियर, हतारमा निर्णय लिएर फुर्सदमा पछुताउनु राम्रो होइन बा ! बरु बच्चा हामी नै स्याहाछौं । तिमी खुरुक्क घर जाऊ ।

चन्दन - (आँसु पुछ्दै) पल्लवी म तिमीसँग माफ माग्न चाहन्थें, साथ होइन ।

बाबू देऊ र जाऊ । तिमी कहाँ आकाशकी जून, म कहाँ धर्तीको धुलो ...।

कृष्णादेवी बजै - (कोठाभित्र छिर्दै ठूलो स्वरमा) हैन के को हल्लाखल्ला हो ? (चन्दनतिर हेर्दै) बाबू तिमीलाई छिमेकमा बूढाबूढीहरू पनि हुन्छन् भन्ने सोचसम्म आएन ? (मेनकातिर हेर्दै) मेनकाको छाँटकाँट पनि मलाई पटक्कै राम्रो लागेन । कुन दिन छिमेकीले पुलिस बोलाउन बेर छैन । मैले नै बोलाउन लागेकी थिएँ । किन मर्दापर्दा चाहिने छिमेकीलाई नराम्रो गर्नु भनेर पो चुप लागेँ । अब यस्तै हो भने म चुप लाग्दिनँ ? अहिल्यै भनिदिएकी छु बुझ्यौ ?

पल्लवी - (आँसु पुछ्दै) बजै, कुरा अर्कै रहेछ । म पनि हजुरजस्तै रिसाएर यहाँ आएकी थिएँ । हेरिस्यो न यी बाबू त साह्रै बिरामी पो रहेछन् । साँचो कुरा यिनकी पापीनी आमा यिनलाई छोडेर अन्तै गइछन् । मैले यिनलाई सहारा दिने निर्णय गरेँ बजै । हजुरलाई के ढाट्नु म यिनका बाबुलाई पहिलादेखि नै प्रेम गर्थें । यिनले मेरो प्रेमलाई बुझेनन् । अन्तै विवाह गरे ! म भने अझै....।

कृष्णादेवी बजै - (सानो स्वरमा) स्वास्नी छोराछोरी छोड्ने बाबु त धेरै देखिएको थियो । त्यस्ता अधर्मी आमा पनि हुँदा रहेछन् । नानी, यो सोझाको जवाना नै होइन म के भनौं ? सायद भगवान्को मर्जीले नै यिनीहरूलाई यहाँ डोऱ्याएको पनि हुन सक्छ । मैले पनि त बूढाको प्रेम हो कि सिरेम भुल्न सकिनँ । उनको बाटो कुर्दै बसेँ । विदेश गएका उनी कहिल्यै फर्केनन् । मरे बाँचेको समेत पत्ता छैन । धन्न छोरा थियो र छहारी पाएँ । यिनले कुरा खोल्न नसके पनि तिम्रै मायाले यहाँ आएका हुन् । क्षमा नै परोम धर्म भन्छन् नानी ।

पल्लवी - (रुन्चे स्वरमा) हो बजै ! यो सब भगवान् कै मर्जी होला । मैले जति नै सुख पाए पनि, हिराले पुरिए पनि मेरो हृदयको कुनै कुनामा चन्दन हुने छन् । उनको प्रेममा स्वार्थ भए पनि मेरो प्रेममा स्वार्थ थिएन । मेरो पहिलो प्रेम यिनी नै हुन् । म अझै उनलाई माया गर्छु । (आमातिर हेर्दै) ममी ! हजुरको शिर झुक्दैन । बरु यो समाजले प्रेम भनेको पल्लवीको जस्तो हुनुपर्छ भन्ने छन् । मैले धन र रूप हेरेर प्रेम गरेकी थिइनँ । अन्जानमै माया बस्यो । चन्दनलाई कसै गरी पनि फ्याँक्न नै सक्दिनँ ।

कृष्णादेवी बजै - (एकोहोरो पल्लवीतिर हेर्दै) तिमी कलिको देवता नै हौ नानी ! अरूको खुसीको लागि बलि हुन चाह्यौ । इन्जिनियर हो कि क्या हो छोडेर यिनीहरूको साथ दिन्छु भन्ने कोही पाइँदैन । छिमेकी म पनि त हुँ नि ! तिम्रो उदार दिल देखेर म चित खाएकी छु । अरू पनि यसरी नै चित खालान् ।

लक्ष्मण - (केहीबेर सोचेर पल्लवीलाई धाप मार्दै) स्याबास छोरी ! स्याबास ! देख्यौ होइन चन्दन बाबू पल्लवीको प्रेम ? हामी पनि यो अबोध बालक मरेको हेर्न सक्दैनौं । तिमी तन्दुरुस्त भएपछि पुनः पल्लवीलाई नडस । पल्लवीलाई सानोतिनो बास, गाँस दिन सक्ने सम्पत्ति हामीसँग पनि छ । उनको खुसी नै हाम्रो खुसी हो ।

चन्दन - (पल्लवीको गोडा छोएर) म साँच्चिकै गोमन हुँ । पल्लवी साक्षात् देवी हुन् । माफ गर पल्लवी, कृपया सबैले म स्वार्थीलाई माफ गर्नुहोस् । म साँच्चिकै टुटेको छु ।

पल्लवी - (गोडा हटाउँदै) चन्दन भुल जसको पनि हुन्छ तर भुल स्वीकार गर्नु तिम्रो महानता हो । तिमी महान् छौ ।

लक्ष्मण - (रोइरहेकी प्रश्नातिर हेर्दै) नरोऊ प्रश्ना ! तिम्री छोरीले एउटा बालकलाई मृत्युको मुखबाट खोस्दै छिन् । टुक्रिएर छियाछिया भएको चन्दनलाई सहारा दिँदैछिन् त्यो भन्दा ठूलो धर्म अरू हुनै सक्दैन ।

प्रश्ना - (घुक्क घुक्क रुँदै) त्यो त हो तर ... ।

पल्लवी - (आमाको आँखाको आँसु पुछिदिँदै) नरोइस्यो ममी ! पापाले भनेको ठीक हो । धर्म भगवान्लाई पुजेर मात्र हुँदैन । त्यो भन्दा ठूलो धर्म त अरूको आँखाको आँसु पुछ्नु हो । भगवान् यसैमा खुसी हुनुहुन्छ ।

मेनका - (आँखाबाट झरेको आँसु पुछ्दै) धन्य छ्यौ नानी तिमी । प्रेम भनेको यस्तो पो हुँदो रहेछ आफूलाई के थाहा ?

चन्दन - (आँखाबाट आँसु झार्दै सानो स्वरमा) देवी कै अर्को रूप हुन् पल्लवी ।

लक्ष्मण - (आँखाको आँसु पुछ्दै) हो मेरी छोरी महान् छिन् ।

कृष्णादेवी बजै - (मुसुक्क हाँस्दै अलि ठूलै स्वरमा) तिम्रो कोखलाई लाख सलाम प्रश्ना ! म त सपनामा छु झैं लागेको छ । पल्लवी झैं सबै मान्छे भइदिए यो समाज कति सुन्दर हुन्थ्यो होला ? यिनी साक्षात् सावित्री नै हुन् । यिनलाई कहिल्यै काँडाले पनि कोर्दैन । तिम्रो जय होस् बाबा ।

मेनका - (भरिएको आँखालाई हातले पुछ्दै सानो स्वरमा) ल भन चन्दन, यो संसारमा यिनी झैं 'प्रेमको मूल्य' बुझ्ने कोही होलान् त ?

चन्दन - (निहुरिँदै सानो स्वरमा) मलाई लाग्दैन यी झैं सच्चा प्रेमीप्रेमिका कोही होलान् ।

प्रश्ना - तिमीहरूको जीवनमा अब कहिल्यै आँधी नआओस् । ल, बाबूलाई छिट्टो डाक्टरकोमा लग ।

पल्लवी - (पल्लवी अगाडि बढ्दै सानो स्वरमा) हवस्, हामी जान्छौं । हजुरहरूले पीर नगरिसेला । ल हिँड चन्दन ।

बुद्धनगर, काठमाडौं ।

# मञ्जुश्री

**वसन्तकुमार शर्म्मा 'नेपाल'**



(एक दृश्यात्मक)

(खाजा खाने बिदाको बेलामा घन्टी लागेपछि दुई छात्र पुस्तकको झोला भिरी-भिरी विद्यालयको प्राङ्गणमा आइपुग्छन् । त्यसै वेला अक्षय भनिने छात्रका काँधबाट झोला भुइँमा खसिदिन्छ । झोला उठाइदिँदै अजय भनिने छात्र टाउकामा छुवाएर साथी अक्षयको काँधमा भिराइदिन्छ रे !)

अजय– भाइ ! पुस्तक भनेको त सरस्वती-आमाको खास प्रतिनिधि हो नि ! यसरी बेवास्ता गरिए त विद्या फुर्दैन । यति कुरा पनि तिमीलाई थाहा छैन कि क्या हो ?

अक्षय – यो कुरा त साँच्चै नै मलाई थाहा छैन । कसैले पनि भनेको सुनेकै छैन मैले त । सरस्वतीको कथा कसले सुनायो र मलाई ? तिमीलाई थाहा छ भने मलाई पनि सुनाऊ न त भाइ ?

अजय – सरस्वती-देवीको पूरापूर कथा त मलाई पनि आउन्न । सरस्वती विद्यादेवी हुन् भन्नेबारे एउटा घटना सुन्न पाएको छु मैले । घटना त साह्रै राम्रो लाग्यो मलाई ।

अक्षय – त्यो घटना मलाई पनि सुनाऊ न त ! कस्तो रहेछ ? लौ त म बसिहालें, तिमी पनि बसिहाल न !

अजय – भगवती मञ्जुश्री भनेको सरस्वती नै हुन् । बुद्धधर्म मान्नेहरू मञ्जुश्री भन्छन् भने शिव-विष्णु आदि धर्म मान्नेहरू शारदा, सरस्वती भन्छन् । मञ्जुश्री भगवतीको रिसले धर्ममित्र भनिने विद्वान्का दुइटै आँखा झरेका छन्, थाहा छैन त ?

अक्षय – कसरी थाहा हुनु र यस्तो कुरा ? कसरी हँ भाइ ? त्यो विद्वान् को हो ? कहाँको हो ? किन भगवती देवी रिसाइन् ? उसले कसरी भगवतीको अपमान गर्न पुग्यो, भन न भाइ ?

(अनि दुवै साथी झोला चौरमा राखेर बस्छन् ।)

अजय – त्यो धर्ममित्र पण्डित काशीका प्रकाण्ड पण्डित हुन्, पुराण सुनाएर जीवन गुजार्थे । गुह्य-गुह्य रहस्य खुलाएर पुराण सुनाउँथे रे ती । तिनले भनेको पुराण-कथा सुन्न टाढा-टाढाका देश-देशान्तरबाट समेत मानिसहरू काशी पुग्दथे अरे ! एक दिन त्यस्ता विद्वान् भएर पनि तिनले स्वर वर्णको बयान गर्न सकेनन् ।

अक्षय – अनि त ? के-के भो हँ भाइ ?

अजय – भोलि सुनाउँला भनेर त्यस दिन पुस्तक थन्क्याएर ती हिँडे ।

अक्षय – स्वरवर्ण भनेकै के हो त ? राम्ररी बुझाइदेऊ न मलाई पनि ।

अजय – 'अ' देखि-बिलकान्या 'अ' देखि दबासविन्दु 'अः' सम्मको लहरलाई स्वरवर्ण भन्दछन् । यी वर्ण (अक्षर) हरूको गूढार्थ बयान गर्न धर्मश्रीमित्र असमर्थ भएकाले घर पुगेर पनि अनेकौं ग्रन्थहरू पल्टाएर सोच-विचार गरे तर स्वरवर्णको रहस्य-रहस्य नै बनिरह्यो । भोलिपल्ट पनि रहस्य खोलिन नसकेपछि पण्डितहरूको सभा बस्यो र यो रहस्य अब त सरस्वती देवीले मात्र जान्ने हुनुहुन्छ होला र हाम्रा बुद्धिले नसकेको होला । यस कारण 'हे धर्मश्रीमित्र ! यसबखत साक्षात् सरस्वतीदेवीको निवास महाचीनमा छ भनिन्छ । त्यसैले तपाईं महाचीन गई भगवतीलाई सन्तुष्ट पारी रहस्य पत्ता लगाएर आइहाल्नोस् त भने ।

अक्षय – अनि पछि के-के भो नि ?

अजय – ती पण्डित पनि भोलिपल्टै महाचीनतिर लस्किहाले । यो कुरा भगवतीलाई थाहा भइहाल्यो ।

अक्षय – कल्ले भन्न पुग्यो र ? उनले कसरी थाहा पाइन् र ?

अजय – देवी-देवताहरू ध्यानदृष्टिले नै संसारभरिका सब कुरा थाहा पाउँछन् नि ! अनि सरस्वती साम्यकौशिकी नदीको किनारमा दायाँपट्टि सिंह र बायाँपट्टि बाघलाई नारिएका हलो तुल्याएर खेत जोत्न थालिन् ।

अक्षय – कहाँ छ नि साम्यकौशिकी ? त्यसको अर्को नाउँ छैन ?

अजय – छ, किन छैन अर्को नाउँ ? नेपालको राजधानी काठमाडौं जिल्लाको अन्तर्गत वसुन्धरा डोल भन्ने खण्डको बाटो भई महाराजगञ्जको पश्चिमबाट बग्दछ र बालाजु क्षेत्रको विष्णुमतीमा मिल्न पुग्दछ । त्यही खोलालाई आधुनिक मानिसहरू सामाखुसी भन्छन् । त्यही क्षेत्रमा धर्मश्रीमित्र आइपुगे ।

अक्षय – अनि अनि ?

अजय – त्यसपछि चारैतिरबाट वनैवनले घेरिएको, समतल उपत्यकाक्षेत्रको

खेतैखेत बन्न सक्ने तर बाघ-भालु-सिंह-ब्वाँसा आदिले भरिभराउ भएको त्यस्तो विकट ठाउँको माझमाझीतिर सिंह र बाघलाई गोरु तुल्याई खेत जोतिरहेकी खुब राम्री तेजिली युवतीलाई उनले देखे, अनि त भयभीत भइसके तापनि नडराएको भान पार्दै धैर्यसाथ टाढैबाट तिनैसित- 'महाचीन जाने बाटो यही हैन त ?' भनी सोधे । उनले पनि 'हो, जो पनि यतैबाट महाचीन जान्छन्' भनिदिइन् ।

अक्षय – पण्डितले अरू थोक केही पनि सोधेनन् त ?

अजय – अनि धर्मश्रीमित्र विनम्र बनेर के अनुरोध गर्न थाले भने– 'आजको चार प्रहर रात यतै कतै गुजार्न म पाउन सक्छु होला त आर्या ? वासमात्र मागेको हुँ मैले ।'

अक्षय – बढी नै डराएछन् ती ! अनि ?

अजय – अनि उनले पनि डरै पार्न भने झैं भनिन्– 'महाचीन त नितान्त टाढाको कुरा हो । अब त यहाँभन्दा परतिर महाघनघोरको अटब्बे सुरु हुन्छ । वनैयाँ हिंस्रक जन्तुहरूको बगालका बगालै हिँड्छन् । बाटो पाइनसक्नु झोर छ । आजसम्म जो जति गए जान्छन् मात्र, कोही उताबाट आउन्न र ।'

अक्षय – तिनले एक राते वास दिन पनि कन्जुस्याइँ गरिन् त ?

अजय – तिनले भनिन्– 'तपाईं कहाँ रात बस्नुहुन्छ होला र पथिक ? हामी त आइमाई मान्छे मात्र यहाँ बस्दछौं । त्यही पनि सानो कटेरो छ हाम्रो । बाघ-सिंह-हुँडार-ब्वाँसा र अन्यान्य मान्छेका रगतका साह्रै लोभी हिंस्रक जन्तुहरू निरन्तर चहारिरहन्छन् । यतातिर मान्छेको बस्ती पनि नजिक कतै छैन । के भन्नु र खै ? हुन त मनुष्यको सहायता मनुष्यले गर्नुपर्छ भन्छन् ! यदि बस्नै खोज्नुहुन्छ भने मेरो कुटीरमा सानो पिँढीसम्म छ, त्यसैमा जसरीतसरी रातसम्म गुजार्नू नि ! परन्तु आफ्नो जीउज्यानको रक्षालाई ज्यादै होसियार हुनुहोला नाइँ ।'

अक्षय – अनि ती पण्डितले के गरे त ?

अजय – अनि त त्यही पिँढी पनि उनले ठूलो कुरा पाए । पिँढीकै वास पनि नसकारेर त के गर्ने नि तिनले ? ती केटीले पनि तिनको माग स्वीकार गर्नु कम होइन के ? आइमाईमात्र भएको छाप्रोमा लोग्ने मान्छेलाई वास कसरी दिन्छन् र त ? अनि त्यसपछि तिनले गोरु-कामका सिंह र बाघलाई हलबाट फोइदिएर धर्मश्रीमित्रलाई पछि लगाउँदै कटेरामा पुगिन् र पिँढी त के हो र ? बलेसीको आँगन देखाइदिएर आफू भित्र पसिन् नाइँ ।

अक्षय – यो कुरा त भएन बा ! पाहुनालाई पनि त्यसरी बेवास्ता गरिन् त तिनले ? हुन त ठूलाहरू पनि मौका-बेमौकामा अनुचित काम गर्छन् रे भनेको

ठीक हो रहेछ, होइन त ?

अजय – यहाँ अहिले त सिर्फ घटनामात्र बताउँदै छु, ठूलाबडाको कामकाजको समीक्षा होइन के ? तिमीलाई म कथामात्र सुनाउँदै छु, बरु धैर्यसँग सुन ।

अक्षय – त्यसो भए ठीक हो । म पनि अब कथै मात्र लिन्छु, ल भन ।

अजय – त्यसपछि मात्र धर्मश्रीमित्रका दुवै आँखा फुर्सत पाएकाले थचक्क बसेर थकाइसमेत नमारीकन चारैतिर घुम्न थाले । तब भयानक जङ्गलको बीचमा स्याउले कटेरामा दुइटी तरुनी नोकरनीका साथमा निर्वाह गर्दैछिन् ती केटी र आफ्नो भरिपूर्ण बैंशले सारा जङ्गललाई दिनरात सिँगार्दैछिन् ।

अक्षय – अनि त ?

अजय – त्यसपछि त पहेँलो घाम थियो र खेतमा सबथोक देखिन्थे । कटेरा आइपुग्दा मिरमिरे साँझ र अब त झमक्क भइगो । 'नरो वा कुञ्जरो' भने झैँ रातले पूरापूर ढाकिगो । झ्याप्प बत्ती निभिदिंदा हामीलाई आफ्नै हातखुट्टा नदेखिने हुन्छ घरकोठैमा भने घोर जङ्गलका माझको पर्णकुटीनेर सिंह-बाघ-ब्वाँसाका भयङ्कर गर्जना र डुरडुराइले छिनछिनमा घन्कने थर्कने गिरि- पहराहरू, डरमर्दो आवाजले भइँसमेत कँपाउने र रूखका स्याउलाहरू बज्ने छिनछिनहरू र जीवजन्तुका टीठलाग्दा चिच्याहटले गर्दा बिचरा धर्मश्रीमित्रका थकाइसकाइ त कता हरायो कता ? आँखाले झिमिक्क गर्ने औसर पनि पाए पो र ? छिनछिनै मुटु थर्काउने र आफैउपर झम्टा दिए झैँको आतङ्कले पेलिरहे पनि विचरा ती बाहुनचरी मध्यरातसम्म पनि महाचीन पुगी भगवती मञ्जुश्रीसँग भेटघाट र विन्तीभाउसमेत गरी भगवतीसँग संलाप गर्दै स्वर-वर्णको अति गुह्य रहस्य र तत्त्वार्थको ज्ञान गरी फर्केर काशी नै पुग्ने सोच्दै पद्मासन कसेर बसिरहे ।

अक्षय – अब त के गरून् नि ? उद्देश्य त बलियै लिएछन् अनि ?

अजय – त्यस वेलामा तिनको कानले थाहा पाए- कोही बिस्तारै कुरा गर्दै छ, आफू-आफू कुरा गर्दै छन्, मसिनो स्वरमा स्वास्नीमान्छे बोलेका छन् । बाहिर होइन, कटेरोभित्रै हो । अब कानलाई झनै चनाखा तुल्याई साससमेत बन्द पारेर पर्खिरहे । तिनैमध्येका आपसमा छलफल चल्दै रहेछ र मालिक्नीसँग सोद्धा रहेछन् ।

अक्षय – के त ती पनि सुतेन छन् क्या रे ? अँ, के भन्दा रहेछन् त ?

अजय – पहिली केशिनी रहिछ र उसले सोधी- 'स्वामिनी ! यो लोग्ने छोरो कहाँ पुग्न भनी यस्तो घनघोर जङ्गलभित्र पस्न आइपुगेछ ? अनि स्वामिनीले

यल्लाई के कारण बास दिनु भो ?' अनि अर्की उपकेशिनी रहिछ र भनिहाली- 'तरुनी-तरुनी मात्र भएको घोरजङ्गलको एकान्त स्थलको पर्णकुटीमा बस्न दिएर हजुरले ठूलो जाँच गरिहेर्न लागे झैं लागेको छ मलाई चाहिँ। मैले ठीक कल्पना गरें त स्वामिनी ?'

भगवतीले भनिन् - 'तिमी दुवैले ठीक-ठीक भनेका छौ। यो काशीवासी महापण्डित मञ्जुश्रीसित पढ्न भनी महाचीनतिर कुदेको छ तसर्थ मैले जाँच गरी हेरेकी नि !'

अक्षय – अर्काको गोप्य कुरा सुन्न हुन्न भने त्यसले किन सुन्यो ? हामीले त जाँचिसक्यौं, तिनीहरू अब जतिसुकै जाँचिरहून् न। पण्डित फेल भो !

अजय – ती छोरी मान्छे पनि सबै 'हामीले गरेका जति कुरा बाहिर पनि सुनिन्छ' भन्ने जानेरै गर्दैथे। उनले सुने, सुनियो नै। नीति नियमको कुरा पनि छँदै छन्। त्यो त्यसैलाई सुनाउन गरिएको हो भनी जसरी पनि सुनाउँथे, जसरी पनि ती सुनिहाल्थे, यो कुरा जेहोस्, भइरहला अनि कटेराको ढोकै अगाडि पद्मासन कसेर बसिरहेका पण्डित धर्मश्रीमित्रले दुवै हात जोडेर भगवती मञ्जुश्रीको ध्यान गर्न थाले। बिहान सखारै ढोका उघार्दा त त्यसरी ध्यानमग्न बाहुनलाई देखेर ती दुवैवटी परिचारिका मिलेर भगवतीसित खुसुखुस गर्न पुगिहाले। भगवतीले पनि निस्केर आई धर्मश्रीमित्रलाई अज्ञात शास्त्रहरूको सारा रहस्य खुलासा गरी बताइदिइन्।

अक्षय – स्वरवर्णको इतिहास पनि हो त ?

अजय – हो त नि ! सबभन्दा पछि भगवतीले भनिन्- अब तिमी काशी नजानू। जहाँ आसन बाँधेर तिमी पुराण-प्रवचन गर्न थालौला त्यहीं नै संसारभरका बढे-बढे विद्वान्हरू भेला हुन आइपुग्नेछन्। यहाँ नजिकैको स्वयम्भू-थुम्कामा बसोवास गर तिमी। म पनि कुनै दिन भेष बदलेर व्याख्यान सुन्न आइपुगूँला, लौ जाऊ।

अक्षय – अनि त धर्मश्रीमित्रले मञ्जुश्री सरस्वतीसित 'बदलिएको रूप कसरी चिन्नु त ?' भनेर पनि भगवतीसँग सोधेनन् त ?

अजय – सोधेर त सरस्वतीले भनिन्- मेरो दायाँ हातमा नीलकमलको फूल हुनेछ तर यदि तिमीले मेरो वा जोसुकै श्रोताको पनि बेवास्ता वा अपमान गरेछौ भने त त्यसपछि तिम्रो कल्याण सकिनेछ नि ! तिमीले श्रोतातर्फ जहिलेसुकै सावधान रहनुपर्नेछ।

अक्षय – अनि अनि ? भनिराख न कथा चाहिँ।

अजय – यसरी वरदान पाएर मग्न भएका धर्मश्रीमित्र आँखा चिम्लिएर ध्यानमग्न भइहाले र कतिपय छिनपछि तिनले पटल खोलेर हेर्दा त भगवती, सेविका

दुवै, पर्णकुटी र खेतबारीका कुनै चिह्नल पनि वरपर पाएनन् । आनन्दमनले त्यताबाट उनी त्यही वनस्थलीको दक्षिणतिरको ठूलो थुम्को चढी स्वयम्भूशिखरमा पर्णकुटी बनाएर बस्न थाले । क्रमशः पुराण-वाचन गर्दै शेष दिन सुखसाथ बिताउन थाले ।

अक्षय – अनि अनि ? क्रमसितै भन है भाइ ?

अजय – अनि ? अनि त स्वयम्भूशिखर पुण्यस्थल-पवित्र धाम भनिन थाल्यो । देशान्तरबाट पनि अनेक विद्यापारङ्गतहरू आएर बस्न थाले ।

अक्षय – त सरस्वतीदेवी पुराण सुन्न आइनन् त ?

अजय – अनि पछि एक दिन व्याख्यान गर्न थाल्दाथाल्दै एउटा साह्रै राले बूढो, दाह्रीजुँगा लामालामा र त्यसैमा सिँगानका लत्का सुकाइरहेको, राल-सिँगान थाम्नसमेत नसक्ने र खोकिरहने रोगको मान्छे देब्रे हातमा लम्बा लौरो र दायाँ हातमा फुल्दो नीलकमल लिएर आइपुग्यो । ऊ श्रोताहरूभन्दा अगाडि गई फूल चढाउन चाहिरहे झैँ देखिन्थ्यो तर खोकी लागेर श्रोताहरू भन्दा पछाडि परै कर परेरै बस्नगो । छिनछिनमा बोल्न खोज्दथ्यो खोकीले रोक्दथ्यो, अगाडि आउन उठ्न खोज्दथ्यो त कम्पले बसाल्थ्यो ।

अक्षय – ठीक हो, जाँच सजिलो त कहाँ हुनु र ? अनि ?

अजय – अनि त्यस्तो ढङ्गको त्यसलाई देखेर त धर्मश्रीमित्रलाई घिन लाग्न थाल्यो । त्यो निर्घृण रूपको बूढो अगाडि आइदेला भनेर झन् घृणा जम्मा भो र उनले असमयमै व्याख्यान रोकिदिए । सबै श्रोताहरूलाई छिटछिटो पठाइदिएर र आफू हात जोड्दै व्यासासनबाट उठेर अगाडि बढे । आखिर व्याख्यान भवनको ढोकैनेर खोक्दै बसिरहेका जर्जर बूढानेर आइपुगेका मात्र के थिए, उनका दुवै आँखाका गेडी फतफत भइँमा खसेर बूढा बसेनेर गुड्न पुगे ।

अक्षय – हत्तेरिका ! के भयो त्यस्तो ए ? त्यस्ता तपस्वीको समेत त्यस्तो दुर्दशा छिः !

अजय – त्यो त्यस्तै हो अनि त अलापविलाप गर्दै धर्मश्रीमित्र आँखा पाउन क्षमायाचना गर्न थाले अनि त भगवतीकै रूपले मञ्जुश्रीले भनिन्- 'तिमीले जानी-जानी पनि, थाहा भएकै भएर पनि कुनै भक्तको अथवा मेरैसमेत अपमान र अनास्था गर्‍यौ, विचार गरीकन व्याख्यान छोट्ट्याइदियौ, छलछाम गरी सबै श्रोताको भक्ति निरर्थक तुल्याइदियौ, स्वार्थी स्वभावले मात्र सिर्फ तिमीले मउपर कुनै आक्षेप-साक्षेप गरेनौ । घिन र अपमान त हदै गर्‍यौ । यसरी पाण्डित्यको घमण्डले अहम्भाव भरिएको मान्छेले, अरूलाई तुच्छ ठान्ने तिमीले आँखा पाएर के काम ? त्यस्ता आँखैले

पनि के काम र ? त्यस्ता तिमी जस्ताका आँखाको कामै हुन्न संसार-भरमा । तिमीलाई अब पनि आँखा दिएर म त पक्षपातपूर्ण काम गर्नै सक्तिनँ । बरु यहाँ आउने जतिले तिम्रा भइँ थुम्कामा टाँसिएका आँखा देख्नासाथ ज्ञान र होश जगाउन पाउने छन्, तिनको भलो हुनेछ, भैगो !

अक्षय – त्यसपछि त ? के के भो ?

अजय – अनि त के नि ! धर्मश्रीमित्र मुटु चुँडाउने स्वरले, पछुतो मान्दै चिच्याइले रुँदै रुँदै केटाकेटी झैं लडीबुडी गर्न थाले । अत्यन्तै अलाप र विलाप गर्न थालेको देख्दा मञ्जुश्रीको मनमा पनि नराम्ररी असर पर्न गयो र दयाले उनले छातीमा औंला गाडेर भनिन्- 'ओ धर्मश्रीमित्र ! भैगो, तिम्रा अपराधका केही खण्ड माफ दिएँ मैले । पहिले देखे-हेरेका सबै शास्त्र तिमीलाई हृदयमा स्फुरण भइरहने छन् । शुद्ध मन तुल्याएर यिनै हातले सुमसुम्याउनासाथ नवीन ग्रन्थहरू फुर्नेछन् । आजदेखि तिम्रो 'धर्मश्रीमित्र' भनिने नाम पनि सकिइगो, भैगो, 'ज्ञानश्रीमित्र' कहलिएर दिन गुजारे ।' अनि त भगवती सरस्वती अलप भइहालिन् ।

अक्षय – त्यसो भए यो कथाले त स्वयम्भूको इतिवृत्त पो बतायो, हो कि ?

अजय – अनि के त ? जातक-कथामा बयान गरिएको स्वयम्भू यही त हो भन्ने सुनेको हुँ मैले ।

अक्षय – त्यसो त मैले पनि सुनेको हुँ भन्न मिल्यो होइन त अब ? तर 'जातक-कथा' भनेकै के हो त ?

अजय – बौद्धहरूको पुराण जस्तै कथा-ग्रन्थलाई जातककथा भनिन्छ ।

(तत्काल घण्टी बज्छ । छात्रहरू सब दौडादौड कक्षातिर लाग्छन् । संवाद रोकिन्छ ।)

≋

**शब्दार्थ प्रकाशन**ले

**२१** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ ।

के तपाईं पनि कोशकार हुनुहुन्छ ?

आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**के तपाईंले हाम्रा साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

# सुदिनको ढोका खोलौँ

सूब सेन



## दृश्य एक

(सधैँ बाँचिरहन्छ त्यो जसले सधैँ सम्झ्यो देशको माटो, मऱ्यो त्यो जसले बिर्स्यो देशको माटो । नेपथ्यबाट कति भित्रदेखि धुन बजिरहेछ-

कहीँ छ सुनको थाली
कहीँ छ पात खाली
सक्तिनँ हेर्न भन्छिन् आमा
रोई कसरी जोडले
सन्तान थरीथरीका ....

धेरै जसो श्रोताहरू आइसकेका छन् । नरिवल जटाको दरी बिछ्याएको छ । बालिकाहरू भूइँमा बसिसकेका छन् । वातावरण शान्त छ । दर्शक दीर्घामा शान्ति छ । हल्का चलायमान मधुरो आवाज आउँछ, बिस्तारै बढ्छ । घार्रघुर्र गाडीका आवाजहरू आउँछन् । हल्का हल्ला हुन्छ । बाल-बालिकाहरू उच्च दर्शकका अगाडि भागमा, विद्यार्थीहरू सोफा, कुर्सीमा, क्रमशः समाज चलाउनेहरू, ठूलो उच्च दर्जा, नाम र मान पाएकाहरू अनि उनीहरूका सहयोगीहरू बसे र दायाँ बायाँ अङ्गरक्षकहरू उभिए । यसै बेला पर्दा खुल्छ । सेता, राता, पहेँला बुट्टेदार ध्वजा पताका टाँगिएका छन् । भित्री पर्दाहरू रातै झल्लरे मुजावाला पर्दा बाहिरपट्टि सितारा झल्किने पताकाहरू लट्किएका छन् । पर्दाभित्र भूइँ (फल्याक) मा ढकमक्क फुलेका गमलाहरू सजाइएका छन् । दाहिनेतिर एउटा बायाँतिर अर्को माइक जोडिएका छन् । यस्तैमा मन्त्री, तन्त्रीहरू आउँछन् । क्रमसः आशन लिन्छन् । आज सुविधा कार्यक्रम सञ्चालिका छिन् । यस्तैमा कार्यक्रम सञ्चालिका आउँछिन्, माइक लिन्छिन्)

सञ्चालिका, सुविधा - उपस्थितिलाई नमस्कार ! सबै उपस्थित भइसकेका छौं । अब कार्यक्रम सुरु गर्नतिर लागौं । आज शिक्षा दिवसको दिन हुनाले तत्सम्बन्धी कार्यक्रम सञ्चालन हुन्छ । यहाँ विशिष्ट विद्वान् एक से एक

विद्यावारिधि प्राप्त, कहलिएका व्यक्तित्वहरूको उपस्थिति छ । वर्तमान अवस्थामा शिक्षाको स्थिति के छ ? अगाडि बढिरहेको छ कि पछाडि । अथवा के भइरहेको छ ? यस्तै ठीक छ कि ? केही हेरफेर वा थपघट गर्नु परेको छ ? निष्कर्षमा पुग्नु परेको छ । अब म विशिष्ट विद्वान् व्यक्तित्व (१) संस्कृत साहित्य, (२) पूर्वीय दर्शन (३) अङ्ग्रेजी साहित्य तीन विषयमा विद्यावारिधिका उपाधि (डा.डा.डा.) प्राप्त गर्नुभएका अगमलालजीले नेपालमा शिक्षाको अवस्थाबारे आफ्नो विश्लेषणात्मक समीक्षा प्रस्तुत गर्नु हुनेछ ।

अगम – सञ्चालिका, मन्त्री, तन्त्री, सन्तरी, ड्यासमा विराजमान बडेबडे, नामी, व्यक्तित्वहरू, प्राध्यापकहरू, अध्यापकहरू, सबै विद्यार्थीहरू, बालबालिकाहरू, बूढापाकाहरू, प्रत्येक बाँकीटाँकीज्यूहरू सबै सबैलाई नमोनमः ।

म मानिआएको संस्कार मान्नुपर्छ भन्ने विचारको हुनाले सबैलाई सम्बोधन गरेको छु । भिँजो नमानिदिनुहोला । जहाँसम्म सञ्चालिकाले भन्दै हुनुहुन्छ– नेपालमा शिक्षाको अवस्था कस्तो छ र के गर्नुपर्छ ? सब त ठिकै चलिरहेकै देख्छु । अस्ति भर्खर त महिनाका दुई चारवटा गैँडा तैपनि कहिले हाताहाती, कहिले उधारो लिएरै पढाउँथे, विद्यार्थीहरू उम्दा निस्कन्थे । हिजोदेखि हात्ती हातहातै पाउने भए- विद्यार्थीहरूको सङ्ख्यामा वृद्धि भयो । गुणात्मकता भने गुरुत्वमा भर पर्ने भयो ।

आज त बालबालिकादेखि युवा छउन्जेलसम्म पढिरहन्छन्, त्यस वेलासम्म पढिरहन्छन् जस वेलासम्म शरीरमा यत्रतत्र दाह्री जुँगा आउँदैन । दाह्रीजुँगासँगै वैदेशिक रोजगारीमा जाने मनशाय पनि हुर्किन्छ । जुन शिक्षण संस्थाबाट निस्केका विद्यार्थीहरू धेरै सङ्ख्यामा विदेश जान्छन्, मान्छे मान्छेका अगुवाहरूले त्यहाँका गुरुवर्गलाई पुरस्कृत गर्छन् । कस्तो राम्रो ! जन्मिने सङ्ख्या बाहिरिँदा यहाँ जनसङ्ख्याकै अभाव हुने हो कि ? भन्ने सन्ताप पो हुने हो कि ? मलाई त यतातिर पो विचार गर्नुपर्ने हो कि जस्तो लाग्छ ?

सुविधा – (उनका पछाडि जान्छिन्, खासखुस गर्छिन् ? अगम बोल्न नछोडेपछि) सर वक्ता धेरै छन् छोट्याउँ हजुर । (अगम उनीतिर फर्केर) के भनेकी ? छोट्याउँ रे ! म जे बोल्छु साँचो बोल्छु । तपैँले बोल्न नदिने हो भने किन बोलाएको ? म तीन विषयको डाक्टर लक्ष्मीको साथ, सरस्वतीको आशीर्वाद पाएको मान्छे । मैले लाखौं विद्यार्थीलाई कालो श्रीपेच लगाउने बनाएको छु । श्रीपेच लगाइदिने भने बाह्र फेल भए पनि मन्त्री तन्त्री भएपछि त श्रीपेच लगाइदिने योग्यता भइहाल्छ नि' (नानीदेखि बानीसम्मका

विद्यार्थीहरू हाँस्छन् ताली बजाउँछन्, उनी अरू हौसिन्छन्) बुझ्नु भो- म बोलेको विद्यार्थीहरूले कति मन पराए । देख्नुभयो बुझ्नुभयो होला अब म गाँठी कुरा भन्छु- युवालाई एउटा दुईवटा बच्चा पाउँदा बित्तिकै खसी पार्ने युवतीलाई गर्भ पतन, ट्याब्लेट, सुई, गड्यौला जस्तो राखिदिएर बाटै थुनिदिने, अप्रेसन गरिदिने तैपनि झुक्किएर निस्कने वा एक दुईवटामा पर्नेहरूलाई वैदेशिक रोजगारमा पठाउने । शहरबजार, गाउँघरमा जनश्रमका नाममा विदेशी मौकामा चौका हान्नेहरू ल्याउने, भैंसी राँगा ल्याए जस्तै गरी ल्याउने, उनीहरूलाई सुँगुरले जस्तै सन्तान पाउन, जनसङ्ख्या बढाउन लगाउने, यो त भएन है ! यसरी भित्रिने भित्र्याइनेहरू बाँदरसरी गाउँ गाउँ समेतमा पुगेर बाँदरे आतङ्क मच्चाइरहेछन् । यो सबै बन्द गर्नुपर्छ । सबैलाई धन्यवाद ।

सुविधा - नाम लिनासाथै आएर लामो समय लिए पनि समयसामयिक कुरा छ । उहाँले गर्नुपर्ने 'बन्द' को बुँदा आवश्यक छ । नत्र, अवैध आगमन र उर्वरा औषधीयुक्त हाम्रो माटो ओगट्दा र मुठी माना लैजाँदा पनि हामीलाई बुड्ढा बनाइदिन्छन् । यसकारण बन्द समय लगाएर होइन तुरुन्त गर्नुपर्छ । यस्तै लाग्छ मलाई ।

अभिमान सिंह - (आफ्नो पालो आउने बित्तिकै आएर) मभन्दा पूर्वका विद्वान् मित्रहरूले व्यक्त गर्नुभएका कुराहरू बडो सान्दर्भिक छन् । हामीलाई हाम्रो सबै प्यारो छ । हामी दयालु छौं । माग्नेलाई दिन्छौं । हामी शान्ति क्षेत्रमा शान्त भएर बसेका छौं । शान्तिवादलाई स्थायित्व दिन तयार छौं । हामी कसैमाथि जाई लाग्दैनौं । आइलाग्ने, हामीलाई हाम्रो मुटु र माटो मिच्ने, हामी र हाम्रो माथि खुट्टा पसार्नेलाई बाँकी छोड्दैनौं । माने सलले, नमाने बलले- शान्ति प्रेमले मित्रवत व्यवहारले यस्ता त्यस्तालाई जित्छौं- आवश्यक परे 'गोरिल्ला' लडाइँ लडेर पनि आफ्नो मुटुमाटोको रक्षा गर्छौं । हाम्रो जनशक्ति वर्तमानका तथा भविष्यका विद्यार्थी सन्ततिहरूलाई यी र यस्तै कुराहरू पढाएर आवश्यक जनशक्ति (योग्य व्यक्तित्वशाली) बनाउनु आवश्यकता देख्छु ।

सुविधा - अहिले चार बजिसक्यो । भोक, प्यास लागेको होला ? कतिलाई आची सुचीले अत्याएको होला । ढोकाबाट कुपन दिइन्छ । बाहिर खाजा गृहमा दिई नास्तापानी खानुहोस् । ट्वाइलेट धारा तलमाथि भित्रबाहिर जहाँ पनि छन् । उपयोग गर्नुहोला । यहाँ भित्र र माथि विद्यार्थी नानीहरू छात्राहरूले उपयोग गर्नुहोस् । ठीक पाँच बजे यहाँ अर्को कार्यक्रम सुरु हुन्छ ।

(ढोकामा अटाई नअटाई निस्कन्छन् । मञ्चमा बस्नेहरूलाई नास्तापानी त्यहीं आइपुग्छ । सबै शुद्ध र हल्का भैसकेका हुन्छन् । खाना सुरु गर्छन् ।

समयमै सबै तयार भइसक्छन् । समयमै कार्यक्रम पूर्ववत् चल्न थाल्छ) ।

सुविधा– सायद, सबैले आफ्नो स्थान लिनु भैसक्यो होला । अब कार्यक्रम सुरु गरौं । अघिको बैठकमा विद्वान् विशिष्ट व्यक्तित्वहरूले प्रस्तुत गर्नुभएका कुराहरूमा सबैको निचोडमा एउटै शब्द 'बन्द' को प्रस्ताव आएको छ । हामी, हाम्रो मुटु र माटोको लागि सकारात्मक पक्षहरूलाई प्रोत्साहन गरी हुर्काउने र नकारात्मक पक्षहरूलाई बन्द गर्ने– निमिट्यान्न पार्ने प्रस्ताव आएको छ । बसेको ठाउँबाट उठेर, यी प्रस्तावमा आफूलाई लागेको विचार विश्लेषण र राय दिनुहोस् भनी आग्रह गर्दछु ।

इन्द्रवर – (विद्यार्थी दीर्घाबाट) वर्तमानमा हाम्रो सार्वजनिक शिक्षालयहरूमा अध्ययन अध्यापनमा लापर्वाही छ– अध्यापकहरू दिउँसो आउँछन् । एक/दुई पिरियड पढाउँछन् अनि निस्कन्छन् । कता लाग्छन्– अगुवाको झोले बन्न कि ? बोर्डिङ शिक्षालयमा, थप हात्ती खोज्न ? टाउकाको यो बानी छ भने, अरू अवयवको आफू खुसी भइहाल्छ अनि दाह्रीजुँगा पलाउँदासम्म पनि हामीलाई न ज्ञान, न सीप, केवल अदक्ष श्रमिक ! केवल श्रमिक ! अनि त सर्वश्व बेचेर पनि, वृद्ध/वृद्धालाई विवाह भइसकेकाले परिवार छोडेर आफ्नै अक्षम अनुहार लुकाउन पनि विदेसिनु पर्दछ । यो नेपालको लागि त हुँदै हो आफ्नै घर परिवारको सर्वश्व गुमाइरहेको अवस्था छ । व्यवस्थापकलाई गैंडा/हात्ती भए पुगिहाल्छ– आफूलाई रेलादेला भए भइहाल्छ । हाम्रो अवस्था झाँटमै जावस कसलाई के मतलब छ, छैन ? सबै प्रकारका अवाञ्छित तत्त्व अवाञ्छित क्रिया, अनुशासनहीनता, नैतिक पतनजन्य आचरण, संस्कृति र सभ्यता विपरीतका क्रियाकलापहरू बन्द गरौं । बन्द गराई माग्ने प्रत्येक व्यक्ति, समूह, अगुवा तथा जिउँदा जाग्दा युवालाई हामीसाथ दिन्छौं, साथमा हुन्छौं, साथ लिन्छौं ....।

ईश्वरी – हामी छात्राहरूको इन्द्रवरको कुरालाई समर्थन गर्छौं । एउटा सुरक्षाको पक्ष साह्रै अभाव छ । भन्दा छोरी देवीरूपा भन्ने तर बाँच्नै गाह्रो । अध्ययन गर्ने र यसबाट ज्ञान आर्जन गर्ने भन्दा शिक्षालय समय बिताउने र छात्रलाई जस्तै श्रमिक बनाउने, सायद छात्रामा रहे भएको बलबुद्धि नेपालको ताकत र उन्नति, समृद्धि गर्नमा लगानीबाट वञ्चित गरी दलाल, तस्करहरू मार्फत कमिशन लिएर विदेशतिर धपाइन्छ । के यस्तै देशको नीति हो कि ? केही वर्ष अघिको नारायणहिटीमा 'नीति कार्यालय' यस्तै बोर्ड लगाएको छ । के यस्तै बनाउँछ त्यो कार्यालयले ? अब यस्तो हामी मान्दैनौं ?

उमेरभोगी– म छोटो तर गाँठी कुरा भन्छु– कि हामीलाई हाम्रो बलबुतालाई हाम्रो आफ्नो पन, मन, धन, जन आवश्यक पर्दा रन्का लाग्ने कुरा बनाउनुपर्छ ।

हामीले यिनै क्षेत्रमा आफूलाई लगानी गर्न पाउनुपर्छ । नत्र, नत्र....के हुन्छ ? यी क्षेत्र विपरीत सोच्ने र क्रियाकलाप गर्नेलाई आजका सधैँका युवाशक्तिले देख्नेमात्र होइन, भोग्नु पनि पर्नेछ ।

उमा माली – (मञ्चबाट) आजको सम्मेलन एकदम फलदायी भएको छ । हामी कता जाने ? कसरी जाने ? कहिले जाने ? जाँदामा दुष्कर्महरू बन्द गर्दै जाने, सदकर्महरू लिएर सुरु गर्दै जाने ! अब आजैदेखि बन्द र सुरु गर्दै जाने निष्कर्षमा पुग्छौँ जस्तो लाग्छ ।

सुविधा – अब कसैले केही बोल्नु हुन्छ कि ? (कतैबाट हात उठेन, नउठेपछि) अब कसैबाट विचार नआएपछि अब आजको कार्यक्रम प्रमुख आयोजक श्री उत्तमलाल आजको कार्यक्रमको निष्कर्षप्रति प्रकाश पार्दै कार्यान्वयन कसरी गरिनेछ ? त्यतातिर समेत जानकारी दिँदै आजको प्रथम दृश्यको कार्यक्रमको अन्त्य गर्नुहुनेछ । यो सञ्चालिका सुविधा शैलीलाई विदा दिनुहोस् ! नमस्ते ।

उत्तमलाल – (माइक लिन्छन्/बोल्छन्) उपस्थित महानुभावहरू सबैलाई नमस्कार ! हामीले जुन किसिमको कार्यक्रम बनाएका थियौँ । त्यसै किसिमले सम्पन्न हुँदै छ । छात्र-छात्रादेखि वरिष्ठ व्यक्तित्वहरूसम्मको उपस्थिति, छलफलमा सहभागिताले गर्दा आयोजकलाई थप खुसी र हौसला मिलेको छ । यसबाट निस्कर्ष गलत पक्षको सबै जरा रूख हाँगाबिँगारूपी विषालु सर्पलाई तुरुन्तै बन्द गर्ने यसको बदलामा सबै पक्षमा कामधेनु गाईरूपी हाम्रो नेपाल आमा । उनको मन मुटुसम्म उन्नत, विकसित र समृद्ध बनाउने यस काममा हाम्रो सम्पूर्ण जनबल लगाउने पाउने कार्य तुरुन्त सुरु गर्ने कार्यक्रमको कार्यान्वयन गर्ने हाम्रो शिक्षाप्रणाली र सम्बन्धित जनशक्तिलाई आग्रह गर्ने गर्न थालेमा हामीले पनि सहभागिता दिने नगरे हाम्रो शक्ति ज्वालामुखी भएर निस्कनु पर्नेछ । उपस्थित सबैलाई धन्यवाद ! आजको कार्यक्रम आजलाई स्थगित हुन्छ ।

## दृश्य दुई

समय : एघार बजे

स्थान : गौमन आवासीय विद्यालय

(तल्लो के.जी.देखि उच्च मा.वि.सम्म)

नेपथ्यबाट – (यहाँ अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ । बालबालिकादेखिका आठ कक्षा र उच्च मावि स्तरसम्मका विद्यार्थीहरूलाई खेलकुद फुटबल, हक्की, मार्सल आर्टस्, मल्लयुद्ध, बक्सिङ, पहलमानी, पौडी आदि पनि खेलाएर सिकाइन्छ । बिहानको नौ बज्यो । विद्यार्थीको आगमनको घण्टी बज्छ । चारैतिरबाट बालबालिका माथिल्ला कक्षाका विद्यार्थीहरू आउँछन् ।

पाले – दाहिने हातमा हथौडा, बायाँ हातमा लामो चेप्टो राले जस्तो घण्टी लिएर आउँछ । बायाँहातमा घण्टी झुन्ड्याएर दाहिने हातको हतौडाले हान्छ । घण्टी बज्छ । पाँच घण्टी लागेपछि, पङ्क्तिबद्ध भएर तल्लो उपल्लो केजी माथिल्लो स्तरका विद्यार्थीहरू मूल ढोकाअगाडि आगमनमा बाल-बालिका अगाडि ठूलो कक्षाका छात्र छात्राहरू दशौं पङ्क्तिमा मिलाएर उभिएका । (सबै स्तरका शिक्षकहरू शिक्षालयका अन्य स्टाफहरू, उपस्थित छन्) भवन पाँच तले छ । आँगन १५ रोपनी जतिको समयसमयमा हुने समारोहहरू, खेलकूदहरू समेत यहीं हुन्छ । पौडी खेलाउन त्रिशूलीमा लानुपर्छ ।

प्रधानअध्यापक - (हातमा माइक लिएर) सबभन्दा पहिले हाम्रो राष्ट्रिय गीत बजाऔं । (कौशीबाट रिकर्ड खुल्छ । माइकमा बज्छ ।) सबैले गाउँछन् –

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भै फैलिएका.......नेपाल

.......................................

अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

आज यहाँ हामीसँग देशकै अनुभवी र ज्ञानयुक्त व्यक्तित्व हुनुहुन्छ । उहाँका अनुभवको एउटा कथा सुनौं, उहाँबाट केही सुनौं भन्ने मलाई लागेको छ । उहाँको परिचय गुल्मी पुरकोट निवासी एकरजङ्ग हो । अब सुनौं उहाँबाट ।

एकरजङ्ग – 'म हेड सरले भनेजस्तो ठूलो व्यक्ति होइन तैपनि विद्यार्थीलाई काम लाग्छ कि भन्दै मेरा गुरुले मलाई भन्नुभएको थियो– त्यही कथा तपाईंहरूलाई भन्छु । केही तपाईंहरूलाई सोच्दै उत्तरको रूपमा बताउँछु, हुन्छ ?

विद्यार्थी – (विद्यार्थीहरू एकै स्वरमा भन्छन्) हुन्छ । भन्नुस् ।

एकरजङ्ग – तपाईंहरूलाई पढेर के हुने इच्छा छ ?

धेरै जसो विद्यार्थी – 'ठूलो मान्छे ।'

एकरजङ्ग – ठूलो मान्छे कसरी भइन्छ ? त्यो मान्छे को जस्तो हुने छ । केही विद्यार्थी हाम्रा हेड सरजस्तो । पढेर भइन्छ । उहाँ जस्तै हुनुपर्छ ।

एकरजङ्ग – तपाईंहरूको हेडसर त ठूलो मान्छे हुनुहुन्छ । पढेरै हुनुभएको हो तैपनि पढ्दा सरस्वतीको नाम लिएजस्तै पहिलो पढ्दा के भनिन्छ ?

केही बाह्र कक्षाका विद्यार्थी – ॐ

एकरजङ्ग – त्यत्ति मात्रै ?

तिनै विद्यार्थी – (बोल्छन् । अरू सुन्छन्) ॐ श्री गणेशाय नमः भनिन्छ ।

एकरजङ्ग – ठीक भन्नुभयो । जुनसुकै भगवान्/भगवतीको पूजाआजा गर्दा पनि

गणेशको प्रार्थना गर्नुपर्छ किनभने श्री गणेश सबैभन्दा छिटो लेख्ने, पढ्ने र बुझ्ने देवता हुनाले उनको पूजा पहिले गरिन्छ ।

केही विद्यार्थी – त्यस्तै कसरी भइन्छ सर ?

एकरजङ् – कसरी बन्न सकिन्छ भने लौ सुन्नुस्– हात्तीका कान ठूला हुन्छन् सुपाजत्रा । यसको अर्थ हो अरूका कुरा धेरै सुन्नुपर्छ भनेको हो । हात्तीले धेरै सुन्छ । तपाईं हाम्रा कान साना छन् तापनि हात्तीले जस्तै धेरै सुन्नुपर्छ । यस्तै हात्ती आफू एकदम कम बोल्छ किनकि कम बोल्नु पर्ने हुनाले उसको सुँढले मुख छोपिएको छ । त्यसैगरी तपाईं हामी पनि कम बोल्नुपर्छ । (सुन्ने धेरै, बोल्ने थोरै) सुनेका कुरा भुँडीमा राख्ने, पाचन प्रणालीबाट बाहिर जान्छन् ।

केही विद्यार्थी – (मुस्कुराउँदै) अरू सर ?

एकरजङ् – हात्तीका आँखा एकदम साना छन् । यसको अर्थ सानातिना कुरा, स्तरहीन कुरा, फोहर कुरा नहेर, नदेख अर्थात् साना सबै तरिकाले मनले, तनले नजिक बस्छन् ।

अम्बा – (सबै अध्यापकको बैठक चलिरहेको बेला ऐनबहादुर आउँछन् । एक मिनेटको मात्र काम छ भनी नाम पठाए । लिएर अम्बा भित्र गइन् । स्वीकृति लिएर आइन्, जानुस् भनिन् । उनी भित्र गए ।)

प्र.अ. – किन आउनुभयो ? केही छ कि ?

ऐनबहादुर – उस्तो ठूलो काम त केही होइन, फेरि ठूलै हो पनि मेरो घरै मुनि एउटा फौजसिंहको क्लिनिक छ । त्यहाँ तपाईंहरूका छात्रा तीन जना भर्ना भएका छन् । एउटी त जम्मा ११ वर्षकी कक्षा पाँचमा पढ्ने यिनको हालत दयनीय छ । उनको संरक्षक वा विद्यालय प्रतिनिधिको उपस्थिति विना उपचार भइरहेको छैन । जे गर्नुपर्ने हो, त्यही गर्नुहोस् । म यही खबरदार मात्र हुँ ।

प्र.अ. – हामी बैठकमा छौं । अहिले निर्णय गरेर प्रतिनिधि पठाउँछौं है ?

ऐनबहादुर - हुन्छ, हवस सर ! नमस्कार, म गएँ (उनीहरू निस्के)

प्र.अ. – हामी व्यवस्थापनलाई अरू प्रभावकारी बनाउनतिर सोच्दै छौं तर बीचमा यस्तो कुरो आयो– विद्यालयबाट तीनजनाजति प्रतिनिधि पठाइदिऊँ ? को को पठाउनुपर्ला ?

स.प्र.अ. – मेरो विचारमा एकजना आर्थिक शाखा प्रमुख धनीराम अर्को शिवराम सिंह, महिलाको मामिला हुनाले मन्टेश्वरी विभागकी प्रमुख मैयारानीलाई पठाउँदा हुन्छ कि ?

प्र.अ. – यो प्रस्ताव ठीक लाग्यो मलाई त तपाईंहरूको आफ्नो समेतको विचार के छ ?

सबै शिक्षक शिक्षिका – ठीक छ । उहाँहरू उपयुक्त व्यक्तित्व हुनुहुन्छ । उहाँहरूलाई पठाऔं ।

प्र.अ. – धनीराम, शिवराम, मैयारानी, तपाईंहरूलाई स्वीकार्य छ कि छैन ?

तीनैजना - (एकैचोटी) छ सर, जान्छौं । जे गर्नुपर्ने देखिन्छ त्यही गर्छौं ।

प्र.अ. – 'ठीक छ धन्यवाद ! विद्यालयकै गाडी ड्राइभर लिएर जानुस् । उनीहरूको संरक्षक भिकाउनु परे गाडी नै पठाएर भिकाई उपचार र जिम्मा समेत लगाएर फर्किनुहोला । धनीरामजीले चेक वा नगद लिएर जानु, भोक प्यास लागे किनेर खाने, साँझ भने आआफ्ना घरघरमा फर्कनु । विद्यार्थीको अवस्था, आवश्यकता बारे घर फर्केर जानकारी दिनू । (तीनै जना निस्कन्छन् । ड्राइभर गाडी लिएर ढोका अगाडि राख्छन् । साना कुरालाई हेर्ने, जान्न खोज्ने, मनमा लिने हो भने आफू पनि त्यस्तै भइन्छ । ठूलो मान्छे होइदैन । यी सबै गुणहरू गणेशमा भएकोले गणेश ठूला भए । बुद्धिमान, ज्ञानी छिटो, लेख्ने, पढ्ने, बुझ्ने, ज्ञानी भए कुनै पनि पूजा गर्दा उनको पूजा पहिले गर्ने चलन चल्यो । यसो भएर तपाईंहरू पनि ठूलो जान्ने बुझ्ने हुनुपर्छ– गणेशजस्तै । बुझ्नुभयो कि ?

विद्यार्थीहरू – बुझ्यौं सर ।

एकरजङ् – राम्रो धन्यवाद ।

प्रधानाध्यापक – एक स्त्रीबाट मैले धेरै कुरा सिकेको थिएँ । आज कताबाट यहाँ आइपुग्नु भयो ? हाम्रा विद्यार्थीलाई गणेशको बारे उनको अङ्गप्रत्यङ्गको अर्थ सुनाउँदै विद्यार्थीहरूलाई गणेशजस्तै ज्ञानी बुद्धि, चलाक र छिटो बन्ने बनाउने उदाहरण दिएर हामीलाई कृतज्ञ बनाउनुभयो । फेरि फेरि पनि अनुकूल पर्दा आउनु होला भन्ने अनुरोध गर्दै धन्यवाद दिन्छु । अब सबै विद्यार्थी विद्यालयको नियम बमोजिम आफ्नो आफ्नो कक्षामा जानुहोस् । शिक्षकहरू सबैले आआफ्नो काम सम्हाल्नुहोस् । सबैले त्यसै गर्छन् । एकरजङ् र प्र.अ. दुवै आपसमा विदा हुन्छन् ।

(विद्यालय सधैं झैं चल्दै गर्दा एक बजिहाल्छ । नास्तापानीको लागि घण्टी बज्छ । सबै विद्यार्थीहरू निस्कन्छन् । आआफ्नो झोला पानीका बोतल लिएर आफ्ना साथीका समूह समूह भएर बस्छन् । खाजा सबैको सबैले बाँडीचुँडी खान्छन् । मन मिल्दासँग खेल्दै हुर्किरहेका ससाना बालबालिकाहरू चल्छन्, खेल्छन्, घोचाघोच गर्छन् । काउकुती लगाइदिन्छन् । हँसाउँछन्, हाँस्छन् । आकाशका चरी जस्ता बालबालिका फुकेर खेल्छन् । बालकले बालिकालाई चल्दाचल्दै जिस्क्याएर काखीमा काउकुती लगाएर ढाल्छन् । माथि चढेर काउकुती लगाइदिन्छन् । बालिका फटफटाइरहन्छिन् । यसैगरी सबै आआफ्ना तरिकाअनुसार कुराकानी

गर्छन् । मुखले मात्र कति बोलिराख्नु आँखाले पनि कुरा गर्छन् । घण्टी लाग्छ । सबै आआफ्नो कक्षामा नजान्निदो गरी मिल्ने साथी साथी आपसमा अलि नजिक भएर बस्छन् ।

उनीहरू भ¥याङबाट झर्छन् । मैयारानी ड्राइभरसँगै अगाडि अरू पछाडि गाडीको माझ बस्छन् । उनीहरू क्लिनिकतिर बढ्छन् । यता विद्यालयमा शिक्षकहरूको बैठक व्यवस्थापनसम्बन्धी आवश्यक निर्णयहरू लिन्छन् । विद्यालय भने मीन पचासको छुट्टीमा छ तसर्थ दिउँसो नै भए पनि घरघरै फर्किन्छन् । पालले सबै झ्यालढोकामा ताला चाबी लगाउँछन् ।

उता ड्राइभरसमेतको टोली क्लिनिकमा पुग्छ । सोधपुछ गर्ने कोठामा पुग्छन् । तीनै जना बिरामीको अवस्था संरक्षक थर ठेगाना लिन्छन् । तीन जना तीनवटा कोठामा पुग्छन् । विरामीहरूलाई भेट्छन् सोध्छन्– 'के गरेको यस्तो बदमासी । एकै चोटी तीन तीन जना ? लाजको मर्नु । अब के गर्ने ? सबैको अवस्थाबारे जानकारी लिएपछि डाक्टरलाई भेट्छन् ।

मैयारानीले भन्छिन्– डा. साहेब ! यिनीहरू हाम्रो विद्यालयका विद्यार्थी हुन् । के कसरी यस्तो बदमासी गरे । जसरी गरे पनि उपचार त गर्नैपऱ्यो । उनीहरूका संस्थापकलाई बोलाऊँ कि ? उनीहरूलाई जिम्मा लगाइदिऊँ कि ? बदमासी गर्ने केटाहरूलाई खोजी सजाय कैद वा कानूनी कार्यबाही गर्न पुलिसको जिम्मा लगाइदिऊँ कि ? के गरौं डाक्टर साहेबको राय र सल्लाह के छ ?

डाक्टर – यिनीहरूका संरक्षकहरूलाई पहिला झिकाउनुहोस् । उनीहरूले जिम्मा लिन्छन् कि ? यिनीहरूका केटाहरूले जिम्मा लिन्छन् ? प्रहरीका जिम्मा लगाउने उनीहरूको काम हो । हामीले त नबालिका तथा बलात्कारमा परेको जस्ता महिलाहरूको गर्भ तुहाइदिनु हाम्रो काम हो तर नाबालिकाको हकमा संरक्षकको सहमती चाहिन्छ । यीमध्ये र यिनीहरूसँगै अवैध सम्बन्धबाट रहेको वा गर्भ बोक्नेले कसको गर्भ छुट्याउन नसकेको इज्जतको खातिर युवतीहरूको गर्भ तुहाइदिनु पर्ने पनि हुन्छ । यो तर्फ मानवीयताको नाताले, नैतिकता र अनैतिकताको प्रश्न आउँदैन ।

मैयारानी – हाम्रै विद्यार्थीको हकमा यी एघार वर्षे बालिकाको बच्चा पाउन सक्ने अवस्था छैन । दशौ वर्षको उमेरमा गर्भ रहनु अनैतिक भन्दा अप्राकृतिक पन हो । यिनको पेटै चिरेर बच्चा झिक्नुपर्ने हुन्छ तसर्थ संरक्षकको सहमती चाहिन्छ । अरू दुईवटा एउटी तेह्र वर्षकी, अर्की सत्र वर्षकी । तेह्र वर्षकीको औषधीबाट बच्चा पैदा भएन भने पेट चिरेरै निकाल्नुपर्ने हुन्छ । अर्की पन्ध्र वर्षकी रुँन आउँछिन्, मन खान्छ । तुहाइदिन्छौं । पहिलो पटक १५ वर्षकी हुँदा, दोस्रो पटक १६ वर्ष उमेरकी हुँदा, अहिले तेस्रोपटक सत्र वर्षकी हुँदा फेरि आएकी छन् । उनले त

संरक्षक छैनन्, गरीब हुनाले विद्यालयले दया गरेर फ्रिमा पढाइदिइरहेको छ भन्छिन् । अरू दुई जनाको संरक्षक ल्याउनुस् अनि जे गरेर सबै समस्या समाधान कसरी हुन्छ जे गर्नुपर्छ त्यही गरौंला ....।'

धनीलाल – हवस त डाक्टर साहेब ! हामी संरक्षकहरूलाई खोज्छौं, भेट्टायौं भने लिएर आउँछौं ।

डाक्टर – सानी एघार वर्षे नानी सिकिस्त छ । मनै लागि भने त बाध्यतावश हामीले चिनैपर्ने हुन्छ ।

शिवराम– बुझ्यौं । डाक्टर । उनीहरू दुई र ड्राइभर गरी तीन जना निस्कन्छन् । मैयारानी कलम कागज लिएर पहिले एघार वर्षे बालिका कहाँ जान्छिन् सोध्छिन् । हाम्रो नजरमा त तिमी बच्ची नै छौ के कसरी भयो यस्तो ?

बालिका – पल्लाघरे दाइ मसँग केटाकेटीदेखि सँगै खेल्थ्यौं, हुर्किंदै थियौं । पढ्ने स्कुल र कक्षा पनि एउटै । रातीमात्र अलग उज्यालो भएदेखि रात नपरेसम्म सँगै थियौं । म आठ वर्ष, त्यो दाइ नौ वर्षको हुँदा उसले अब त हामी गर्न सक्ने भयौं गरौं है कस्तो हुँदो रहेछ भन्यो । विद्यालय हाफ टाइममा अलग्गै रूखमुनि गएर नास्ता खायौं । उसले दोहोऱ्यायो । चढ्यो । बल्लबल्ल गऱ्यो । म रोएँ । अब त बन्द गर्नुको साटो सधैं गर्न थाल्यो । मलाई पनि बानी पऱ्यो । परिणाम यस्तो भयो । म्याम । अब त कहिल्यै मान्दिनँ । त्यस्तो गर्ने छैन । यो पेटको भित्रको निकालेर फाल्दिन भन्दिनुस् डाक्टरलाई म्याम भन्दै हात जोडेर विन्ती गर्छिन् । तेह्र वर्षे बालिका कहाँ जान्छिन्, भेट्छिन् सोध्छिन् ।

मैयारानी – ए नानी ! के गरेको यस्तो ? न उमेर पुगेको, न बिहा गर्ने बेला भएको । उल्लु, अब त लाज पनि त लाग्नु पर्थ्यो हैन र ?

तेह्र वर्षे बालिका – म्याम मैले मात्र होइन बदमासी गरेको मास्टर नख्खुले हो । ऊ हाम्रै घरको छिमेकी बाजेको घरमा पहिले डेरा गरी बस्थ्यो । मेरो बाले उसलाई मेरी छोरीलाई बिहान बिहान एक घण्टा पढाइदेऊ भाडा म तिरिदिउँला भन्नुभयो । ७ बजेदेखि ८ बजेसम्म मेरो घरमा आयो । बरण्डामा बसी पढाउन थाल्यो । केही दिनपछि यहाँ शान्त वातावरण भएन । मेरै कोठामा जाऊँ शान्त एकान्त हुन्छ, पूरा समय पढ्न पढाउनमा लगाउँला भन्यो । कुरा ठिकै हो भन्ने सम्झेर उसको कोठामै जान थालें, पढ्न थालें । उसले पढाउन पनि राम्रोसँग पढाउन थाल्यो । हँसिलो खुसिलो भएर पढाउन थाल्यो । नजानिंदो गरी मेरो हात खुट्टा आदि शरीरको भागहरूमा छोयो । म झसङ्ग हुन्थें तर त्यो भन्दा बढी सोचिनँ, मानिनँ । आजभन्दा सात महिना अगाडि विद्यालयको दिउँसोको नास्तापानीको छुट्टीमा घण्टी लाग्यो । सबै विद्यार्थीहरू बाहिर निस्के । उसले मलाई

आज बाहिर ननिस्कनू तिमीसँग केही काम छ भनेको हुनाले म कक्षा कोठामै बसें । ऊ आयो भित्रबाट ढोका लगायो, चुकुल पनि लगायो । मतिर आयो । मलाई समात्यो । म थर्थराएँ । डरले कामें । चिच्याएँ । उसले मुख छोपिदियो के के गऱ्यो । यत्रतत्र समात्यो । खेलायो । गऱ्यो । कष्ट दियो । कहर कटायो । म चिच्याउन सकिनँ । आफ्नो इच्छा पूरा गऱ्यो । यो कसैलाई भन्यौ भने म जाँचमा मेरो विषयमा फेल गरिदिन्छु । कसैलाई नभन्नू भन्यो । ढोका खोलेर निस्क्यो ।

म प्र.अ. सर कहाँ गएँ । सबै कुरा यथार्थ र सम्पूर्ण कुराहरू बताएँ । उहाँले पचास मिटर मात्र दूरीमा रहेको प्रहरीमा जानकारी दिनुभयो । प्रहरी तुरुन्त आयो । कवाडीवाला कहाँ थोत्रा सामानभित्र लुक्न भ्याएको रहेछ । पक्रियो । थानामा लग्यो । प्रहरीले उसलाई र मलाई पनि विद्यालयबाट दुई जना साथीसहित अस्पताल लग्यो । प्रहरीको पत्र बमोजिम मेरो गोप्य अङ्गबाट नमुना झिक्छ । उसको पनि नमुना भिडाउनका लागि झिक्छ । दुवै नमुना भिडाउँछ । मिल्छ । अङ्ग हेर्छ एकघण्टा अगाडिको घटना र स्वेलिङ्ग समेत देखिन्छ भनी किटानीसाथ प्रतिवेदन दिन्छ । अस्पतालले प्रहरीले उसलाई थुनुवा कोठामा थुन्छ । मलाई खोजी भएको बेलामा हाजिर हुनेछु भन्नेमा लेखात्मक सही गराएर विद्यालयमा पठाउँछ । साथीका साथमा म फिर्ता आउँछु । प्र.अ. सर कुरेर बस्नुभएको रहेछ । सबै कुरा उहाँलाई जानकारी गराउँछु ।

यति हुँदासम्म रात पर्छ बिस्तारै बजार बन्द हुन्छ । विद्यालयहरू सबै सरकारी गैरसरकारी कार्यालयहरू बन्द हुन्छन् ।

प्र.अ. सर - अब घर घर जाऔँ । भोलि सधैँको समयमा आइपुग्नु ।

सबै - हुन्छ सर (सबै निस्कन्छन् । उनलाई साथी मझौलाहरूले उनका घरसम्म पुऱ्याइदिन्छन् ।

## दृश्य – तीन

स्थान – डाक्टरको क्लिनिक

समय – ठीक दश बजे ।

नेपथ्य – (मैया रानीहरूको टोली आइपुगेको छ । सानी र मझौला बिरामीका संरक्षक बाबुआमाहरू तथा सम्बन्धित केटालाई पनि साथमा ल्याएका छन् । साक्षीका लागि र छलफल तथा निष्कर्षका लागि दुई तीनजना भद्र भलाद्मीहरू पनि साथमा छन् । सामान्य छलफल भइरहे तापनि डाक्टर विद्यालयका हेड सर दुवै एकै समयमा आइपुग्छन् । छलफल सुरु हुन्छ ।

प्र.अ. – (सोध्छन्) बोक्रे ! के गरेको सानीलाई ? भेटेर हेर् उसको हविगत कस्तो छ ? भलाद्मीहरू लिएर बाआमासहित उस कहाँ जाऊ । (मैयाँरानी

सबैलाई लिएर जान्छिन् ।)

सानी – (सबैलाई देख्ने बित्तिक्कै रुन्छिन्) दाइ म त मर्ने भएँ । के गरूँ बाँच्न त रहर थियो तर ....

बोक्रे – (सुरुमा त बोल्नै सक्तैन) उसलाई टाउकोमा समातेर आफूमा टाँसेर रून्छ मात्र एक छिनपछि । नमर, म मर्न दिन्नँ । उपचार गरेर तिमीलाई लिएर जान्छु मेरो घरमा । तिम्रा र मेरा बाआमा यहीँ हुनुहुन्छ । सानीलाई मैले प्यार गर्छु । मान्नु हुन्छ कि मान्नु हुन्न ? सानी म तिमीसित बस्छु । सञ्चो भएपछि लिएरै मात्र जान्छु मेरो घरमा (चारैजना बाआमाको मुखमा हेर्छन् दुवैले)

संरक्षकहरू – (पालो गरी भन्छन् ।) बालबालिकै छन्, खाए, खेले, हुर्केका पनि छैनन् तर माया प्रेममा फसेछन् । अब हामीले स्वीकार गर्छौं । गणेशजीलाई साक्षी राखेर एक जना ब्राह्मण बोलाएर आजै यहीँ एक अर्कालाई टीका सिन्दुर लगाएर बिहा गरिदिऊँ । यता उपचार पनि हुँदै गरोस् । सबैको विचार मिलेपछि । ड्राइवर तीन टपरीमा सिन्दुर टीका, दुई थुँगा सयपत्री फूल लिएर भित्र पस्छन् । साक्षीसमेत सबै भित्रिन्छन् ।

ड्राइभर – (गणेशको फोटो झ्यालमा राख्छन् । दुईवटा धुप बत्ती बाल्छन् । ॐ श्रीगणेशायनमः उच्चारण गर्दै दुबो चढाउँछन् । रातो टीका अक्षता चढाउँछन् । चारै जना संरक्षकले पनि चढाउँछन् । बोक्रेले ब्राह्मणको इसारा बमोजिम गणेशको पूजा गर्छन् त्यही टीकाबाट सिन्दुर झिकेर सानीतिर फर्किन्छन् र सानीको निधारमा तलदेखि माथिसम्म लगाइदिन्छन् । एक थुङ्गा फूल निधारबाट तालुमा लगाइदिन्छन् । मैयारानीले सानीको हात समातेर उनको हात औँलाले टीका लिएर बोक्रेको निधारमा लगाइदिन्छिन् । फूल पनि उनकै सहारामा निधार तालुमा लगाइदिन्छिन् । उपस्थित सबैले ताली बजाउँछन् । सानीको अनुहारमा मन्द मुस्कान देखिन्छ । बोक्रे पनि गदगद भयो । संस्कार पूरा भएपछि डाक्टरले प्रस्ताव राख्छन्–)

डाक्टर – सानी सिकिस्त छिन् । अप्रेसन नगरी बच्चा पाउन सक्तिनन् । अप्रेशनका लागि परिवारका सदस्यको स्वीकृत चाहिन्छ । बोक्रेको उमेर नपुगेको हुनाले दुवैका बाबुहरूले सही गरिदिनु होस् । (स्टाफ नर्स सही गराउन फर्म लिएर आएकी हुन्छिन् । दुवैका संरक्षक बाबुहरूले सही गर्छन् । अप्रेसनको तयारी थियो । सानीलाई अप्रेसन कक्षमा लैजान्छन् । कक्षको भित्रबाट ढोका लाग्छ । उपस्थित सबै बाहिर बसेर बाटो हेर्छन् । यसै वेला एक जना प्रहरी आउँछ । ऊ प्र.अ.लाई भेट्छ र भन्छ)–

प्रहरी – सर, बलात्कारी मास्टरलाई मझौला नानी समेतलाई दशै बजे अपराध

पत्रसहित अदालतमा पेश गरेको जिल्ला अदालतका न्यायाधीशको सिङ्गल बेन्चमा पेश हुँदा बेन्चले अभियुक्तलाई अपराध गरेको कुरा स्वीकार गरेको मफौलाको अङ्गबाट निकालेको सिमन र उसबाट निकालेको सिमन मिल्न गएको मफौलाको अअङ्ग, लिअङ्गसमेत भएको समेत मिसिलमा अस्पतालको प्रतिवेदन समेतबाट जोरवालाबाट गरेको जाहेरी, अपराध गरेको स्थलको प्रहरी प्रतिवेदन समेतबाटले अपराध गरेको पुष्टि भएको हुनाले बलात्कार गरेको र नाबालिका माथि गरेको फौजदारी ऐन बमोजिम अपराध गरेको ठहर्छ । दुई प्रकारको अपराध गरेकोमा निजलाई बीस वर्ष कैद गर्ने र निजबाट जाहेरवाला मफौलालाई एक लाख क्षतिपूर्ति दिलाई दिन यसमा अपिल गर्ने म्याद दिनुपरेकाले फैसला कार्यान्वयन गर्न मिसिल तामेली फाँटमा पठाइदिनू भन्ने फैसला भयो र मास्टर नख्खु जेलमा पठाइसक्यो । छात्रा मफौली विद्यालयमा समेत आइसकेकी छिन् ।

प्र.अ. – धन्यवाद ! इन्स्पेक्टर साहबलाई धन्यवाद पुऱ्याइदिनू है ।

प्रहरी – हवस सर ! (भन्दै फर्किए)

प्र.अ. – मफौलालाई एक पटक आजै अस्पताल लगेर सफाइ गर्नु पर्ला कि नपर्ला ? त्यस कुकर्मीको रह्यो भने पछि कष्ट होला । डाक्टरलाई सोधेर सफाइ गर्नुपर्छ भने गराएर आउनूस् । गाडीमै उसलाई पनि लगेर ।

मैयारानी – हवस, म गएँ । (पुरेत भएका ड्राइभरलाई लिएर जान्छिन् । पैंतालीस मिनेटपछि अप्रेशन कोठा भित्रबाट खुल्यो । डाक्टर आफै दुईहातमाथि तातो कपडामा उचालेको गोरो राम्रो बच्चा लिएर निस्के)

डाक्टर – लौ हेर्नुस् बालबालिकाको बालख छोरा । (सबैले हेरे, ताली बजाए । बोत्रे, संरक्षक साक्षी, सबै खुसी भए । विशेषतः बोत्रेलाई मनमनै माया लाग्यो । चारजना संरक्षकहरू, अझै विशेष रूपमा प्रधानअध्यापक खुसी भए । सबैले आशीर्वाद दिए । घाँटी तानी तानी हेरे । डाक्टर अप्रेशन कोठाभित्र फर्किए । सबैको अनुहारमा मुस्कान थियो ।) आपसमा अरू त राम्रो भयो । परिणाम पनि यस्तै कुरा भइरहन्छन् ।

बोत्रेका बा - नाबालक बालिकातर्फ के होला कसो होला ?

नानीका बा – केही नहोला ! किनभने हजुर हामी एक भएपछि भगवान् पनि दाहिना हुन्छन् ।

डाक्टर – (बाहिर निस्कन्छ, भलाकुसारी गर्छ । बोत्रे तथा संरक्षकहरूलाई भन्छन्–) सानी नानी सानी नै छिन् । सात दिनसम्म उपचारमा राख्नुपर्छ । सातौं दिनमा टाँका काटेपछि अवस्था हेरेर डिस्चार्ज गर्नुपर्ला । हेरचाह, खानपिन राम्रो गर्नुहोला । बच्चालाई दूध पुग्दैन । गाउँमा सुत्केरी महिला

भए मिलाएर खुवाउनुहोला । एक डेढ हप्तासम्म त नानीका दूध पनि पलाउँछन् कि, त्यो पनि नभए गाईको दूध त छँदै छ । गाईमा हाम्रो स्थानीय गाईको शुद्ध दूध, पछाडि ढाड नबसेको सिधा ढाडवाला गाई स्थानीय गाई हो । पछाडिको ढाड (डाँडी) नुगेको बसेको, दिनकै दुवै प्रहर पाँच लिटर भन्दा बढी पन्ध्र बीस लिटर पनि दूध दिने गाईको दूधले बच्चा त्यति सप्रिँदैनन् । अब नानीसँग बस्ने कुरुवा दुईजना पालो गरी बस्ने यहीं सुत्ने बन्दोबस्त गर्नुस् । अब अरूहरू पाल्नुभए हुन्छ ।

प्र.अ. – बाँकीलाई जे गर्नुपर्ने गरियोस्, लागत मिलाउँला । यसपटक पछि त कतै अल्भाइदिउँला ।

डाक्टर – हवस् । हुन्छ । बुझें । नमस्कार । (नमस्कार गरेर त्यहाँ बोक्रेलाई राखी सबै निस्के । घर टाढा त छैन तैपनि छोटो बाटो समात्छन् । मृगस्थली अलिकति दक्षिणतिर बाक्लो जङ्गल छ । शहरको बीचबाट जानुपर्छ । जाँदा देख्छन्– टोलीटोली । स्कुलकै ड्रेसमा केटाकेटी, युवायुवती, तरूनी तन्नेरी एक एक रूखको फेदमा । कोही लोल्लिएझैं एक अर्काको अँगालोमा । कोही चुरोटको धुवाँ उडाउँदै, कोही जोडी जोडीको काममा व्यस्त । सबै आआफ्नो काममा व्यस्त । कसैलाई कसैको वास्ता छैन । त्यो बाटो को हिँड्छन् को आउँछन् जान्छन्, परवाह छैन । सबै आफैमा केन्द्रित छन् । देख्नेलाई लाग्छ विचित्रको चित्र । बन्द नगरे पनि हुँदो हो ।)

बोक्रेका बा – मलाई लागेको थियो बोक्रे पनि अलिकति उमेर पुगेपछि विदेश जाने होला तर सानीलाई यति गरेपछि अब त जान्छु भन्दैन होला । त्यसो नगरे त नानीलाई स्याहारेको ठिकै भयो ।

नानीको बा – त्यसो गरे त हुन्थ्यो, बोक्रे र नानी ! अब त नाति पनि त भयो । उसको पनि माया लाग्ला । विदेश नजाला । यसको लागि अर्को पनि एउटा उपाय छ– आफ्नो जिउ पाल्ने भएपछि, यिनीहरूलाई अलग्गै बस्ने व्यवस्था गरिदिएर केही न केही काममा लगाइदिनुपर्छ । त्यस्तो खास काम नभए, तपाईंको त्यत्रो जग्गा जमिन छ । सक्ने जतिमा डेरी वा यस्तै केही चिजको उत्पादन गर्ने गराउने उद्योग खोल्ने । एक्लै नसके अरू साथीहरूलाई सम्मिलित गराउने, उत्पादन हाम्रो देश शहर बजार गाउँ घरलाई पुगोस् । बढी भए, खाँचो हुने देशमा निकासी गर्ने यो अवस्था सिर्जना भएपछि, अरू देशबाट पैठारी (आयात) गर्ने काममा प्रतिबन्ध लगाउने । यसो गर्दा यस्ता युवा युवती केहीले त काम पनि पाउने छन् । तपाईंका छोरा अब त बुहारी नातिसमेत विदेशसिदेस कहीं जाँदैनन् । यस्तो गर्ने हो भने त राष्ट्रको अर्थ व्यवस्थालाई समेत ठूलो सेवा हुन जान्छ ।

बोक्रेकी आमा – त्यसरी केटाकेटीलाई काम दिई देशभित्रै इलमी बनाएको भए, देश युवारहित हुने थिएन । गाउँघर शहरबजार वरिपरिका समेत उर्वरा भूमि जोत्ने खेती गर्ने मान्छे छैनन् । त्यस्तो जमिन वनमारा घाँसले ढाकेको छ । घर घर बाँदर बँदेल घुम्छन् । आसामतिरबाट जङ्गली हात्ती आएर गरीब किसानका कच्ची घर भत्काइरहेको छ । लगाएको बालीनाली खाइदिएर जनसमाजलाई मार्ने काम समेत गरिरहेको छ । खोई ! मानिसको जिउधन समाप्त पार्दा समेत रक्षा गर्ने कुनै छैन ।

नानीकी आमा – मैले त सुनेको जनताका अगुवाहरूलाई विदेशले किनेको छ रे ! उनीहरूद्वारा आआफ्नो संस्कृति, परम्परा थोपर्दै छ रे ! हाम्रो युवा युवती लगेर आफ्नो आर्थिक विकास गरिरहेका छन् रे ! पुरुषलाई दासत्वमा, महिलालाई घरमा यौनमा, डान्सबारमा दासीका रूपमा बिक्रीसमेत गरिएका छन् रे ! मानव संस्कृतिलाई अगुवाहरूले एउटा उद्योगका रूपमा चलाएका छन् रे ! यस्तो तस्करहरू त उद्योगी नै भइहाले अगुवाहरूले प्रति युवा- युवतीको हिसाबले कमिसन लिने गर्छन् रे ! भनेपछि विदेश जान बन्द गर्नु गराउनु जति गाह्रो छ त्यतिकै गाह्रो छ । गएकोलाई फिर्ता ल्याउने भन्ने सुन्छु । यस्तोमा हामले पनि पठाउन बन्द गर्ने र गएकालाई फिर्ता ल्याउनेमा काम गर्न पाए मरेपछि घाटसम्म पुऱ्याउने मलाम त पाउँथ्यौं होला । यसरी हामी कहाँ जनबलको खडेरी पारेर परचक्री श्रमिक ल्याई कजाउँछन् रे ! नागरिकता बसोबास पनि दिन्छन् रे !

बोक्रेका बा – हो ! तपाईंले भनेका सुनेको साँचो कुरा हुन् । जान बन्द, गएकोलाई ल्याउन सुरु गरिहाल्नुपर्छ, नत्र त हाम्रो मातृभूमिको अनन्त भविष्यमाथि दवाब पर्छ । युवाविना त्यस्तो दवाबलाई समयमै ठाउँको ठाउँमै सिध्याउनुपर्छ ।

बोक्रेकी आमा – अगुवा र तस्करहरूले पैसामा हाम्रो भविष्यलाई बेच्नमा तल्लीन छन् यिनलाई मातृभूमिको के माया भयो र जानेवाला युवायुवती नगाइदिए हुन्थ्यो र ?

नानीका बा – यी प्रश्न गर्दा हुने कुरा त हो । हरेक नेपाली जन्मिने बित्तिकै देशभक्ति र सेवाप्रतिको जिम्मेवारी लिएर जन्मेको हुन्छ, तर जनसमाज तथा अगुवा सभाले यो जिम्मेवारी उनीहरूलाई बोध गराउँछ । न परिपालन गर्न प्रेरित गर्छ । उमेर पुगेपछि युवा युवतीहरू आफ्नै आमा जन्मभूमिको काखमा आमाको दूध, हावापानी, अन्न, फलफूल खाँदै, इन्द्रेणीमा जुनेलीको रातको आकाशजस्तो साँझ अस्ताउँदो उदाउँदो सूर्यलाई किरणरूपी खास्टो ओडाएका हिमाली लहर, नेपालीको बल-तागत, वीरताको प्रदर्शन गर्दै झरिरहेको झर्नाहरू ताल तलैयाहरू पढ्दै, नेपालको

शान्ति सन्देश विश्वमा फैलाउन दौडिरहेका खोल्साखोल्सी खोला, नदी, महानदी, महारूपमा बग्ने नदीहरूको दृशयमा प्रकृतिसँग प्राकृतिक भएर हुर्केका हामी, हाम्रो भविष्य सुरक्षित र उन्नत राख्ने युवा युवती आऊ सँभाल आफूलाई, सँभाल नेपाललाई ।

बोक्रेका बा – सम्फे त मातृभूमिको प्यार बुझिन्छ भने आफूलाई बुझिन्छ । आफ्नो भूमि र आफ्नो तन, मन, जनलाई बुझिन्छ । आज मात्र होइन, हिजो अस्तिको मातृभूमिलाई बुझिन्छ । पैतृक भूमिलाई पनि बुझिन्छ । आऊ युवा ! आऊ ! अब कतै नजाऊ । कतै जाने कुरा बन्द गर । हामी आमाको काख र कोखका दुश्मनहरूको बहकावमा लाग्न बन्द गर । यस्तो महाउद्देश्य लिएर हामी जम्मा भएको युवा मन बल लिएर हामी निस्कौं । विदेशमा गएका हाम्रो, युवा बललाई फिकाऔं । हाम्रो युवा जीवन अर्काको नोकर मात्र होइन दासदासी बनेर परचक्रीको उन्नतिमा डुल्न बन्द गरौं । हाम्री आफ्नी आमा र आफूलाई उठाउन उठाऔं र उठौं ।

बोक्रेकी आमा – हो त नि ! मातृभूमि भनेपछि आफ्नो मात्र हुँदो रहेनछ । पैतृक भूमि भइसके पनि आमाको सन्तानलाई प्रवासी नेपालीलाई पनि माया हुँदो रहेछ । यही असी साल सुरुमै विशेष परिवन्दले थाइल्यान्डमा बस्न परेका नेपालीको नातिनीहरूको एउटा समूह तीन पुस्तापछि नेपालको दर्शन गर्न हेर्न बुझ्न आए । नेपाल घुमे हेरे । खूब मन पराए । यतिसम्म मन पराए कि, नेपाल धेरै मन पऱ्यो, नेपालमा केटा पाए विवाह गरेर यतै बस्ने थियौं भने नेपाली भाषामै । उनीहरू थिए कार्की, गुरुङ, लिम्बू, मगर आदि । नेपाली भाषामा कुरा गरे, गीत गाए, नाचेर पनि देखाइदिए ।

नानीकी आमा – हो त नि ! यस्तै बर्माबाट पनि छोरीचेलीहरूको एउटा ठूलै डफ्फामा आए । एउटी अगुवा नानीले त हवाइजहाजबाट भऱ्याङ भएर भुइँमा पाइला टेक्दा बित्तिकै दाहिने हातमा नेपालको सूर्यचन्द्राङ्कित झण्डा, बायाँ हातमा बर्माको झण्डा समातेर पैतृक भूमि नेपालको भूइँमा भक्तिपूर्वक आफ्नो शिर भुइँमा (नेपाली माटोमा) राखेर ढोगिन् । भ्याएसम्मले धेरैले त्यसै गरे । सञ्चार क्षेत्रमा थाइ नानीहरूले जस्तै यिनीहरूले पनि त्यस्तै भने नेपाल धेरै राम्रो छ । पोखरा, लुम्बिनी, काठमाडौं, ललितपुर, भक्तपुर, पनि घुम्यौं । दोहोऱ्याएर भने नेपाल धेरै राम्रो लाग्यो । मनपर्दो केटा पाए हामी पनि विवाह गरेर यतै बस्ने थियौं । उनीहरूको यस्तो अनुभूति सुनेर हामी सबै नेपालीलाई उनीहरूको माया लाग्यो– खुसी लाग्यो ।

(यसै वेला एक जना भद्र मानिस त्यही बाटो आउँदै रहेछन् । उनको कुरा सुनेछन् र भने)

भद्रमानिस – हो, मैले पनि थाइल्यान्ड र बर्मा दुवै देशबाट आएका प्रवासी नेपाली छोरीहरूको बोलाई, घुमाई र सबै व्यवहार नेपाली जनसमाजलाई मायालाग्दो मातृभूमिप्रतिको भक्तिभावना प्रेरणादायक रह्यो । तीन चार पुस्तादेखि अरू देशमा बसेका नेपालीका छोरीहरूलाई त नेपाल भूमिको यति माया छ, भने आफ्नै जीवनकालमा रोजगारीका नाममा विदेशमा गएका युवाहरू यसो गर्न बन्द गर्नुपर्छ । यस विषयलाई जोड दिएर देशभक्ति र जनमुक्तिको लागि आह्वान युवालाई । किताबहरूको र कयौं फुटकर लेखहरू लेख्ने यो बोल्ने गरी आइरहेका सूब सेनका यी आह्वानहरूका हात हातमा पुगेको हुनुपर्छ । लाग्छ तपाईंहरू र मबीच परिचय नभए पनि हाम्रो कर्तव्य एउटै छ– नेपाल मातृभूमिको रक्षा, नेपाली समाजको सेवासँगै परिपालन गर्नुपर्छ– एक भएर गरौं ।

नानी र बोक्रेकी आमा - (दुवै एकै चोटी) विदेश गएका युवा आऊ हाम्री मातृभूमि हाम्रो अस्तित्व, स्वत्त्व खोस्न र हामीलाई बिगार्न आउने शत्रुहरू, उनीहरूका नूनपानी ज्याला खाएर हाम्रो पन, मन, मन्दिरमाथि दाह्रा घस्ने परचक्री र अपुङ्गीलाई पोस्ने, हामीलाई आफ्नो मात्र भूँडी भर्ने अगुवारूपी माटे रोगका किटाणुलाई पोसिने र पोस्ने क्रिया बन्द गरौं ।

कुर्चीबाट खसालौं । भुइँमा थचारौं यी कामका लागि यहाँ भएका युवा उठ । विदेशबाट आएका युवामा मिल । एक डल्लो भएर प्रकृति र प्राकृतिक संसारमाथि बेहिसाबले खेल्नेको खेल बन्द गरिदिऊँ । यिनले खेलाइरहेको खेल खोसौं । यिनका तालाचाबी लिऔं । आफ्नो अस्तित्व स्वत्त्व र पनको रक्षा गरौं, सुदृढ पारौं । आऊ युवा आऊ, एक सूर्यजस्तै शक्तिशाली महाडल्लो भएर यिनीहरूका अवैध अनैतिक क्रिया बन्द गरौं ।

दुवैका बुवा तथा भद्र मानिस – (एकैपटक) क्या वात म्याम ! त्यसै गरौं । साथै यहाँ हाम्रो भूमिमा, हामीमा, हाम्रा विद्यालय, महाविद्यालय, विश्व-विद्यालयहरूमा, वनमा, घरमा, मन्दिर, मठ, गुम्बा, स्तुपा, बाँसका ठाँटीमा, पौवामा, नाचमा, भाटमा, घाटमा भइरहने अवैध क्रिया र अवाञ्छित तत्त्वलाई बन्द गरौं । हाम्रो सुदिनको ढोका खोलौं । सूर्योदयका किरणहरू प्रकाशमय जनजीवन आउन् । त्यस दिनका लागि हाम्रो ढोका सधैं खुल्ला राखौं । गलतलाई बन्द गरौं । असललाई खुल्ला राखौं ।

≋

http://nepalipublisher.com/downloads-vajyanti\dayitwa

**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

अनलाइन माध्यमबाट भुक्तानी

वा

रकम स्थानान्तरण गर्दा

सम्भव भएसम्म सार्वजनिक स्थानका

निःशुल्क वाईफाई प्रयोग नगरौं ।

---

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने

ओटिपि/पासवर्ड अरूलाई शेयर नगरौं ।

---

सुरक्षित रूपमा वित्तीय कारोबार गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# केही नाट्य चिन्तन एवम् सिर्जन परम्परा

डा. रमेश शुभेच्छु

## १. विषय परिचय

नाटक साहित्य कलाका चारवटा प्रमुख विधाहरूमध्ये श्रव्यदृश्य भेदमा पर्ने सशक्त विधा हो । नाटक पाठ्य साहित्य पनि हुँदाहुँदै यस विधालाई लेखेर पढ्दैमा अन्य साहित्यिक विधा जस्तो पूर्ण रूपमा आस्वादन गर्न सकिँदैन । नाटकको पूर्णताका लागि यसको लेखन, प्रकाशनसँगै प्रदर्शन पनि आवश्यक मनिन्छ । यस आधारमा नाटक आफैमा बहुविधालाई आफूमा गर्भित गर्न सक्ने विधा विशेष हो । यस विधाका विषयमा पूर्व र पश्चिम दुवैतिर विशेष चर्चा हुँदै आएको छ । नृत्य, गीत, खेल र अभिनयसहितको विधाका रूपमा यस विधाको परिचय छ । यस आलेखमा नाट्यविधासँग सम्बन्धित केही पारिभाषिक शब्दार्थगत विमर्श, पूर्वीय र पश्चिमेली सिर्जन एवम् चिन्तन अनुचिन्तनगत परम्पराको विमर्शका साथै रङ्गकलासहितका नाट्य तत्त्वको निर्धारण प्रयास गरिएको छ ।

## २. नाटकको शाब्दिक एवम् पारिभाषिक अर्थ

नेपाली भाषामा प्रचलित नाटक शब्द संस्कृत भाषाको 'नट्' धातुबाट विकासित तत्सम व्युत्पन्न शब्द हो । नाटक शब्दको निर्माण 'अवश्यन्दने' भन्ने अर्थमा प्रयोग हुने 'नट्' धातुमा 'अक' प्रत्यय लागेर निर्माण भएको हो । यो शब्दले साहित्यको अभिनेयात्मक, अनुकरणात्मक, प्रदर्शनात्मक कार्य विशेषलाई जनाउँछ ।

इतिहासदेखि आजसम्म नाटक विधाका विषयम अनेक चिन्तन र अनुचिन्तन भएका छन् । सिर्जनाको क्रम पनि अविरल छ र त्यसमा प्रयोगको क्रम पनि उस्तै छ । पूर्वीय साहित्य परम्परामा पनि र पाश्चात्य संसारका साहित्य परम्परामा पनि नाटकको उत्तिकै चिन्तन, अनुचिन्तन, सिर्जना र प्रदर्शन भएको इतिहास छ । दुवै भूगोलमा विकसित ज्ञान परम्परा र कला परम्परामा यस विधालाई चिनाउने, स्थापित गर्ने र विकास गर्ने काम भएको छ ।

पूर्वीय काव्यशास्त्रका प्रथम नाट्याचार्य भरतले नाटकका विषयमा अगाडि सारेको सैद्धान्तिक पक्ष आजसम्म नाट्य विमर्शको उल्लेख्य आधार मानिन्छ । उनले प्रसिद्ध राजर्षि तथा देवताका विषयमा लोकप्रख्यात आख्यानमा आधारित रचनालाई नाटकका रूपमा लिने विचार अगाडि सारेका थिए । उनले नाटकको विषयसँगै चरित्रका विषयमा पनि निकै गहिरो चर्चा गरेका थिए । उनका अनुसार नाटकमा प्रख्यात र धीरोदात्त नायक प्रयोग हुन्छ एवम् उसको उन्नति एवं विलासको प्रदर्शन सशक्त ढङ्गले गरिन्छ । त्यस्तै उनले नायकका जीवनका महत्तम पक्षबाट नाटकलाई महत्त्वपूर्ण विधा बनाउने विचार अगाडि सारेका थिए । उनले नै नाटकको अङ्क र प्रवेशकको व्यवस्थापनसम्बन्धी विचार पनि अगाडि सारेका थिए । उनको यो चिन्तन तत्काल उपलब्ध नाटक र उनी

पूर्वको ज्ञान परम्पराको चेतनाअनुसार निर्माण भएको थियो ।

संस्कृत साहित्यको नाटक परम्परामा नाटकलाई 'नाट्य' भएिको छ र यसलाई नाटककै रूपमा परिभाषित गरिएको छ । यो संस्कृत काव्यशास्त्रीय भेदअनुसार दृश्यकाव्य भेदमा पर्दछ । आचार्य धनञ्जयका अनुसार नाटक रसाश्रित हुन्छ । भरतको रसशास्त्रीय मतअनुसार नै धनञ्जयको यो मत पनि आएको मान्न सकिन्छ । पूर्वीय रस चिन्तनको स्रोत भरतको नाट्यशास्त्र नै हो । नन्दिकेश्वरले नाट्य, नृत्त र नृत्यलाई पूर्वाचार्यहरूले नाटककै भेद मानेको चर्चा गर्दै नाट्य महनीय पूर्वकथामा आधारित नाटक हो भन्ने चिन्तन प्रकट गरेका छन् । उनको चिन्तनले नाटकलाई अन्य कलासापेक्ष रूपमा हेर्न सकिने आधार प्रदान गरेको छ ।

पूर्वीय आचार्य पाणिनिका अनुसार 'नट' शब्दमा 'यञ्' प्रत्यय लागेर नाट्य शब्द निर्माण भएको हुन्छ । रामचन्द्र गुणचन्द्रले नाट्यको उत्पत्ति 'नट्' धातुबाट भएको सन्दर्भ नै अगाडि ल्याए । **हिन्दी साहित्य कोश**का अनुसार नृट् धातु नट् भन्दा प्राकृत रूप हो र नृत् बढी प्राचीन र नृट् केही कम प्राचीन धातु हो । 'नृत्' र 'नट्' दुवै ऋग्वैदिक कालदेखि नै प्रचलित रहँदै आएका धातु हुन् । यी दुवै पदको प्रयोग स्वतन्त्र तथा निरपेक्ष रुपमा प्रयोग हुँदै आएको छ । त्यसै गरी सिद्धान्त कौमुदीकारले नट् र नृत् दुवैको भिन्न भिन्न अस्तित्व रहेको स्वीकार गरेका छन् । नट् धातुको समावेशन 'नट् अवस्यन्दने'का रूपमा चुरादि प्रकरणमा रहेको उल्लेख छ भने नृत् धातुको समावेशन 'नृती गात्रविक्षेपे' का रूपमा दिवादि प्रकरण विमर्श गरिएको छ । (श्रीवास्तव, सन् १९८५, पृ. ३१५-३१६) यसबाट 'नट्'को धातुगत अर्थ नटकर्म अथवा अभिनय एवं 'नृत्'को धाधुगत अर्थसापेक्ष अङ्ग सञ्चालन वा नर्तन हो भन्ने बुझिन आउँछ । यसबाट नाट्य र नृत्य भिन्न भिन्न स्वतन्त्र विधा हुन् भन्ने कुराको प्रमाण जुट्छ ।

नाटक र नाच वा नट् र नृत् भिन्न स्वतन्त्र संज्ञा र स्वरूपमा देखिए पनि यी दुवै विधा परस्परमा सहसम्बन्धित छन् । यी दुवै कुनै सन्दर्भमा पर्यायवाची पदका रूपमा पनि प्रचलित छन् । भरतनाट्यम्बाट विशेष प्रकारको शास्त्रीय नाट्य भन्ने अर्थ बुझिन्छ तर अरू ग्रन्थले पनि नाट्य विधाका विषयमा धेरथोर बोलेको बुझिन्छ । प्रसिद्ध नेपाली नाटककार एवम् दार्शनिक बालकृष्ण समले *मेरो कविताको आराधना* कृमि नाटक र नाचको उल्लेख गरेका छन् । उनका अनुसार माध्यमिक कालीन नेपाली नाट्य तथा र ङ्ग परम्परामा नाटकलाई नाच भनिने प्रचलन थियो भन्ने बुझिन आउँछ ।

नाट्य विधाका सन्दर्भमा संस्कृतका नाट्य ग्रन्थहरुमा नेत्त, नृत्य, र नाट्य गरी तीन शब्द प्रयुक्त र प्रचलित छन् । आचार्य धनञ्जयका अनुसार नृत्त, ताल र लयमा आधारित तथा अभिनयसहित नाच हो । यसलाई देशीको संज्ञा दिइएको पनि पाइन्छ । 'नृत्य' भावाभिनयमा आधारित नाच हो र यसलाई मार्ग पनि भनिन्छ । यसका तुलनामा 'नाट्य' चाहिँ अभिनय गरिने विधा विशेष हो ।

नाट्यचिन्तक नदिकेश्वरका मतमा भावाभिनयविनाको अङ्ग सञ्चालन मात्र नृत्त हो, रस, भाव आदिको अभिनय चाहिँ नृत्य हो र प्राचीन ख्यातिप्राप्त कथामा आधारित नटकर्म नाट्य हो । यी फरक फरक चिन्तनहरूबाट नाट्य र नृत्तको भेद पहिल्याउन

सकिन्छ । सरसरती हेर्दा नेत्त प्रकृतिको भावरहित अनुकरण हो, नृत्य त्यसैबाट विकसित भएको भावाभिनयसहितको अनुकरण हो भने नाट्य चाहिँ त्यसबाट विकसित बनेको आख्यानात्मक तथा रसभावात्मक र अभिनययुक्त अनुकरण हो ।

अङ्ग्रेजीमा नाटकका निम्ति 'ड्रामा', 'प्ले' जस्ता शब्दहरू प्रचलनमा छन् । नेपाली र भारतीय हिन्दीलगायत अन्य भाषाहरूमा नाटकलाई ठेट्र भन्ने चलन पनि पाइन्छ । यो पद अङ्ग्रेजी 'थिएटर'को अपभ्रंश भएर आएको मान्न सकिन्छ । ठेट्र शब्दको स्रोत ग्रिसेली मूलको अङ्ग्रेजी शब्द हो भन्ने देखिन्छ । थिएटरको शाब्दिक अर्थ प्रेक्षागृह हो र नाटकसँगको सहसम्बन्धका कारण प्रेक्षागृहलाई पनि नाटकको पर्यायवाची शब्दका अर्थमा प्रयोग गरिएको बुझिन्छ । यद्यपि आज यसको अर्थ विस्तार भएको छ ।

नाटकबाट नाटकसँगै संबद्ध भएर 'नाटकीकरण', 'नाटकीयता', नाटिका', 'नाट्यायन' जस्ता पदहरू विकास भएका छन् । नाटक शब्दमा ईकरण प्रत्यय लागेर बनेको व्युत्पादित पारिभाषिक पदावली नाटकीकरण हो र यस पदावलीले कुनै विषयको सोझो प्रस्तुतिलाई नाटकीकृत गरेर प्रस्तुत गर्नु भन्ने बुझाउँछ । वर्तमान साहित्यशास्त्र आख्यान वा कविता काव्य र कतिपय वस्तुरक निबन्ध र अन्य आख्यानेतर गद्यका आलेखहरू पनि नाटकीकृत बनेर प्रयोगमा आएका पक्षलाई स्वीकार गर्दै आएको छ । नाट्य विधामा मात्र नभई आख्यान, कविता वा निबन्धका सिर्जनात्मक विधि र मर्यादालाई समेत नाटकीकरण गर्ने कार्यलाई नाटकीकरण मानिन थालेको छ । त्यस्तै 'नाटकीयता' शब्द नाटकबाट व्युत्पादन भएर बनेको अर्को पारिभाषिक शब्द हो । नाटक नाटकेतर विधाका रचनाहरूलाई नाटकीकरण गर्दा अनुकरणीयता, अभिनेयता र कथोप-कथनात्मकताका विषयहरूलाई नाट्य प्रविधिका आधारमा नाटकीकरण गर्ने काममा काव्यात्मक संवेदना, विम्ब एवम् रूपक सामर्थ्य पनि नाटकझैं भएर प्रयोग भएका हुन्छन् । 'नाट्यायन' पद 'नाट्य' र 'अयन' गरी दुई शब्दको योगबाट निर्मित नाटकको विवेचनामा प्रयोग हुने पारिभाषिक शब्द हो । नाटकका निम्ति आवश्यक पर्ने पात्रविधान, संवादयोजना, अभिनेयता, वस्तुविन्यास, खण्ड वा भाग अङ्कन विधि, परिवेशको संयोजित स्थापनाजस्ता विशेषताका आधारमा सिर्जनाका क्रममा विषयवस्तुको समायोजन गरिने विधिका रूमा यो पद स्थापित छ । यसरी नाट्य विशेषताको समायोजनका आधारमा नाटकले आफ्नो मौलिक पहिचान प्राप्त गर्दछ भन्ने कुरा नाट्यायनले देखाउँछ भने अन्य विधामा पनि यस तत्त्वको प्रस्तुति हुन सक्छ र नाट्य समीक्षाका क्रममा यस पदको प्रयोग भइरहन्छ ।

'नाटिका' संस्कृत नाटकको समालोचना परम्पराका नाटक तथा नाटकको संरचनात्मक आधारमा वर्गीगकरण गर्ने क्रममा देखिएको पारिवाशिक शब्द हो । यसको व्युत्पन्न नाट+कन्+काप्, इत्वम् हुन्छ । (आप्टे सन् २०१६ पृ.५१६) नाटिकालाई नाटकको एक भेदका रूपमा चर्चा गरिएको छ । भरतको नाट्यविवेचनाका आधारमा राजशेखर, मम्मट, धनञ्जय, विश्वनाथलगातका परवर्ती आचार्यहरूबाट विवेचना भएको शास्त्रीय मान्यताका आधारमा गरिएका मूल वर्गीकरणमा नाटक र नाटिका जस्ता दुई प्रमुख भेदको वर्गीकरण गरिएको छ । उनीहरूका अनुसार नाटिकाका १८ओटा भेद रहेका

छन् । ती भेदहरू १.नाटिका, २.त्रोटक, ३.गोष्ठी, ४.सट्टक, ५.नाट्यराशक, ६.प्रस्थानक, ७. उलाप्य, ८.काव्य, ९. प्रेङ्खण, १०.रासक, ११.संलापक, १२.श्रीगदित, १३. शिल्पक, १४.विलासिका, १५. दुर्मल्लिका, १६.प्रकरणिका, १७.हल्लीश, १८.भाणिका हुन् । यस पक्षलाई समेत १८ओटा भेदमा नाटिका प्रस्तुत हुने कुरा सा**हित्यदर्पण**कारले प्रस्तुत गेका छन् । यसरी पूर्वीय नट्य चिन्तन परम्परामा नाटकलाई अर्थ्याउने अनेक पद पदावली विद्यमान छन् ।

नेपाली नाटकका सन्दर्भमा माध्यमिक कालसम्मका नाटकलाई नाच र खेल पनि भन्ने गरिन्थ्यो भन्ने कुरा बालकृष्ण समका सन्दर्भबाट उल्लेख भइसकेको छ । ***पतिव्रता सावित्रीको खेल*** भनिएको कारण नाटकलाई खेलका रूपमा बुझ्ने र बुझाउने चलन थियो भन्ने बुझिन्छ । अङ्ग्रेजीमा प्रयोग हुने 'प्ले' कै अर्थमा नेपालीमा खेल पदको प्रयोग भएको हुन सक्छ । भारतीय हिन्दी र अन्य भाषाका नाट्य परम्परामा पनि नाच र नाटकलाई 'लीला' भनेको पाइन्छ । यस सन्दर्भमा हिन्दीलगायत अन्य हिन्दीबाटै विकसित भाषामा प्रयोग हुने 'रासलीला', 'रामलीला', 'कृष्णलीला' बाललीला जस्ता पद पनि स्मरणीय छन् र यस्ता पदले नाटकलाई लीला वा खेल भनिन्थ्यो भन्ने कुरालाई देखाउँछन् । यी नाममध्येमा रासलीला चाहिँ खेल नै हो र अन्य नाटकलाई बुझाउने पद नै हुन् ।

रामलीला अनेकौ दिन लगाएर देखाइने नाटकका रूपमा भारतीय तथा नेपालकै तराईतिरका मैथिली भाषी बहुल क्षेत्रमा पनि निकै लोकप्रिय थियो र छ । क्रमशः चलचित्रको विस्तार र प्रभावका कारण लीला प्रदर्शनमा ह्रास आउँदै गयो । यस दृष्टिले माध्यमिक कालीन नेपाली रङ्गमञ्चमा प्रदर्शन गरिने नाटकलाई नाच र खेलका साथै लीला पनि मनिनु स्वाभाविकै लाग्छ किनकि त्यस वेलासम्म चलचित्रको प्रभाव पर्न पाएको थिएन । लीलाका रूपमा प्रयोग भएका लोकनाट्यमा नागलीला, सुदामाहरण लीला, बालहठलीला आदि पनि पर्छन् । नाटकको शाब्दिक एवम् प्रयोगगत विमर्श गर्ने अनेक पक्ष छन् । नाटकको पारिभाषिक एवम् कोशीय अर्थका आधारमा हेर्दा यस विधाको मौलिक पहिचान अन्य विधाका सापेक्षतामा निम्न चार बुँदामा निहित देखिन्छ :

- नाटक क्रीडनीय विधा हो - नाटक अनुकरणीय विधा हो
- नाटक प्रेक्षणीय विधा हो - नाटक पठनीय विधा पनि हो ।

नाटकमा जस्तै चलचित्र र यसका आधुनिक उत्तरआधुनिक युगमा विकसित दृश्यात्मक उपविधामा पनि यी चार प्रमुख विशेषता पाउन सकिन्छ । चलचित्र र चलचित्रीय उपविधामा पनि यी विशेषताहरू चित्राङ्कनका आधारमा प्रस्तुत भएका हुन्छन् ।

### ३. नाट्य चिन्तन एवम् सिर्जन परम्परा

नाटकको विकास लोकनाचदेखि नै भएको हो । यस अर्थमा पूर्व र पश्चिम दुवैतिर नाट्य विधाको चिन्तन परम्परा ज्यादै पुरानो छ । पूर्वमा वैदिक वाङमयदेखि यसको चिन्तन परम्परा रहेको पाइन्छ भने पश्चिममा अरस्तुदेखि नै यसको सबल परम्परा छ । यहाँ त्यस्ता परम्पराको केही सङ्केत मात्र गरिएको छ ।

## ३.१ पूर्वीय नाट्य सिर्जन एवम् चिन्तन परम्परा

पूर्वीय साहित्यिक एवम् वाङ्मयिक परम्परामा वैदिक कालदेखि नै नाट्य विधासापेक्ष चिन्तन विकास भएको पाइन्छ । यसको उपनिषदिक एवम् पौराणिक अन्वेषणको पाटो पनि छँदै छ । पूर्वीय नाट्य परम्परामा भास पहिलो नाटककार र भरत पहिलो नाट्य चिन्तक मानिन्छन् । सैद्धान्तिक रूपमा इसापूर्वको दोस्रो शताब्दीमा साहित्यको प्रथम सिद्धान्तका प्रणेता नाट्याचार्य भरतले नाट्य विधासापेक्ष विमर्शको परम्परा थालनी गरेको पाइन्छ । उनले *नाट्यशास्त्र* नामक ग्रन्थ लेखेर यस विधाको चिन्तन आरम्भ गरेपछि दशरूपककार धनञ्जय, आचार्य विश्वनाथलगायतका उत्तरवर्ती चिन्तकहरूले नाटकको वर्गीकरण र विवेचनाको आधार तयार पारको देखिन्छ । यहाँ केही संस्कृत नाट्य चिन्तकका केही नाट्य चिन्तनलाई अगाडि सारेर पूर्वीय भूमिका नेपाली साहित्य परम्परामा चर्चामा आइनसकेका अन्य भाषा साहित्यका नाट्य चिन्तन र परम्परालाई अगाडि बढाउनु सान्दर्भिक होला ।

क) नाटक प्रख्यात कथावस्तु र उदात्त चरित्रमा आधारित एवम् अङ्कहरूमा विभाजित विभिन्न रस र भावहरूले समन्वित रचना हो । -भरतमुनि

ख) तिनै लोकको भावको अनुकरण नै नाटक हो । -भरतमुनि

ग) नाटकमा राम आदिको स्वरूपको आरोप गरिने हुँदा दृश्यकाव्य नै नाटक हो । -आचार्य विश्वनाथ (सन् १९१०, पृ. ५७)

घ) अवस्था विशेषको अनुकरण नै नाटक हो । -धनञ्जय (१९१९, पृ. ४)

ङ) चित्रपटझैं नाटक समस्त विशेषताले भरिएको चित्र विचित्रको हुन्छ । अर्थात् दृश्यविधान, गीत, अभिनय आदिले र रङ्ग प्रसाधनहरूले परिपूर्ण हुने भएकाले नाटक चमत्कारपूर्ण र आनन्ददायी हुन्छ । -वामन

च) लोकको सुखदुःखबाट उत्पन्न विभिन्न परिस्थितिको अभिनय नै नाटक हो । -सागर नन्दी

छ) विभिन्न अनुभव आदिको वर्णन काव्य हो र तिनैको गीत आदि मनोरञ्जन तत्त्वसहितको रंगमञ्चीय प्रयोग नाटक हो । -महिम भट्ट (१९६४, पृ. १०२)

यी चिन्तनहरू धेरै परवर्ती आचार्यले स्वीकार गरेका चिन्तन हुन् । यिनका चिन्तनका सापेक्षतामा र खण्डनमा पनि पूर्वीय नाट्य परम्पराको क्षितिज फराकिलो बन्दै गएको छ पूर्वीय साहित्य भन्ने वित्तिकै संस्कृत साहित्य बुझिन्छ । संस्कृत साहित्यका साथै यसबाट विकसित अनेक भाषाका साथै चिनियाँ र जापनिज साहित्यमा पनि नाट्य परम्परा प्रबल छ । यहाँ त्यतातिर सामान्य दृष्टि प्रक्षेपण गरिएको छ ।

चीनमा सियावंश (इसापूर्व २२०५-१७६६) को शासनकालदेखि नाट्य परम्परा विकसित हुँदै आएको पाइन्छ । सिया वंशका समयमा धार्मिक उत्सवमा गरिने देवता, वीर योद्धा र पूर्वजहरूका चरित्रहरुको अभिनयसहितको नृत्यबाट नाटक ***सेनसी***को विकास भएको पाइन्छ । चाउ वंश (इ.पू. ११२२-२५५) का समयमा आएर *सेनसी*ले पूर्ण रूपमा नाटकीय महत्ता प्राप्त गऱ्यो । चिनियाँ रङ्गमञ्च परम्पराको अन्वेषण गर्दा ईसाको ६१८ देखि ९०७ मा आएर निर्माण कार्य प्ररम्भ भएको र प्रयोगमा पनि आएको पाइन्छ ।

चिनियाँ सम्राट् सुआन सुङ्म्गि हुआङ्गले कलाकारहरूका निम्ति सन् ७१७–७५६ का बीचमा कलासम्बन्धी विद्यालयको स्थापना गरेर अन्य कलासँगै नाट्यकलाको विकास गरेको पाइन्छ । यसले चीनले पनि नाटकको विकासमा नेपाल र अन्य मुलुकमा जस्तै दरबारले सहयोग गरेको बुझिन्छ ।

चिनियाँ भाषासाहित्यको लिखित नाटक युवान वंश (सन् १२८०–१३६८) को शासन कालमा देखा पर्‍यो । तत्काल कुआन हाङ्चिङ् चिनिया भाषाका विशिष्ट नाटककारका रूपमा देखिएका थिए । उनले *ताउइका पीडा, चाओ सियाङ्ग* जस्ता छओटा नाटक सृजना गरेको पाइन्छ । प्रारम्भिक चिनियाँ नाटक लघु आकारका हुन्थे । त्यस्ता नाटकलाई मोटामोटी चार अङ्कमा विभाजन गरिएको हुन्थ्यो । ती नाटकमा अन्य पक्षमा भन्दा पनि पात्र र तिनका अभिनयका पक्षमा विशेष ध्यान दिइएको पाइन्छ । त्यसरी लेखिएका नाटकमा नाट्यशास्त्रलाई भन्दा पनि विषयअनुरूपको सङ्गीतलाई प्राथमिकता दिइएको पाइन्छ ।

चीनमा विभिन्न बलि पर्वहरूसित सम्बन्धित धार्मिक नाचबाट साहित्यले नाटकको स्वरूप प्राप्त गरेको पाइन्छ । त्यस्ता धार्मिक नाचहरू विभिन्न कथाहरूमा आधारित हुन्थे । चिनियाँ नाट्य साहित्यमा गीतको पुस्तक र चु चु (चु राज्यका गीतहरू) ले प्रारम्भिक नाट्य सङ्केत गरेको पाइन्छ । यस्ता नाचप्रधान नाट्यका पात्र बोक्सी, भुतप्रेत आदि हुन्थे भने नाटकको उद्देश्य देवीदेवतालाई खुसी पार्ने रहन्थ्यो । त्यसपछि विकसित नटकमा विदूषकको भूमिका केन्द्रीय बन्न थाल्यो । पुरानो परम्परा रहे पनि लडाकु राज्यकालमा विदूषकको प्रयोग परम्पराको विकास भयो । नाट्य मञ्चमा विदूषकहरू नर्तक, सङ्गीतज्ञ, प्रहसनकारी, सर्कसबाज हुन्थे (प्रधान, २०५१, पृ. ३३) । यस दृष्टिले चिनियाँ नाटकमा विदूषक र मिथकीय पात्रको भूमिका नै आजको नाट्य परम्परा विकास भएको देखिन्छ ।

संस्कृत र ग्रिसेली नाट्य परम्परामा नाटकलाई दुःखान्त र सुखान्तका कोणमा महत्त्व दिइयो र तिनलाई आआफ्ना ढङ्गले व्याख्या गरियो । चिनियाँ नाटकमा भने नाटकको अन्त्यका आधारमा नाटकको वर्गीकरण वा महत्ता स्थापना गर्ने कार्य नभएर सैनिक जीवनका उहापोह, सङ्घर्षका साथै सामाजिक जीवनका कटु यथार्थको प्रतिविम्बन गरी गाउँदै प्रदर्शन गरिने गरी तयार पारेका संवादात्मक कृतिका रूपमा लिइयो । त्यस्ता नाटकहरू सामन्त र योद्धाहरूका जीवनसँग सम्बन्धित हुन्थे । केही समीक्षकहरूले चीनका प्राचीन नाटकहरू जनसामान्यका जीवनसँग टाढा रहेको र उच्च्व वर्गका मनोरञ्जनमा केन्द्रित रहेको टिप्पणी गरेका छन् ।

मध्यकालमा दक्षिणी चीनको चेच्याङकको समुद्री तटवर्ती इलाकामा उत्तरी सुङ साम्राज्यको अन्त्यतिरदेखि लौकिक अपेराको एउटा स्वरूप सुरु भएको पाइन्छ । यसलाई दक्षिणी नाटक वा नान सि को प्रारम्भिक कथा भन्नलाई गीति रूपमा तयार पारिएका नाटकका रूपमा चिनाउन सकिन्छ (प्रधान, २०५१, पृ. १०४) । यी मुलत मध्यकालका प्रयास थिए । आधुनिक कालमा आएर स्थानीय अपेरा र च्वान सि (छि) को विलयनबाट नयाँ अपेराको विकास भएको पाइन्छ । तिनलाई पिहुआङभनिन्थ्यो । १९ औँ शताब्दीको अन्त्यतिर वाङ स्याउनोङको प्रयासमा पैचिङ अपेराको सुधार गरेको पाइन्छ । त्यस

बेलासम्म चिनियाँ नागरिकमा नागरिक जागृति आइसकेकाले विस्तारै नाटकले अपेराबाट संवादको बाटो लिएको पाइन्छ । चिनियाँ साहित्य यात्राको तेस्रो चरण ( सन् १९४९ पछि) पश्चिमी र विश्व साहित्यको प्रभावले चिनियाँ नाटक र चलचित्रले पनि नयाँ बाटो लियो । यसले चिनको नाट्य परम्परा पनि दरबारका मनोरञ्जनमा, धार्मिक अनुष्ठानमा र लोक मनोरञ्जनमा विकास हुँदै आधुनिक चेतनामा अविर्भाव भएको देखिन्छ तर आज त्यसको विकास अर्कै क्षितिजमा पुगेको छ ।

पूर्वीय साहित्य परम्परामा विकसित भाषाहरूमध्ये जापानिज अर्को भाषा हो । जापानमा पनि नाट्यकलाको इतिहास बलियो बनेको छ । जापानमा नाट्यकला चीनबाट कोरिया हुँदै विस्तारित बनेर पुगेको विश्वास गरिन्छ । जापानमा पनि अरू देशमा जस्तै धार्मिक उत्सवहरूका आयोजनामा नाटकको प्रयोग हुने गरेको पाइन्छ । स्थानीय धर्म संस्कृतिका कार्यक्रममा आयोजित हुने कार्यक्रममा धार्मिक किसिमका मिथकीय सामग्रीबाट ईसाको छैटौं शताब्दीतिर नो नामक नाटकको आरम्भ भयो । त्यसरी प्रदर्शन हुने नो नाटक धार्मिक प्रकृतिका हुन्थे र यिनलाई पवित्र पनि ठानिन्थ्यो । यस्ता नाटकहरू कवितात्मक हुन्थे र गाएर नृत्यका साथ प्रस्तुत गरिन्थ्यो । यस्ता नाटकमा सामन्त वर्गलाई पनि रुचिकर हुने विषयवस्तु राखिएको हुन्थ्यो र सोहीअनुसारको रस लालित्यको संयोजन भएको हुन्थ्यो भनिन्छ ।

जापानिज नाटकका प्रारम्भिक चरणका सिर्जनात्मक विषयवस्तु र कथावस्तु काल्पनिक र आदर्शपूर्ण हुन्थे । नाटकलाई आदर्शको प्रस्तुतिका रूपमा लिने तत्कालीन चिन्तनअनुसार ती नाटक अनेक कोणबाट औपचारिक र त्यत्तिकै शास्त्रीय नियमले बद्ध पनि हुन्थे । यस्ता नाटकमा अभिनेताहरू मुखमा मुखुन्डो लगाएर अभिनय गर्न मञ्चमा चढ्थे । नेपाली साहित्यशास्त्री राजेन्द्र सुवेदीले पङ्क्तिकारसँग गरेको एक विमर्शअनुसार जापानिज नो नाटक आयतनका आधारमा पश्चिमी एकाङ्कीभन्दा पनि लघु आकारका हुन्थे । छोटोमा मनोरञ्जनप्रधान बनेर प्रस्तुत हुनु त्यस्ता नाटकको विशेषता थियो । जापानिज नो नाटकमा सङ्गीतको प्राधान्य रहन्थ्यो । यिनका बीचबीचमा प्रहसनका अंशहरू पनि समावेश भएका हुन्थे । नो नाटकलाई पाठ्य नाटकका रूपमा, ज्ञान भण्डारका रूपमा र नीति पठनका रूपमा पनि लिइन्थ्यो । यस पक्षलाई जापानी साहित्यका इतिहासकारहरूले त्यहाँको प्राचीन नाट्य अवशेषका रूपमा लिएका छन् ।

जापानमा इसाको सोह्रौं सत्रौ शताब्दीतिर काबुकी नाटकको विकास भयो । यस किसिमका नाटकको उत्पत्ति पुरोहितपत्नीको गीत र नृत्यबाट धार्मिक अनुष्ठानहरूमै भएको इतिहासकारहरूको मत छ । शाब्दिक दृष्टिले हेर्दा जापानी भाषामा 'का'को अर्थ गीत हो, 'बु'को अर्थ नृत्य हो र "की' को अर्थ अभिनय हो । यस किसिमका नाटकको विषयवस्तु ऐतिहासिक तथा काल्पनिक जे जस्तो भए पनि मनोरञ्जनप्रधान र लोकप्रिय हुन्थ्यो भनिन्छ । तुलनात्मक दृष्टिले हेर्दा नो नाटकका विपरीत काबुकी नाटकमा यथार्थ पक्षको चित्रण हुने गर्थ्यो । तुलनात्मक दृष्टिले नो नाटक वढी आदर्श र शास्त्रीय विषयमा केन्द्रित हुन्थे । यसका विपरीत काबुकी नाटकमा साधारण कथाववस्तु रहन्थ्यो । यस्ता नाटकमा नोनाटकमा भन्दा उत्तेजनात्मक तथा हिंसात्मक कार्यव्यापारका साथै

प्रणय र हास्यात्मक प्रसङ्ग पनि जोडिएका हुन्थे । एउटा प्रस्ट फरक चाहिं नो नाटकमा मुखुन्डोको प्रयोग हुन्थ्यो भने काबुकीमा मुखुन्डाको प्रयोग हुँदैन थियो । यस्तो नाटक दरबारिया, उच्च पदस्थ वा विशिष्टवर्गका निम्ति नभएर सामान्य मानिसलाई सुहाउँदिलो गरी प्रदर्शन गरिन्थ्यो ।

ऐतिहासिक दृष्टिले काबुकी नाट्यका पहिलो लेखक कामात्सु मोन्जायन (१६५२-१७२४) मानिन्छन् । उनलाई जापानीहरू जापानका सेक्सपियर भनेर मान्छन् । आआफ्ना भाषासाहित्यका विशिष्ट नाटककारलाई सेक्सपियर मान्ने परम्परा प्रायः विश्वका नाट्य परम्परामा छ । बालकृष्ण समलाई नेपालका सेक्सपियर भनिन्छ । उनले *कोकुसिन्याको युद्ध, कविता-तासका खेलमा सुन्दरीहरू सोनेजाकीमा प्रेम, आत्महत्या* जस्ता चार दर्जन नाटक लेखेको र जापनिज सेक्सपियरको पदवी पाएको इतिहास छ ।

जापानी नाट्य परम्पराका अर्का प्रमुख नाटककार ताकेदा इजुमा (१६८८-१७५६) मानिन्छन् । जापानी नाटकमा सामान्यतया बासुरी र ढोलको सङ्गीत हुन्थ्यो, नाटकमा रहेका अनेक अनुच्छेद र प्रकरणहरू नै गेय रूपमा प्रस्तुत गरिन्थे । युद्ध र विभिन्न कारणले सन् १८६८ देखि १८८५ सम्म जापानी साहित्यको प्रगति हुन सकेन । जापानीहरू त्यस बेला आफ्नो सम्पूर्ण समय प्रतिरक्षाका साथै आर्थिक र सामाजिक संरचनामा लागेका थिए । त्यसपछि उनीहरूले परम्परित साहित्यको अध्ययनसँगै विश्वसाहित्यको अध्ययन गर्न थाले । त्यसपछि लेखिएको साहित्यमा विश्वसाहित्यको प्रभाव देखिन थाल्यो । त्यसपछि देखिएका सोयो, कोयो र रोहान जस्ता साहित्यकार (कँडेल, २०५८, पृ. २२७) को योगदान उल्लेख्य छ । यसै चरणदेखि जापानी नाट्य परम्परा पनि समृद्ध बन्दै आएको पाइन्छ । जापानी साहित्यशास्त्रीय चिन्तन र अनुचिन्तन परम्पराबारे विश्वसाहित्य उति परिचित बन्न सकेको छैन ।

पूर्वीय नाट्य परम्परकाको एक हिस्सा संस्कृत, चाइनिज, जापानिज, बङ्गाली, हिन्दी, अवधी जस्तै नेपाली साहित्यमा पनि नाटकको शास्त्रीय विमर्श गर्ने परम्परा राम्रै गरी विकसित बनेको छ । माध्यमिक कालीन मोतीराम भट्ट र पहलमानसिंह स्वाँरका कलमबाट रूपान्तरित एवम् मौलिक नाट्य सिर्जनाको आरम्भ भएको नेपाली नाट्य सिर्जन परम्परामा नाट्य चिन्तन परम्पराको श्रीगणेश पूर्वीय नाट्य मान्यताका आधारमा सोमनाथ सिग्द्यालले ***साहित्यप्रदीप*** (२०१५) कृतिबाट गरे । उनले सैद्धान्तिक विषयलाई सरल भाषामा प्रस्तुत गर्दै नाटकको चिन्न र अनुचिन्तन गरेका छन् । उनका विचारमा पूर्वीय अग्रज आचार्य भरत, आचार्य धनञ्जय, आचार्य विश्वनाथ आदिका विचारको नेपालीमा रूपान्तरित रूपमा प्रकट गरेका छन् । सिग्द्यालले पूर्वाचार्यहरूभन्दा पृथक् भएर पनि नाटकका सम्बन्धमा वस्तुगत चिन्तन गरेका छन् । उनका विचारअनुसार दृश्य काव्यको विषय रङ्गमञ्चमा कल्पना गरिएका देशकाल पात्रका अन्वितिगत अवस्थाहरूको अनुकरण अभिनयबाट प्रतिच्छायाका रूपमा प्रत्यक्ष हिसाबले आँखाद्वारा अन्तःकरणका वासनायुक्त चेतना तन्तुलाई उद्बोधन झङ्कृत गराई वर्तमान साक्षात्कर्मको भावनाको माध्यमबाट भावुक दर्शकलाई आत्मविस्मृत हुने ससम्मको स्थितिमा र हुने गरी रसमय आनन्दमा मग्न गराउने हुन्छ (पृ. १२६) ।

बालकृष्ण सम, गोपालप्रसाद रिमाल, विजय मल्ल जस्ता नाटककारको उपस्थितिसँगै सिर्जनात्मक समृद्धि प्राप्त गरेको नेपाली नाट्य परम्परामा बालचन्द्र शर्माले ***नेपाली शब्दकोश*** ( २०१९, पृ. ५६०) मा पश्चिमेली प्रभावमा नाटकको परिचय दिएको देखिन्छ । उनका कथनअनुसार नाटक पात्रहरुले उपयुक्त वेशभूषामा सज्जित भई भाव, हाव र कथोपकथनद्वारा नाट्यमञ्चमा प्रकट गर्ने चरित्र, घटना आदिको प्रदर्शन गर्ने विषय हो । वासुदेव त्रिपाठीको *विचरण* (२०२८), तानासर्माको *सम र समका कृति* (२०२९) रामलाल अधिकारीको *नेपाली एकाङ्की यात्रा,* विजयबहादुर मल्लको *नाटक एक चर्चा* (२०३६) केशवप्रसाद उपाध्यायका *नेपाली नाटक र रङ्गमञ्च उद्‌भव र विकास (२०५९), समको दुखान्ट नाट्य चेतना* (२०५२), *दुःखान्त नाटकको सृजन परम्परा* (२०५५) र *नेपाली नाटकको अध्ययन* (२०५६), *नेपाली नाटक र नाटककार* (२०६१), *नेपाली नाटक तथा रङ्गमञ्च* (२०६१), रामचन्द्र पोखरेलको *नेपाली नाटक सिद्धान्त र समीक्षा* (२०६२), शिव रिजालको *नेपालमा रङ्गमञ्च : स्रोत, साधन र सिर्जना,* प्रचण्ड मल्लाको *नेपाली रङ्गमञ्च* (२०३७), अशेष मल्लको *सडक नाटक : सिर्जना सिद्धान्त र प्रस्तुति* (२०६६), कुमार कोइरालाको *केही आधुनिक नाटक र नाटककार* (२०६६), इन्द्रबहादुर राईको *दार्जिलिङमा नेपाली नाटकको अर्द्ध शताब्दी* (सन् २००४), जस्ता कृतिले नेपालीमा पनि नाटकको सैद्धान्तिक अध्ययनको परम्परा बसेको पाइन्छ । त्यस्तै देवी सुवेदीको *समको सुखान्त नाट्य चेतना* , लक्ष्मी लोचना बैद्यको *नेपाली नाटकको रूपरेखा* जस्ता कृतिहरूले नाटकको शास्त्रीय विवेचना गरेको पाइन्छ । *वैजयन्ती* विधाप्रधान पत्रिकाले आफ्ना तीनओटा अङ्क नाट्य अङ्कका रूपमा प्रकाशन गरिसकेको छ । त्यसरी नै मिर्मिरे, गरिमा, मधुपर्क आदि पत्रपत्रिकाले पनि नाट्क विशेषाङ्क प्रकाशन गरी यस विधाको सिर्जनात्मक विकास र सैद्धान्तिक विमर्शमा टेवा पुऱ्याएका छन् । यसरी हेर्दा नाटकको सिर्जन परम्परासँगै शास्त्रीय विवेचनाको स्थिति नेपालीमा पनि निकै विकसित बन्दै गएको अवस्था देखिन्छ । नेपाली साहित्यमा पनि नाटक विषयका दुःखान्त, सुखान्त, सडक नाटक, ध्वनि नाटक, टेली नाटक, कचहरी नाटक, एकाङ्की, लघुनाटकलगायतका नाट्य विधाउपविधागत सिर्जना चिन्तन र अनुचिन्तनहरू विकसित बन्दै गएको पाइन्छ ।

विशिष्ट नाटककार बालकृष्ण समले पूर्वी र पश्चिमी दुवै चिन्तन र अभ्यास अनुरूपका नाट्यशिल्पको समन्वय गरी आफ्नो किसिमको मौलिक प्रयोग गरेर नेपाली नाटकको विधागत शिर उचो बनाए । मोतीराम भट्ट, पहलमानसिंह स्वाँर र बालकृष्ण समपछिको नेपाली नाट्य मान्यता पनि पूर्वीय र पाश्चात्य दुवै प्रकारका चिन्तनहरूको संयोजन छ । यस लहरमा गोपालप्रसाद रिमाल, विजयमल्ल, वसन्तकुमार शर्म्मा नेपाल, ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा, अशेष मल्ल, सरूभक्त हुँदै नेपाली नाटकले गति लिएको देखिन्छ । कृष्ण शाह यात्री, पुरू लम्सालगायतका नाटककारहरू पछिल्लो समय सक्रिय बनेर लागिरहेका छन् ।

विशेषतः पूर्वीय नाटक परम्परामा नाटकको रचनात्मक उद्देश्य पुरुषार्थ चतुष्टय अर्थात् धर्म, अर्थ, काम, मोक्षको प्राप्ति हो । दुर्जनलाई दण्ड र सज्जनलाई पुरस्कार र

असत्य तथा अधर्मको पराजय एवं सत्य र धर्मको विजय प्रायः संस्कृत नाटक परम्पराको विशेषता नै हो । पूर्वीय नाटकमा रसको अभिव्यक्तिमाथि नै विशेष जोड दिइने हुँदा यसमा आनन्द पक्षलाई उच्च स्थान दिइएको र नैतिक उपदेशिक शिक्षाको प्रशारतर्फ पनि ध्यान पुर्‍याइएको पाइन्छ । पाश्चात्य धारणामा पनि नाटक जीवनको व्याख्या अर्थात् विवेचना हुने, उद्देश्य, मनोरञ्जन र नैतिक सन्देश हुने पक्ष यसको शास्त्रीय मान्यतामा निहित छ । पश्चिमका तुलनामा पूर्वीय नाटकले बढी नै आदर्शलाई अँगालो हालेको देखिन्छ । पाश्चात्य नाट्य सन्दर्भमा पनि नवपरिष्कारवादी परम्पराका नाटकमा पनि काव्यात्मक न्यायका साथ दोषीलाई दण्ड र निर्दोषीलाई पुरष्कार दिने विधान स्थापना भयो तर पूर्वले सधैं यसै पक्षलाई महत्त्व दिइरह्यो । सरसरती हेर्दा आचार्य भरतका कथनमा त्यस्तो ज्ञान, शिल्प, योग, कला र कर्म अन्त छँदै छैन जुन नाट्य विषयमा हुँदैन । पाश्चात्य चिन्तनमा पनि नाटक मानवीय महत्ता र मूल्यको अभिव्यक्तिका निम्ति सर्वश्रेष्ठ माध्यम हो र यो सार्वजनीन सुख, कल्याण, उपकारको भावनाबाट नै सिर्जना भएको हुन्छ भन्ने मानिन्छ ।

नाटकमा जे प्रदर्शित हुन्छ त्यो प्रकृति र जीवनकै तहबाट लिइएको हुन्छ । नाटकका स्रष्टाले प्रकृति र जनजीवनको सूक्ष्म अध्ययन र मनन गर्दै प्रभावकारी घटना र त्यससँग सम्बन्धित कार्यव्यापारलाई भाषिक माध्यमबाट नाट्यरूप प्रदान गर्दछ । नाटकको पात्रले अभिनयका माध्यमबाट त्यस विषयलाई रङ्गमञ्चबाट दर्शकसमक्ष प्रस्तुत गर्दछन् । यसप्रकार नाटकमा नाटक स्रष्टा र अभिनयकर्ताको मात्र होइन, प्रेक्षागृह र प्रेक्ष्यकको पनि उत्तिकै सक्रिय सहभागिता रहन्छ, यसो हुँदा नाटकको सफलतामा सबैको उचित र सकारात्मक योगदान पुगोस् भन्ने अपेक्षा रहन्छ । यो शास्त्रीय मान्यताभन्दा आधुनिक एवम् अत्याधुनिक नाटकहरू धेरै फराकिला बनिसकेका छन् । ती फराकिला पक्षलाई पनि सङ्केत गर्ने गरी यस सन्दर्भमा नेपाली नाट्य चिन्तन परम्परामा देखा परेका केही चिन्तनलाई अगाडि सारेर यस विषयलाई बिट मार्नु सान्दर्भिक होला ।

**क) नेपाली साहित्यशास्त्री एवम् समीक्षक तारानथ शर्माका अनुसार :** नाटकले जीवनको असाध्यै कलात्मकताका साथ चित्रण गर्छ । यसले वैचारिक प्रवाहहरूको दिग्दर्शन गरेर मानव मनलाई हुँडल्न सक्छ । यसले इतिहासप्रति रुचि उब्जाउँछ, सामाजिकताप्रति चाख उमार्छ र सिद्धान्तप्रति हुरूक्क बनाउँछ । अत्याधुनिक नाटकहरू अभिनयद्वारा प्रदर्शित गर्न वा ध्वनिद्वारा प्रसारित गर्न मात्र नलेखिएर सोझै पढ्न पनि लेखिन्छन् । त्यसो भए तापनि नाटक मूल रूपले नाट्यशालाको मञ्चमा अभिनित गरिन नै लेखिन्छ । (२०२९, पृ. ८८-८९)

**ख) नेपाली नाट्यशास्त्री केशवप्रसाद उपाध्यायका अनुसार :** साहित्यका अन्य विधाहरू श्रव्य वा पाठ्य मात्र रहने तर नाटक अभिनयका लागि लेखिने र मञ्चमा दृश्य रूपमा प्रस्तुत गरिने हुनाले यसको सर्वोपरी महत्त्व रहेको हो । नाटक वस्तुपरक हुन्छ र यसमा लोकजीवनको अनुकरण प्रस्तुत गरिन्छ । यसमा ज्ञान, विज्ञान, कला र संस्कृति सबै पक्ष प्रतिविम्बित हुन्छन् । नाटक सामूहिक कला हो र यसको प्रस्तुति लेखक, अभिनेता, निर्देशक, रङ्गशिल्पी र सङ्गीतकार सबैको सहयोगबाट हुन्छ भने

यसको प्रेक्षण पनि सामूहिक रूपमा हुने गर्दछ । (२०५५, पृ. १)

**ग) नेपाली साहित्यशास्त्री वासुदेव त्रिपाठीका अनुसार :** लेख्य संस्कृतिअन्तर्गत नाटक पाठ्य श्रव्य विधाकै रूपमा पनि प्रयाप्त अस्तित्वशाली छ र र ङ्गमञ्चका दृश्य सज्जा र पात्रका प्रत्यक्ष उपस्थिति एवम् सम्भाषण (संवदक्रम) र त्रियाचेष्टा तथा भङ्गिमा (आलङ्कारिक, वाचिक तथा सात्विक अभिनय) ले पाठ्य-श्रव्य नाटकलाई निरूपणीय, रूपक वा अभिनेयार्थका रूपमा दृश्यात्मक अतिरिक्त आयाम प्रदान गर्ने मात्रै हो । (२०६६, पृ. १७२)

माथिका तीन जना नेपाली नाट्यचिन्तनले नाटकलाई विशुद्ध साहित्यिक विधाको सिर्जना मात्र भन्दैनन् । उनीहरूले यस विधालाई साहित्यिक उपविधासँगै कला र समाजसँग पनि जोडेर हेरेका छन् । त्रिपाठीले नाटकलाई अन्य विधासँग तुल्यरूपमा चिनाएका छन् भने शर्मा र उपाध्यायले यसका तत्त्वपरक शास्त्रीय मूल्यलाई पनि आफ्ना नाट्य चिन्तनमा समेटेका छन् । सरसरती हेर्दा नाट्य लेखन र प्रदर्शनका माध्यमबाट यस कार्यका पछाडि मानवमा अन्तर्निर्हित अनुकरणात्मक प्रवृत्ति मूल कारक हुने पक्ष बुझिन आउँछ । नाटक एकातर्फ  भाषिक प्रकार्य र अर्कातर्फ अनुकरणात्मक प्रकार्य हो र समग्रमा दुवै हो भन्ने कुरा बुझिन आउँछ । माथिका जस्ता केही चिन्तन अनुचिन्तनको सरसरती अन्वेषण गर्ने हो भने पूर्वीय नाट्य परम्परामा नेपाली नाट्य चिन्तन परम्परा पनि सम्पन्न छ । नेपाली नाट्य सिर्जन परम्परा पनि त्यति कमजोर छैन ।

### ३.२ पाश्चात्य चिन्तन एवम् सिर्जन परम्परा

पाश्चात्य नाट्य सिर्जन एवम् चिन्तन परम्परा ग्रिसबाट शुभारम्भ भएको पाइन्छ । आजसम्म सयौं इतिहासकारहरूले पश्चिमी नाटकको जन्मभूमि ग्रिसलाई नै मानेका छन् । पछिल्लो अन्वेषणबाट त्यस परम्पराको केही खण्डन गर्दै नाट्यकला अन्य विधा र कला जस्तै इजिप्टबाट ग्रिस पुगेको ठहर गरिएको छ । इजिप्टका प्राचीनतम नाटक धर्ममा आधारित कथामा तयार भएका हुन्थे भनिन्छ र यस्ता नाटकमध्येको पहिलो नाटक *अविदाँस* वा *ओसिरिस* मानिन्छ ।

पाश्चात्य साहित्यका ग्रिसेली विद्वान् एरिस्टोटलका प्रयासबाट नाट्य चिन्तनको आरम्भ भएका विषयमा प्रायः नाट्य समीक्षकहरू सहमत छन् । एरिस्टोटलले दुःखान्तको परिचय दिने सन्दर्भमा नाटक वर्णनात्मक नभएर अभिनयात्मक हुनुपर्छ भन्ने विचार प्रकट गरेका छन् । उनलाई पश्चिमाहरू आदर्श नाट्यचिन्तक मान्दछन् । ग्रिसेली नाटकको जन्म दिओन्युसस देवताको मन्दिरमा गाइने समूह गान वा कोरसबाटै भएको पाइन्छ । यस्तो समूहगानमा आदर्श एवम् प्रबुद्ध दर्शकको व्यक्तित्व र समीक्षातत्त्व पनि रहेको मानिएको छ (त्रिपाठी, २०६५, पृ. ५४) । एरिस्टोटलले यस्ता समूहगानलाई पूर्व र उत्तर गरी विभाजन गरेका थिए । एरिस्टोतलले ती नाटकको अनुगमनबाट छवटा चारित्रिक तत्त्व अगाडि सारेका थिए । ती तत्त्वहरू भद्रता, औचित्य, जीवनअनुरूपता, एकरूपता, सम्भाव्यता र अनुकृतिमूलक हुन् (त्रिपाठी, २०६५, पृ ५४ मा उद्धृत्) । यस आधारमा एरिस्टोटलीय चिन्तनलाई पश्चिमी जगत्मा विशेष मानिन्छ ।

पश्चिमी नाट्यसमीक्षक निकोलका अनुसार नाटकले अभिनयकर्ताका माध्यमबाट जीवनसम्बन्धी चिन्तन प्रस्तुत गर्न समर्थ अभिव्यक्तिका रूपमा सुन्न, कार्यव्यापार हेर्न एकत्रित भएका प्रेक्षकहरूका निम्ति चाख लाग्दो ढङ्गले प्रस्तुत गर्ने माध्यम बनेर प्रकट हुन्छ (सन् १९३१, पृ. ३५)। त्यसरी नै नाटक रङ्गमञ्चमा अभिनयका निम्ति तयार पारिएको त्यस्तो गद्यात्मक वा पद्यात्मक रचना हो जसमा संवाद तथा कार्यव्यापारका माध्यमबाट एउटा कथा प्रस्तुत गरिन्छ जुन वास्तविक पनि हुन्छ र यथार्थ जीवनमा जस्तै हाव, भाव, वेश, भूषा र दृश्यले भरिएको सचना विशेष हो भनेर *अक्सफोर्ड डिक्सनरी अफ इङ्ग्लिस* (सन् २०१०, पृ. ६४०) मा चिनाइएको छ। त्यसै गरी द *न्यू इन्साइक्लोपिडिया अफ ब्रिटानिका*मा संस्कृत मूलका नाटक वा नाट्य शब्दले नट कर्मको अर्थ सम्प्रेषण गरेझैं ग्रिसेली मूलका 'ड्रामा' शब्दले गरिएको कर्म वा सम्पन्न कार्य भन्ने अर्थ प्रकट गर्ने कुरा (सन् १९९९, पृ. ९९०) उल्लेख गरिएको छ। कोशीय दृष्टिले यी दुवै कथनमा शब्दान्तर रहेर पनि भाव साम्य देखिन्छ। वास्तवमा नाटक वा ड्रामा शब्दले लोकजीवनमा सम्पादित यथार्थपरक कर्म अथवा कार्यलाई रङ्गमञ्चमार्फत् दर्शकसमक्ष प्रस्तुत गरिने क्रियाकलापलाई प्रस्तुत गर्ने नै हो।

जर्ज फ्रिडले र जोन ए. रिब्सले *हिस्ट्री अफ द थिएटर* कृतिमा दिएको सूचनाअनुसार इजिप्टमा परापूर्व कालमा अनेक प्रकारका नाट्यचक्र विकसित थिए। त्यस्ता चक्रहरू पिरामिड टेक्सस, कोरोनेसन फेस्टिबल, प्लेज, पैसन प्लेज, मेडिसनल प्लेज आदि थिए। यस्ता नाटकका कथावस्तुहरू ३२०० इसापूर्वका मानिएका छन् तर पिरामिड टेक्ससका कथा चाहिँ ४००० इसापूर्वसम्मका हुन् भन्ने पुरातात्विक प्रमाण जुटेका छन्। यी केही पुष्ट एवम् अपुष्ट इतिहासका आधारबाट नाटकको प्राचीनताको अनुमान गर्न सकिन्छ तर यस पक्षको यहाँ सङ्केत मात्र गर्न सकिएको छ।

पाश्चात्य साहित्यमा अरस्तुको दुःखान्तको चेतनाको विवेचना गरिएको *अरस्तुको काव्यशास्त्र* र ए निकोलको *इन्ट्रोडक्सन टु ड्रामेटिक थियोरी* जस्ता कृतिमा नाट्यशास्त्रको परम्परा स्थापित र विकसित बन्दै आएको पाइन्छ। ग्रिसेली नाट्याचार्य एरिस्टोटलका अनुसार आरम्भमा मानिसले सम्पूण कुरा अनुकरणबाट नै सिक्छ र यसै अनुकरणबाट प्राप्त आनन्द विशिष्ट सार्वभौमिक हुन्छ। उनले यो कुरा *एरिस्टोटल्स थिओरी अफ पोइट्री अफ फाइन आर्ट* (अ.४. पृ.१५) ग्रन्थमा अनुकरणको महत्त्व दर्शाएका छन्। एरिस्टोटलले समग्र काव्य र कलाका प्रकारहरूलाई प्रकृतिकै अनुकरण मानेका छन्।

तुलनात्मक दृष्टिले हेर्दा पूर्वीय आचार्यहरुले पनि नाटकलाई जीवनको अनुकरण नै मानेका छन्। प्राचीन आचार्य भरतले नाट्य लोकवृत्तको अनुकरण हो भनेर *नाट्यशास्त्र* मा उल्लेख गरेका छन् (१ : ११३)। त्यस्तै अर्का आचार्य धननञ्जयले पनि नाटकलाई अवस्थाकै अनुकृति हो भनेका छन्। मूलत नाटक लोकव्यवहारको अनुक्रिया हो र यो रङ्मञ्चमा प्रस्तुत गरिन्छ। त्यस्तो प्रस्तुतिलाई नै अनुकरण भनेर चिनाउन सकिन्छ।

पूर्वीय आचार्य विश्वनाथले अवस्थाको अनुकरण र अभिनयलाई *साहित्य दर्पण* कृतिमा नाटक भनेका छन् (७ : २)। यति भएर पनि अनुकरण र अभिनय उस्तै हुँदा

पनि दुवैमा सूक्ष्म भेद रहेको हुन्छ । अनुकरण कोरा नक्कल मात्र हो भने अभिनय अभिनेताको प्रतिभाको भूमिकासहितको प्रस्तुति हो । नाटकका अनुकर्ताले अनुकरण मात्र गरिहँदा प्रेक्षकको उपस्थिति आवश्यक पर्दैन तर अभिनयका सन्दर्भमा भने प्रेक्षकको समेत आवश्यकता रहन्छ । त्यसैले नाटकको उत्पत्तिका सम्बन्धमा निरुपण गरिहँदा अनुकरणबाट अभिनयको र अभिनयबाट नाटकको उत्पत्ति भएको हो भन्ने कुरा पूर्व र पश्चिम दुवैतिरका नाट्य चिन्तनबाट स्पष्ट हुन्छ । यसबाट नाटकको मूल स्रोत अनुकरण हो भन्ने कुरा स्पष्ट हुन्छ । पाश्चात्य नाट्याचार्यहरुका विचारमा संस्कृत भाषाका नाटक नृत्यबाट र पश्चिमी नाटक समूह गीतबाट आविर्भाव भएको कुरा प्रकटमा आएको छ तर नाटक नृत्य मात्र अथवा गीतबाट मात्रै नभएर अभिनयका क्रममा दुवैको सहकार्यबाट आविर्भाव भएको हो भन्ने बुझिन्छ ।

पाश्चात्य आधुनिक नाट्य चिन्तक रिन्वे वीरपूजक र पिसेल पुतली नृत्य एवं छाया नाटकबाट भएको मान्दछन् । केही पाश्चात्य विद्वान्हरू पश्चिमी नाटक मई महिनामा आयोजना गरिने मेपोल नृत्यबाट र भारतीय नाटक इन्द्रध्वजोत्सवबाट आविर्भाव भएको ठान्दछन् । यसका विपरीत भारतीय विद्वान् बलदेव उपाध्याय उपर्युक्त अभिमतप्रति असहमत रहँदै भरतमुनिलले भनेअनुसार नाटकको उत्पत्ति वेदबाटै भएको हो भन्ने कुरा *संस्कृत साहित्यको इतिहास* (सन् १९५८, पृ. ४०९-४१५) अगाडि सार्छन् । पाश्चात्य क्षितिजमा झैं इतिहास चेत र व्यक्तिचेतको अभाव भएका कारण पूर्वीय नाटक र नाटककारको प्राचीन इतिहास प्रकटमा आउन सकेकै छैन ।

ग्रिसमा इसापूर्व छैटौं शताब्दीमा नाटकको जन्म भइसकेको, इजिप्टमा ओरिसिसका सम्मानमा गरिने उत्सवका आधारमा ग्रिसेलीहरूले एटिकामा वसन्त ऋतुको आगमनको अवसरमा आफ्ना स्थानीय देवता डायोनिससको सम्मानका धार्मिक उत्सवको आयोजना गर्ने परम्परादेखि नाटकको आरम्भ भयो । त्यस उत्सवमा प्रस्तुत गरिने पुरोहितका सामूहिक नृत्य र गायनको आयोजना प्रारम्भिक नाटक मानिन्छन् । डायोनिसस देवराज दियोनिससका पुत्र मानिन्थे र उनी वनस्पति, अन्न र मदिराका देवताका रूपमा पुजिन्थे । उनका सम्मानमा गाइने गीतलाई ग्रिसेलीहरू 'डिथिऱ्याम्ब' भन्ने गर्थे । यसै *ग्रिक ट्र्याजडी* (पृ. १) अनुसार डिथिऱ्याम्बबाट ग्रिसमा दुःखान्त र सुखान्त तथा प्रहसनको पनि जन्म भएको हो भन्ने मानिन्छ । यस डिथिऱ्याम्बलाई स्तुतिका रुपमा लिने गरिन्थ्यो । इसापूर्व सातौं शताब्दीतिर एरियन नामक व्यक्तिले यस स्तुतिलाई कलात्मक रूप दिनाले यसमा संवादात्मकता र अभिनयात्मकताको समेत प्रवेश गराएका कारण नाटकले समेत पृष्ठभूमि प्राप्त गरेको मानिन्छ । यसैलाई नाटकको पृष्ठभूमि मान्दा इसापूर्व ५३० मा स्थेसपिसले समूह गान गाउने गायकमण्डलीका समानान्तर एक पात्रको समेत सृजना गरेर प्लेरिट शीर्षकमा नाटक सृजना गरेको र त्यस नाटकको प्रस्तुति गरेको तथ्य फेला पर्दछ । समय क्रममा एथेन्समा नाट्यप्रतियोगिता भएको र थेस्पिसपछि प्राटिनसले व्यङ्ग्य नाट्य सृजनाको परम्परा आरम्भ गरेपछि नाटक प्रतियोगिताको आयोजना हुने, सहभागी बन्ने र नाटककारहरूले दुःखान्तपूर्णताका साथै एक व्यङ्ग्य नाटक पनि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्ने परम्पराको आरम्भ भएको पाइन्छ ।

प्रोटिनसपछिको समयमा नाटककार एस्किलसको उपस्थिति देखिएको छ । एस्किलसले दुःखान्त (त्राइगोइया) मा दोस्रो प्रकारको पात्र पनि समावेश गरे । उनीपछि सोफोक्लिजले तेस्रो पात्रसमेत थपेर दुःखान्त नाटकलाई पूर्णता प्रदान गरे । एस्किलस र सोफोक्लिजका साथै युरिपाइडिजले दुःखान्त नाट्य सृजनालाई उच्च गरिमा प्रदान गरेको इतिहास छ (उपाध्याय, २०५५, पृ.३५६) । यी तीन जना नाटककारहरू ग्रिसका उच्च दुःखान्तकारका रूपमा चिनिन्छन् ।

पश्चिममा सुखान्त नाटककार र हास्यव्यङ्ग्यात्मक नाटक (प्रहसन) का सर्जकका रूपमा एरिस्टोफेन चिनिन्छन् । एरिस्टोफेनपछि मेनेन्दारले पनि नयाँ सुखान्त वा हास्यव्यङ्ग्यात्मक नाटकको सृजना गरेको इतिहास छ । पश्चिममा रोमनहरूको उदयपछि पाश्चात्य नाट्यकलाले रोममा विकासको आधार पायो । रोममा सुखान्त नाट्य सृजनाको परम्परा कायम थियो र दुःखान्त लेखन चाहिँ ग्रिसेली दुःखान्तको प्रेरणाबाट विकास भयो । ग्रिसेलीहरुले रङ्गमञ्च खुला थियो तर रोमवासीहरूले ईसाको पहिलो शताब्दीमा बन्द रङ्गमञ्चको परम्परा आरम्भ गरे । रोमको प्राचीन परिष्कारवादी सुखान्तकारमा टेन्स र प्लाटस मुख्य स्रष्टा थिए भने दुःखान्तका सन्दर्भमा भने सेनेका प्रमुख स्रष्टा थिए ।

ग्रिस र रोममा नाटक प्रचलित रहेको यो युग परिष्कारवादी युग थियो । यस युगको समाप्तिपछि युरोपमा मध्य युगको आरम्भ भएपछि भने इसाइ पादरीहरूको विरोधबाट नाट्य कलाका विकासमा व्यवधान आयो । यसलाई अन्धकारकै युग मानियो तर मध्ययुगकै उत्तरार्धमा अर्थात् इसाको दशौं शताब्दीको उत्तरार्धपछि नाट्यकलाको उत्थानमा पादरीहरू नै सक्रिय बने पश्चिमी जगत्मा इसाको तेह्रौं शताब्दीमा फिस्ट अफ कोरप्स क्रिसटको स्थापना भयो र बाइबललाई आधार स्रोत बनाएर धार्मिक नाटक लेखिने र खेलिने परम्परा आरम्भ भयो । यस क्रममा प्यासन प्ले, मिस्ट्री प्ले, मिराकल प्ले र मोरालिटी प्लेजस्ता नाटकहरूपनि प्रचलनमा आए । त्यस्तै युरोपीय पुनर्जागरण काल युरोपेली नाट्य कलाका निम्ति स्वर्ण युगका रूपमा लिइन्छ । यस कालखण्डका इडल्यान्ड र स्पेनका नाटकका क्षेत्रमा निकै राम्ररी उन्नति भयो । इङ्ल्याण्डमा क्रिस्टोफर मार्लो, बेनजोनसन र सेक्सपियर सर्वप्रमुख स्रष्टा थिए । उनीहरू विश्वनाट्य साहित्यकै महत्तम प्रतिभाहरूमध्ये गनिन्थे । यीमध्ये सेक्सपियरले दुःखान्तका साथै सुखान्तको पनि सृजना गरेका छन् । उनका दुःखान्तहरूमा *ह्यामलेट, ओथेलो, किङ्लियर, म्याक्वेथ* पहिलो व्यक्तित्व मानिन्छन् र सुखान्तहरूमा द *कमेडी अफ एरर्स,* द *मर्चेन्ट अफ भेनिस,* द *टेम्पेस्ट* आदि प्रमुख कृति हुन् ।

महान् नाट्यशिल्पी सेक्पपियरले विभिन्न ३७ ओटा नाटक सिर्जना गरेको पाइन्छ । स्पेनमा जुवान वेल एन सिनाको एङ्लोग्लासको नाट्य लेखन लेखन पुनर्जागरण कालमा निकै विकसित भयो । वार्तो लामे दे तोरेस नाहोरो गिल दित्सेन्ते, लोप दे रूएदा, लोप फेलिक्स दे वेगा, पेट्रो काल्डेरान देदेला वार्का आदि अनेकौं नाटककारहरूले नाटक सृजना गरे । तिनमा २२०० जति नाटक नाटक लेख्ने लोप दे वेगा अद्वितीय प्रतिभा भएको बुझिन्छ । उनको योगदान सुखान्त नाट्य सृजनाका क्षेत्रमा व्यापक

रहेको छ । उल पेरो डेल होर्टेलोना, म्यड्रिड स्टिल आदि, उनका चर्चित नाटक हुन् । उनीपछि काल्डेरान विशिष्ट नाटककारका रूपमा देखिन्छन् । कालडा विशिष्ट देखिन्छन् । काल्डेरान सुखान्त र दुःखान्त दुवै किसिमका नाट्य सष्टा थिए । *इल मेयर, मोन्स्ट्रो डेल मुन्डो लस सेलेस, ए सेक्रेटो ए ग्राविियो सेक्रेटो बेगान्जा* उनका उल्लेख्य नाट्यकृति हुन् ।

ईसाको सत्रौं शताब्दी नवशास्त्रीयतावादी युग थियो । यस नवशास्त्रीयतावादी नाट्यधाराका प्रवर्तन र विकासका क्रममा फ्रान्सको भूमिका अग्रणी रहेको पाइन्छ । यस युगमा फ्रान्समा *कोर्नियल, मोलिए* द *टेसिन*जस्ता विश्वमा ख्याति कमाउने नाटकहरू जन्मायो । कोर्नियल दुःखान्तपूर्ण सुखान्तका सर्जकका रूपमा चर्चित बने । मोलिए विशिष्ट सुखान्तकारका रूपमा ख्यातिप्राप्त स्रष्टा बनेका छन् । *डन जुआँ, केजुअस* र *बुर्जुआ रइस* उनका मुख्य नाटक हुन् । ज्या रेसिन नवपरिष्कारवादी धाराका सर्वोच्च दुःखान्तकार हुन् । उनका मुख्य दुःखान्त *एन्ड्रोमाकी, ब्रितान्निकस, फेद्रे* आदि कृतिहरू चर्चित रहेका छन् (उपाध्याय, २०५५, पृ.३५७-३५८) ।

ईसाको सोह्रौं शताब्दीतिर जर्मनीमा अनेको सुखान्त नाटक सृजना भए । यिनमा प्रमुख सुखान्त नाटक सर्जकमा ह्यान्स रोजेन्लुट र हेन्स फोल्ज बढी चर्चित थिए । अठारौं शताब्दीमा जर्मनीमा स्वच्छन्दतावादी नाट्य प्रवृत्तिको आरम्भ भयो । यसको प्रभाव संसारका अरू क्षेत्रमा पनि विस्तारित बन्यो । यस परम्पराका प्रमुख नाटककार लेसिङ्ग (गोट होल्ड ए फ्रम लेसिङ्ग), सिलर (जोहान क्रिस्टोफर फ्रेडरिक भोन सिलर) र गेटे (जोहान उल्फ ग्याङ्ग भान गेटे) थिए । यथार्थवादी चिन्तनले प्रभाव पार्ने नाटकका क्षेत्रमा क्रमशः यथार्थवादी रङ्गमञ्चको स्थापना हुन थाल्दछ । यस कार्यमा नर्वेका नाटककार हेनरिक इब्सनको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । बौद्धिक तथा नारीवादी किसिमका लेखक इब्सनले समस्यामूलक यथार्थवादी नाटकको आरम्भ गरेर युरोपेली नाटक परम्परामा महत्त्वपूर्ण मोड ल्याएका छन् । उनले सुखान्त तथा दुःखान्त दुवै किसिमका नाटक सृजना गरेका छन् । *पुतलीघर* (सन् १८७९) *भुतहरू* (सन् १८८२) इब्सनका प्रख्यात नाटकहरू हुन् । यिनका *हेड्डा गेब्लर, कुशल शिल्पी* आदि पनि निकै चर्चित नाटक हुन् । इब्सनका समकालीन नाटककारहरुमा स्विडेनका प्रयोगवादी अगस्ट स्ट्रिन्वर्ग पनि चर्चित थिए । यसै समयतिर रूसी नाट्यप्रतिभा चेखब, अस्ट्रोब्स्की, म्याक्सिम गोर्की, टल्स्टाय आदिको योगदान व्यापक रहेको छ । गोर्कीका *आरामप्रिय नागरिक* (सन् १९०२), *भूमिगत बूढो* (सन् १९०२), जस्ता नाटक ख्याति प्राप्त रहेका छन् ।

पश्चिमी जगत्मा यथार्थवादी नाटक सृजनाको समयमा यसकै एक उपधाराका रूपमा प्रकृतवादी नाटक परम्परा पनि देखा पऱ्यो । फ्रान्सेली आख्यानकार एमिल जोलाले प्रकतिवादी नाटक सृजनाको आन्दोलनको प्रवर्तन गरेका थिए । यस उपधाराका नाटक सृजनामा जर्मनीका होब्बेल, रुसका चेखब, गोर्की र टल्स्टाय नर्वेका इब्सन, स्विडेनका स्ट्रिन्डवर्ग, अमेरिकाका युजिन ओ निल आदि धेरै नाटककारले योगदान दिएका छन् । इब्सेनले स्थापना गरेको परम्पराको बौद्धिक यथार्थका विशिष्ट नाटककारका रूपमा अङ्ग्रेजी भाषाका नाट्य स्रष्टा जर्ज बनार्ड शा तथा जोन गाल्सवर्दीहरूको विशिष्ट योगदान रहेको छ । बनार्ड शाले बहुल चेतनाका साथ प्रशस्तै नाटक लेखेका छन् ।

उनका अतिप्रसिद्ध नाटक *आर्म्स एन्ड द म्यान* (सन् १८९४) र *म्यान एन्ड सुपर म्यान* ( सन् १९०३) हुन् । गाल्र्सवदीका मुख्य नाटकहरूमा *सिल्भर बक्स* (सन्१९०६), *स्ट्राइफ* (सन् १९०९) र *जस्टिस* (सन् १९१०) आदि प्रमुख नाटक हुन् । यथार्थवादी तथा प्रकृतवादी नाट्यधाराको प्रतिक्रियाका रूपमा प्रतीकवादी एवं अभिव्यञ्जनावादी आन्दोलन देखा पऱ्यो । प्रतीकवादी नाटककारका रूपमा बेलजियमका नाटककार मेटर लिङ्कको नाम पनि निकै चर्चामा आएको छ । उनका प्रमुख नाटकहरूमा *ला इनट्रुज* (सन् १८८०), *लेस एवेयुजिन्स* (सन् १८९०) ला इन्टेरियुर आदि विशिष्ट मानिन्छन् । मेटर लिङ्कले प्रतीकवादी शैलीमा गतिहीन तथा कार्यव्यापारहीन नाटकको प्रवर्तन गरेका थिए र यसको प्रभाव संसारका अरू देशका नाटककारमा पनि परेको थियो ।

रसियाली नाट्यप्रतिभा आन्द्रेभको नाम पनि प्रतीकवादी नाटककारहरूको प्रयोगसँग विशेष रूपमा गाँसिएको छ । *चेर्नियोभ्स्की* (सन् १९०८) *अन्फिसा* (सन् १९०९), *सोयाकी वाल्स* (सन् १९१४) आदि उनका विशिष्ट नाटक हुन् बिसौं शताब्दीको पहिलो चरणमा जर्मनीमा अभिव्यञ्जनावादी नाट्य सृजनाको आन्दोलन नै देखा परेको थियो । यसको प्रभाव विश्वस्तरमै विसतारित भयो । अभिव्यञ्जनावादी नाट्य चिन्तनको पहिलो पप्रयोग जर्मनेली नाटककार वेडेकान्ड र स्विडेनका चर्चित नाटककार स्ट्रिन्डवर्गले गरिसकेका थिए । स्ट्रिन्टवर्गको *एट ड्रोम स्पेल* (सन् १९०१) अभिव्यञ्जनावादी नाट्यचिन्तनको प्रथम प्रेरक हो भनिन्छ । यस किसिमको नाट्यधारा बर्लिनमा सन् १९११ मा आन्दोलनकै रूपमा देखा पऱ्यो । यसले सन् १०२४ सम्म आइपुग्दा निकै विकास र विस्तार पनि पायो ।

